# पहिलो-अध्याय

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक साहित्यकार अच्युतशरण अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको परिपूर्ति गर्नु रहेको छ ।

## १.३ विषय प्रवेश

साहित्यकार अच्युतशरण अर्यालको जन्म वि.सं २०१३ सालमा स्याङ्जा जिल्लाको वालिङ भीमटारी भन्ने गाउँमा भएको हो । अच्युतशरण अर्यालको प्रथम अनौपचारिक शिक्षा कखरा घरमै पिता स्व डिल्लीप्रसाद अर्यालबाट पिंढी शिक्षामा लिएका हुन् । उनको घरमा सधैं गाउँघरका पढ्ने विद्यार्थी जम्मा हुने गर्दथे । उनीहरूको शिक्षाको लागि आवसीय गुरुकुल सुविधा थियो । त्यतिवेला काठको पाटीमा धुलो हालेर बाँसको सिन्काले लेख्ने प्रचलन थियो । त्यसपछि अर्याल २०१७ मा श्री अमिलीथुम प्राथमिक विद्यालयमा प्रवेश गरी वि. सं. २०२४ मा प्राथमिक शिक्षा उत्तीर्ण गरी पूर्णामृत भवानी मा. वि. मा प्रवेश गरे । उनले माध्यमिक शिक्षा आर्जन गरेको पाइन्छ । उच्च शिक्षाका लागि अर्यालले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा अध्ययन गरी स्नातक तह उत्तीर्ण गरेका हुन् । उनले त्रि.वि बाट २०३९ मा स्नातकोत्तर गरे र वि. सं. २०६० मा त्रि. वि. बाट नै नेपाली बालसाहित्यमा पहिलो विद्यावारिधिको उपाधि लिएको पाइन्छ ।

वि. सं. २०४१ मा प्राध्यापन पेसा अङ्गालेर सुर्खेत जिल्ला प्रवेश गरेका अर्यालको स्थान विशेषको स्थायित्व भने भएको देखिदैन । नदीले बगाएको वस्तु जस्तै कहिले वल्लो धार त कहिले पल्लो धार हुँदै देशका विभिन्न ठाउँमा पुगेका छन् । नेपाली समाजका पीडा र यथार्थलाई कलमले उघार्दै र आफू भित्रका प्रध्यापकीय गुणबाट विद्यार्थीहरूलाई सिञ्चित गर्ने क्रममा वीरेन्द्रनगर बहुमुखी क्याम्पस वीरेन्द्रनगर, शिक्षा क्याम्पस सुर्खेत, नेपाल आर्दश उच्च मा.वि. वालिङ् हुँदै जुम्ला बहुमुखी क्याम्पसको प्रमुख पद सम्हाल्न सफल भएका अर्याल हाल आएर पाटन संयुक्त क्याम्पसमा प्राध्यापनमा व्यस्त रहेका छन् ।

अच्युतशरण अर्याललाई नेपाली साहित्यमा रुचि भएका कारण सोही विषयमा त्रि.वि. बाट स्नातकोत्तर गरेर भाषा साहित्यका विभिन्न विधाहरूमा अविरल अविश्रान्त आफूलाई निर्लिप्त गराउन उद्यत रहे । यसरी अर्याल कवि, कथाकार, निबन्धकार, समीक्षक र सिद्धान्त प्रतिपादक, साहित्यिक आन्दोलन कर्ताका रूपमा देखिन्छन । उनका बारेमा हालसम्म कसैले पनि अध्ययन गरेको नदेखिएकाले प्रस्तुत विषय छनौट गरिएको हो ।

## १.४ शोध समस्या कथन

अच्युतशरण अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक प्रस्तुत शोधपत्रका समस्याहरू निम्न बमोजिम रहेका छन्

(क) अच्युतशरण अर्यालको जीवनी के-कस्तो रहेको छ ?

(ख) अच्युतशरण अर्यालको व्यक्तित्वका के-कस्ता पाटा रहेको छन् ?

(ग) अच्युतशरण अर्यालका विधागत कृतिहरू के-कस्ता रहेका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न बमोजिम रहने छन् :

(क) अच्युतशरण अर्यालको जीवनीको निरूपण गर्नु ,

(ख) अच्युतशरण अर्यालको  व्यक्तित्वको समीक्षा गर्नु,

(ग) अच्युतशरण अर्यालका कृतिहरूको वर्गीकरण गरी विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

अच्युतशरण अर्याल नेपाली भाषा साहित्यसेवी र प्रमाणवादी नेपाली समालोचना क्षेत्रका विशिष्ट प्रतिभा हुन् । कथा, कविता, निबन्ध, समालोचना लेखेका भएता पनि यिनका बारेमा सामान्य चर्चा परिचर्चा बाहेक जीवनी, व्यक्तित्व कृतित्वको समग्र रूपमा अध्ययन विश्लेषण र मूल्याङ्कन भएको पाइदैन । त्यसैले उनका बारेमा नेपाली प्राज्ञिक समाजले के कस्तो धारणा राखेको छ भनी पूर्वकार्य गर्दा निम्न स्थिति देखिन्छ ।

यहाँ अर्यालका बारेमा हालसम्म केही पुस्तक विभिन्न पत्रपत्रिका एवम् शोधार्थीले गरेको टिप्पणी परिचय एवम् समीक्षा कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

फणीन्द्रराज काफ्ले र अरु (२०५१)ले **स्याङ्जा साहित्य परिचय** स्याङ्जा साहित्य परिषद काठमाडौंको भूमिकामा अनुसन्धानकर्ताको रूपमा अच्युतशरण अर्याललाई उल्लेख गरेको पाइन्छ ।

प्रमोद प्रधान (२०५७) **नेपाली बालसाहित्यको इतिहास** को पृष्ठ ७ मा नेपाली बालसाहित्यको रूपरेखाबाट बालसाहित्यको परिभाषा प्रस्तुत गरिएको छ । त्यस्तै पृष्ठ ६१ मा बालोपयोगी जीवनी समीक्षकको रूपमा उल्लेख गरिएको छ । पृष्ठ १०२ र १०४ मा देवीप्रसाद छुनुमुनु कथा सङ्ग्रहको भूमिका लेखकको रूपमा  उल्लेख गरेको पाइन्छ ।

प्रमोद प्रधानकै **नेपाली वाङ्मयकोश मार्टिन चौतारी** काठमाडौं २०६४ मा बालसाहित्य इतिहासकारका  रूपमा अर्यालको उल्लेख पाइन्छ ।

घट्टराज भट्टराई (२०५८) **नेपाली लेखककोश** मा अर्यालका साहित्यिक कृतिहरूको लेखकको रूपमा उल्लेख गरेको पाइन्छ ।

विष्णु प्रभात (२०६०) **अर्याल वंशीय विद्वत परम्परा** पृष्ठ १५१ र १५२ मा अर्यालको जन्मस्थान, जन्म मिति र कृतिहरूको उल्लेख गरिएको छ । कृतिहरूमा **बालसाहित्यको रूपरेखा (२०४५), प्रमाणवाद सिद्धान्त र सिर्जना (२०४८), श्रवणकुमार बालखण्डकाव्य (२०५४), सुर्खेतको नेपाली**

**साहित्य एक सर्वेक्षण** (२०५०), **अभ्फेटाका बान्कीहरू निबन्ध सङ्ग्रह** (२०४१) को उल्लेख गरिएको छ । यसमा श्रवणकुमार बालकाव्यलाई लामो कविता जस्तो देखिन्छ भनिएको छ ।

जीवेन्द्रदेव गिरीले (२०६१), **नेपाली बालपत्रिकाको बालसाहित्यमा योगदान** पृष्ठ ६३ मा बालपत्रिकाको बालसाहित्यमा विधागत योगदानका सन्दर्भमा अर्यालको उल्लेख गर्नु भएको छ । बालसाहित्यको सैद्धान्तिक मान्यता र चिन्तनका विषयमा कलम चलाउने साहित्यकारहरूमा श्यामप्रसाद, चुणामणि बन्धु, भिक्टर प्रधान आदिको उल्लेख गर्दै अच्युतशरण अर्याललाई पनि बालसाहित्यको समीक्षकको सूचीमा आबद्ध गरिएको छ ।

राजेन्द्र सुवेदी (२०६१), **नेपाली समालोचना परम्परा र प्रवृत्ति** पृष्ठ २१८ मा अर्यालको परिचय, सम्लग्नता तथा उनका कृतिहरूको विवरण प्रस्तुत गर्नुका साथै **नेपाली बालसाहित्यको रूपरेखा** (२०४५), कृतिका बारेमा विश्लेषण गरेका छन् । उनले अर्याललाई बालसाहित्य समीक्षकको रूपमा उल्लेख गरेका छन् ।

घनश्याम ढकाल (२०६२), **यथार्थवादी नेपाली समालोचना** को भूमिकाको आमुख ५ पृष्ठ संख्या ६ मा समानान्तर समालोचकमा अच्युतशरण अर्यालको नाम पनि उल्लेख गरेका छन् ।

गोविन्दराज भट्टराईले **हिमाल साहित्य** (२०६२), वर्ष १५ अङ्क १२-१३ पूर्णाङ्क १५६ - १५७ कार्तिक (२०६२), पृष्ठ ९८ मा आजको साहित्य गति प्रवृति र दिशा बहुलता र नवीनता र प्रयोग शीर्षकमा केही नयाँ आन्दोलन अर्न्तगत यस बाहेक अलि अगिको प्रमाणवाद आदि पनि स-साना आकारका आन्दोलन हुन् र यसरी आएका नयाँ सोचहरू नेपाली साहित्यले नयाँ दिशा खोजेका प्रमाण हुन भनेको पाइन्छ ।

अन्नतराज अर्याल र प्रेमराज लुइटेल **सगुन** (स्याङ्जा विषेशाङ्क २०६३) मा अर्यालको जन्म मिति, जन्मस्थान र कृतिहरूको उल्लेख गरेका छन् ।

यसै पत्रिकामा परशुराम कोइरालाले स्याङ्जाको साहितियिक सन्दर्भ भन्ने लेखमा समान्नान्तर धाराका स्याङ्जेली स्रष्टाहरूको चर्चा गर्दा अच्युतशरण अर्याल र उनका कृतिहरू कविता **कल्पलता (२०३३), आँधीखोला (२०३५), कालापानी (२०४३)** आदिको उल्लेख पाइन्छ ।

यसै पत्रिकामा ध्रुव शर्मा पंगेनीले पृष्ठ संख्या ३०४ देखि ३०९ सम्म साहित्यकार अच्युतशरण अर्यालको व्यक्तित्व र कृतित्वको उल्लेख गरेका छन् । यसमा अर्यालको जन्म, २०१३ साल र जन्मस्थान वालिङ् नगरपालिका ४ भिमटारी रहेको उल्लेख गरेको पाइन्छ ।

उनको व्यक्तित्वको उल्लेख गर्दा माध्यमिक शिक्षक, प्राध्यापक, क्याम्पस प्रमुख व्यक्तित्वको उल्लेख गरिएको छ ।

कृतित्वको चर्चा गर्दा नेपाली बालसाहित्यको रूपरेखा, अभ्फेटाका बान्की, श्रवणकुमार बालकाव्य, अर्यालका कथाहरू, कविताहरूको उल्लेख छ । यसमा अर्यालको निबन्धहरूको चर्चा गरिएको छ । साथै साहित्यिक आन्दोलन प्रमाणवादको बारेमा विवेचना गरेको पाइन्छ ।

सुरेन्द्रकुमार पोखेलको **नेपाली साहित्यमा सुर्खेत जिल्लाको योगदान** (२०५२/५४) शोधपत्रको (पृष्ठ संख्या १२७) अर्यालको जन्म, जन्मस्थान, उनका साहित्यक योगदान र कृतिहरूको उल्लेख गरेका छन् ।

हरिप्रसाद काफ्ले (२०५५), **स्याङ्जेली कविहरू र तिनका काव्यकृतिहरूको परिचयात्मक अध्ययन** शोधपत्रको परिच्छेद ४ पृष्ठ सङख्या २५ मा स्याङ्जा जिल्लाका कवि प्रतिभा र तिनका काव्यकृतिहरूमा उनको परिचय दिनुका साथै प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरेका छन् ।

पदमबहादुर रानाभाट (२०६४), **नेपाली निबन्ध परम्परामा स्याङ्जा जिल्लाको योगदान** शोधपत्रमा अच्युतशरण अर्यालको निबन्ध सङ्ग्रह **अभ्फेटाका बान्कीहरू**को वर्णन गर्नुका साथै यस निबन्ध सङ्ग्रह भित्र कुन-कुन निबन्धहरू राखिएका छन् र यस निबन्ध भित्र के-के रहेका छन् र यसले भन्न खोजेको कुरा के हो आदिको वर्णन गरेका छन् ।

सुकुम शर्माले **नेपालाी भाषा साहित्यमा आन्दोलन** (२०४६), मा अर्यालको मान्यता प्रमाणवादको बारेमा उल्लेख गरेका छन् । यस कृतिमा प्रमाणवाद कस्तो अभियान हो ? यस अभियानका मूलभूत मान्यताहरू के-के रहेका छन् ? वा मूल मान्यताहरूको उल्लेख गर्नुका साथै यस प्रमाणवादको सूत्रहरूको पनि उल्लेख गरेका छन् ।

नरेन्द्रराज प्रसाईको **नेपाली साहित्यका समालोचक र समालोचना**मा साहित्यका सिर्जनात्मक विधामा वा अध्ययनमा संलग्न रहँदा रहँदै बेलाबखत कृति सम्पादनका आडमा अथवा गोष्ठी परियोजना र शोधखोजमा प्राप्त उपलब्धिको मूल्याङ्कनका क्रममा अथवा साहित्य सम्बन्धी निजी धारणको व्याख्या र आत्मप्रकाशनका क्रममा पनि कतिपय लेखक, कवि तथा अध्येताहरूले

नेपाली समालोचनाको विकासमा योगदान पुऱ्याँउदै आएका छन् । त्यस्ता समालोचकहरूको नामाकरणमा अच्युतशरणको नाम पनि उल्लेख गरेका छन् ।

मोती निबन्ध मोतीप्रसाद वनवासी **स्याङ्जाका श्रृजनात्मक निबन्धहरू** निबन्धकारका रूपमा लेखक चिनारी दिइएको छ । अर्यालको जन्म, जन्मस्थान, मिति र उनका संस्थागत संलग्नता सुर्खेती कला साहित्य परिवार, साहित्यिक पत्रकार सङ्घ, नपाली बालसाहित्य समाज सँग सम्बन्धित रहेको देखाइएको छ । रामचन्द्र लम्साल र अन्य को **नेपाली बालसाहित्यकार कोश**को मा अर्यालको जीवनी र व्यक्तित्वको बारेमा चर्चा गरेका छन्

प्रेमराज लुँइटेलले सगुन स्याङ्जा विशेषाङ्कमा स्याङ्जाली लेखक र उनका कृति शीर्षकमा **अझ्रेटाका बान्कीहरू निबन्ध सङ्ग्रह** (२०४१), **नेपाली बालसाहित्यको रूपरेखा** (२०५५), **प्रमाणवाद सिद्धान्त सिर्जना** (२०४८), **श्रवण कुमार बालखण्डकाब्य** (२०५८) उल्लेख गरेका छन् ।

परशुराम कोइरालाले **स्याङ्जाका साहित्यिक सन्दर्भ र मगराती साहित्य**को सगुनमा अर्यालका कविता **कल्पलता (२०३३), आँधीखोला (२०३५), कालापानी (२०४३),** जस्ता कविता सङ्ग्रह को उल्लेख गरिएको छ ।

मोहनराज शर्मा र खगेन्द्रराज लुइटेलले **शोधविधि** ग्रन्थमा अर्यालको निबन्ध **अझ्रेटाका बान्की** लाई आत्मपरक निबन्धका रूपमा उल्लेख गरेका छन् ।

भेषजराज साहित्य प्रतिष्ठान वालिङ स्याङ्जा (२०६३), संस्थाले **भेषजराज शर्माका कथाहरू** प्रकाशन गरेको छ । यसको सम्पादक मण्डलमा प्रेमराज लुइँटेल रहेका छन् । यस ग्रन्थको आधारमा अर्याललाई ग्रन्थ सम्पादकको रूपमा लिइएको छ ।

रमेश सुभेक्षुकले **सगुन स्याङ्जा विषेशाङ्क** (२०६३) मा अच्युतशरण अर्याललाई समीक्षा समालोचना शीर्षकमा **समालोचकका रूपमा उल्लेख गरेका छन् । उनैले पृष्ठ २९८ मा भाषा ब्याकरणकारका** रूपमा उल्लेख गरेका छन् ।

यस पूर्वकार्यको समीक्षाबाट हेर्दा अर्याललाई कसैले अनुसन्धानकर्ता कसैले जीवनी समीक्षकको रूपमा हेरे भने कसैले बालसाहित्य इतिहासकारको रूपमा हेरेका छन् । त्यस्तै यिनलाई भूमिका लेखक, बालसाहित्यको समीक्षक, समानान्तर समालोचक, आत्मपरक निबन्धकार र भाषा व्याकरणकारको रूपमा विभिन्न साहित्यकारहरूले चिनाएको पाइन्छ ।

## १.७ शोधकार्यको औचित्य

कथा, कविता, निबन्ध र प्रमाणवादी र आनन्दवादी नेपाली समालोचना क्षेत्रका अच्युतशरण अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटामा अनुसन्धान भएको छ । माथिको पूर्वकार्यबाट अर्यालका बारेमा लगभग २२ जना जति प्रसिद्ध साहित्यकारहरूले परिचय, कृति चर्चा, व्यक्तित्व चर्चा गरेको देखिन्छ । तर अर्यालको जीवनीका बारेमा, व्यक्तित्वका विविध पक्षहरूको बारेमा र समग्र कृतिको बारेमा विवेचना गरेको पाइएन । त्यसैले प्रस्तुत अध्ययन प्राज्ञिक क्षेत्रमा काम गर्नेहरूको साधनाको मूल्याङ्कनको दृष्टिले र कृतिको समसामयिक महत्वका दृष्टिकोणले उपयोगी देखिन्छ । अर्याल नेपाली साहित्यको इतिहासमा प्रथम बालसाहित्य इतिहास लेखकका रूपमा सूचीकृत भएका देखिन्छन् ।

त्यसैले उनका विषयमा सर्वप्रथम गरिने समग्र अध्यन अनुसन्धान औचित्यपूर्ण छ भन्नेकुरा प्रस्ट हुन्छ । यस शोध शीर्षकबाट शोधनायकको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा समग्र अध्ययन गरी एउटा प्रबन्ध नै निर्माण भएकाले उनका बारेमा अध्यन गर्न चाहने सबैका लागि यो एक उपयोगी एकीकृत सामग्री भएका आधारमा पनि यस शोध पत्रको औचित्य रहेको प्रष्ट हुन्छ ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोधको क्षेत्र अच्युतशरण अर्यालको जीवनी, व्यक्तित्व, र कृतित्वको अध्ययन, अनुसन्धान एवम्  विश्लेषण हुनेछ । त्यसैले प्रस्तुत शोध अच्युतशरण अर्यालको अध्ययनमा सीमित रहेको छ । यस सन्दर्भमा वि.सं २०६८ सम्मका अर्यालका रचना एवम् पत्रपत्रिकामा रहेका र उपलब्ध भएसम्मका सामग्रीको कालक्रमिक विवरण प्रस्तुत गरीएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध पत्र तयार गर्ने क्रममा आवश्यक पर्ने सामग्री सङ्कलनका लागि मुख्यतः पुस्तकालय विधिको प्रयोग गरिएको छ । शोध नायकसँगको प्रत्यक्ष भेटघाट र अन्तर्वार्ताका माध्यमबाट आवश्यक जानकारी लिनुका साथै उनका परिवारसँग र सहयात्री प्रा.डा जगदीशचन्द्र भण्डारी, प्रा. राजेन्द्र सुवेदी, सुकुम शर्मासँग सम्पर्क गरी अर्यालका विविध पक्षका सम्बन्धमा आवश्यक जानकारी समेत लिइ सामग्री सङ्कलन गरिएको छ ।

यस शोधमा सामग्रीको अध्ययनको क्रममा ऐतिहासिक पद्धति अपनाइएको छ । यसका साथै जीवनी परक र प्रमाणवादी समालोचना प्रणालीका आधारमा कृतिहरूको विवेचना गरिएको छ । कृति वा रचनाको विवेचनाका क्रममा भने विधाहरूमा स्थापित विधातात्विक मान्यतालाई आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको स्वरूप संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि निम्न बमोजिम अध्ययन एवम् शीर्षक -उपशीर्षकमा विभाजन गरिएको छ ।

| | |
|---|---|
| पहिलो अध्याय | शोधको परिचय |
| दोस्रो अध्याय | अच्युतशरण अर्यालको जीवनीको अध्ययन |
| तेस्रो अध्याय | अच्युतशरण अर्यालको व्यक्तित्वको अध्ययन |
| चौथो अध्याय | अच्युतशरण अर्यालको कृतित्वको विधापरक अध्ययन |
| पाँचौ अध्याय | उपसंहार र निष्कर्ष |

अच्युतशरण अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, शीर्षक उपशीर्षक विभाजन पश्चात शोधको अन्त्यमा प्रमुख सन्दर्भ ग्रन्थ, पत्र-पत्रिकाहरूको सूची समेत प्रस्तुत गरिएको छ ।

# दोस्रो -अध्याय

# अच्युतशरण अर्यालको जीवनीको अध्ययन

## २.१ जन्म, जन्मस्थान

अच्युतशरण खस ब्राह्मण जाति अन्तर्गत अर्याल थरका पुर्खाका सन्तान हुन्[१] । अच्युतशरण अर्यालको जन्म वि. सं. २०१३ साल पुष १ गते हालको वालिङ नगरपालिका वडा नं. ४ भीमटारीमा भएको हो । उनका पिता डिल्लीप्रसाद अर्याल र माता विष्णुकुमारी अर्यालको दुई भाइ छोरा मध्ये जेठो छोराको रूपमा उनको जन्म भएको पाइन्छ । यिनको न्वारानको वा चिनामा भएको नाम अनन्तराज अर्याल हो र पछि २०२८ मा दीक्षा गुरु माधवशरण देवाचार्यले अच्युतशरण अर्याल भन्ने नाम राखिदिएको पाइन्छ ।

वालिङ नगरपालिकाको भीमटारी क्षेत्र हाल चक्रपथका रूपमा विस्तार भएको छ । यसको उत्तरमा मिर्दी खोला, दक्षिणमा धरादी ग्राहौसुर, पश्चिममा भकुण्डे र पूर्वमा बोगटी डाँडा रहेको पाइन्छ । यसको पश्चिम उत्तर थुम्कीमा अमिलीथुम घ्याङ्लिङ् रहेको छ । यो घ्याङ्लिङ्बाट यतिबेला आँधी खोला एफ. एम. बज्ने गरेको पाइन्छ । यही भीमटारी उपत्यका नै अर्यालको जन्म स्थान हो । (शोध नायकबाट प्राप्त जानकारी )

## २.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

प्राचीन कालका आत्रेय वंशऋषि अत्रि मानिएका छन् । उनकै वंशज आत्रेय हुन् । आत्रेय गोत्र भएका अर्यालहरूको आत्रेय, अर्चनानस र स्यावास्य तीन प्रवर मानिन्छन् । यिनीहरू यजुर्वेद मध्यान्नदिनी शाखाका अध्येता हुन् । अर्यालको कूलदेवता वराह रहेको पाइन्छ । आत्रेय वंशका अर्यालहरू ज्ञानका क्षेत्रमा ख्यातिप्राप्त थिए । प्राचीन कालमा आयुरविज्ञान, नीतिशास्त्र, निर्माणकार्य, वास्तुकला आदिमा यिनीहरूको प्रसिद्धी थियो । यिनीहरूको परम्परामा विद्वता र सेवा महत्वपूर्ण देखिन्छन् ।


---

[१] शोध नायकबाट प्राप्त जानकारी

अच्युतशरण अर्यालको वंश परम्परालाई खोतल्दै जाँदा उनका पुर्खाहरू प्राचीन नेपालको विभिन्न थरका बाम्हणहरू थिए । पूर्वज ब्रम्त्णहरूले भट्टाचार्य पद पाएको देखिन्छ । अर्याल वंश वृक्षका आदि पुरुष उदय भट्टका विकसित हाँगाका रूपमा अर्यालहरू रहेका छन् । परम्परा अनुसार श्रीपति मष्टो मान्ने दुग्ध धारा दिने विष्णु, शिव, देवी आराधना पञ्चाग्नि पूजागर्ने, सगोत्री अर्याल, पौड्याल, र सिग्देल मान्ने प्रचलन रहेको देखिन्छ । अर्यालहरूका गुल्मी अमरभूमि अर्जैमा कुलभूमि रहेको देखिन्छ । लसघाा (स्याङ्जा) बाट खिलुङ (आँधीखोला) बसाइँ सरेको र यहींबाट अर्यालहरूको वंश विस्तार भएको बुझिन्छ । अर्यालहरू गुल्मी, पाल्पा, स्याङ्जा, कास्की, लमजुङ, गोरखा, धादिङ्ग, नुवाकोट हुँदै काठमाडौं देखि विराटनगरसम्म पारिवारिक विस्तार भएको अर्यालहरूको इतिहासले देखाँउछ । अर्यालहरूको मूल थलो भने श्री सम्वत १८७४ को वंशावली अनुसार पेखु रहेको पाइन्छ । पेखुका बालकृष्ण अर्याल प्रथम वालिङ क्षेत्रका भाषा पाठशाला संचालक हुन् । उनले वालिङ् भुम्रेमा वि. सं. १९८६ मा आधुनिक प्राथमिक भाषा पाठशाला सुरु गरेका हुन् । यी महापुरुष अच्युतशरण अर्यालका कूल पुरुष हुन् ।

**अच्युतशरण अर्यालको वंशपरम्परालाई तालिकामा यसरी देखाइएको छ[२] ।**

भिमटारी खण्ड




[२] शोध नायकवाट प्राप्त जानकारी

## २.३ माता पिता र बाल्यकाल

माता विष्णु कुमारी अर्याल र पिता डिल्लीप्रसाद अर्यालका दुई भाइ छोराहरूमध्ये जेठाछोराको रूपमा अच्युतशरण अर्यालको जन्म भएको हो । यिनका माता पिता मुख्यरूपमा कृषि पेसामा संलग्न रहेको पाइन्छ । यिनका हजुरबुबा पण्डित भएकाले बुबामा पनि यसको प्रभाव परेको थियो । यसरी हेर्दा अर्यालका माता पिता कृषि पेसाका साथ-साथै पण्डित्याइँमा पनि सम्बद्ध रहेको देखिन्छ ।

अच्युतशरण अर्यालको बाल्यअवस्थाका बारेमा अर्यालको पिढी शिक्षाबाट विद्यावारिधि भन्ने आत्मकथा[३] अंशमा उल्लेख गरिएको छ ।

मलाइ घरमा अक्षर चिनाए पछि वेद, रुद्री, चण्डी कण्ठस्थ गर्नुपर्थ्यो त्यसो गर्दा मैले पाठ बुझाउन नसकेर पिटाइ खान्थे । आमालाई ती पंक्तिहरू याद हुन्थे । आमाले बुबाको पिटाइबाट बचाउन श्लोकहरू शुद्ध पारी दिनुहुन्थ्यो । हाम्रो हजुरआमा घरको सानो पिढीमा सुत्नुहुन्थ्यो । पाहुनाहरू मन्दिरमा सुत्ने चलन थियो । हाम्रा पुसाजुको घोडा थियो । कहिलेकाही उहाँले सानो घोडा पनि ल्याउनु हुन्थ्यो । सानो घोडा मेरो भागमा पर्थ्यो । मैले उसलाई धान र बास खुवाएर चराउन लान्थे । त्यति वेलाका केटाकेटीहरूले भोटो र दौरा लाउने चलन थियो । मलाइ मामा घर जान भनेर आमाले नयाँ भोटो र दौरा किनिदिनु भएको थियो । म दौरा लाएर मामा घर जान नपाउँदै मेरो साथीका आमा लाई माइत जान परेछ । साथीलाई मिल्ने भएको हुँदा दौरा लगिदिनु भएछ । पछि फर्केर आउँदा दौरामा आपको दागैदाग लागेको थियो र म त्यो वेला धेरै रोएछु । मेरो हजुरआमा जमुनादेवी धार्मिक प्रवृतिको हुनु हुन्थ्यो । उहाँ सधै माघ स्नान गर्न काली गण्डकी जानु हुन्थ्यो । माघ महिनाभरी बसेर फर्कि आउदा मीठा-मीठा वयर ल्याउनु हुन्थ्यो ।

हामी मामा घर जाँदा डुङ्गा तर्नु पर्दथ्यो । आँधी खोला हाम्रो घर र मामा घरको बिचमा थियो । हजुर बुबाले हामीलाई मिश्री खान ५ पौसे ढ्याक दिनु हुन्थ्यो । त्यो ढ्याक कहिले खेल्न, कहिले खोपी खेल्न प्रयोग गर्दथ्यौं । आँधीखोलामा हामी पौडी खेल्थ्यौ, सिन्के माच्छा खेद्थ्यौ, फुर्सदमा

---

[३] *लेखकको पीढी शिक्षाबाट विद्यावारिधी भन्ने आत्मकथाबाट*

हामी गाई बाख्रा चराउन जान्थ्यौ । हिउँदमा फाटतिर जान्थ्यौ र वर्षामा लेकमा गोठ राख्ने चलन थियो ।

## २.४ दाजुभाइ र दिदीबहिनीहरू

अच्युतशरण अर्यालका दुईजना दाजुभाइ र तीनजना दिदी बहिनीहरू रहेको पाइन्छ । अच्युतशरण अर्याल जेठो छोरा हुन् भने उनका भाइको नाम शेषनारायण अर्याल हो । अहिले कृषि व्यवसाय गरेर बसिरहेका छन् । बहिनीहरूमा सरस्वती, लक्ष्मी र कमला रहेका छन् ।

## २.५ शिक्षा दीक्षा

अर्यालको शिक्षा दीक्षा घरमा नै भएको बुझिन्छ । उनका घरमा गुरुकुल परम्परा रहेकाले गुरुकुल शिक्षा प्रारम्भ भएको पाइन्छ । उनले आफनै बुबासँग शिक्षाको आधार प्राप्त गरेको बुझिन्छ । अर्यालको शिक्षा अनौपचारिक र औपचारिक गरी दुई खण्डमा वर्गीकृत गर्न सकिन्छ ।

### क) अनौपचारिक शिक्षा

अनौपचारिक शिक्षाका बारेमा उनको भनाइ यस्तो देखिन्छ । "धुलीमाटीदेखि पुस्तक लेखक सम्म भन्ने आत्मकथा सङ्ग्रहमा लेखेका छन् : मैले लेख्न सिकेको धुलौटो पाटीबाट हो । बुबा पण्डित भएकाले घरमा मान्छे आइरहन्थे । धुले पाटीमा अक्षर लेख्न बासको कलम प्रयोग हुन्थ्यो । मैले धुलौटोमा लेख्न सिकेर पछि कापीमा लेख्न थालेको हुँ । त्यति बेला बासको कप्टेरो र निगालाबाट बनाएको कलमले मसी चोबेर लेख्ने चलन थियो । हाम्रो घरमा बनमारो, मुसुरे कटुसको बोक्रा र आँपको बोक्राबाट मसी बनाइन्थ्यो । " [४]

[४] *शोधनायकबाट प्राप्त जानकारी*

**ख) औपचारिक शिक्षा**

भीमटारी गाउँमा २०१७ सालमा अमिलीथुम प्राथमिक विद्यालय स्थापना भएपछि प्राथमिक शिक्षाको जग बसेको हो । यहीबाट अंग्रेजी, गणित आदि आधुनिक शिक्षा लिएको देखिन्छ । यस बारेमा शोध नायकको धुलिमाटीबाट पुस्तक लेखकसम्म भन्ने आत्मकथामा भनिएको छ । " त्यतिबेला कि मास्टर बन्ने कि लाहुरे हुने सम्भावना हुन्थ्यो । मास्टर हुनेले काम गर्नु नपर्ने र राम्रा लुगा लगाएर हिड्थे । हामीहरू खेतमा कामगर्दा सधै मैला धैला लुगा लगाउथ्यौ यसैको फलस्वरूप हुन सक्छ । शिक्षकको प्रभाव बाल्यअवस्थामा पऱ्यो होला । त्यतिवेला पनि नेपाल भित्र र नेपाल बाहिर दुवैतिर पढ्ने चलन थियो । "[५]

## २.६ विवाह र पारिवारिक स्थिति

सृष्टिको सृजनकाल देखि चल्दै आएको विवाहलाई जीवनको अपरिहार्य घटनाको रूपमा लिइन्छ । सबैजसो मानवजातिले यस परम्परालाई शिरोधार्य गर्दै आएको पाइन्छ । अच्युतशरण अर्यालको विवाह २०३१ साल असार १ गते स्याङ्जा जिल्लाको सोरेक गा. वि. स. वडा नं ४ फेदी निवासी खगीसरा पराजुली र लिलाधर पराजुलीको माहिली सुपुत्री गंगादेवी पराजुलीसँग भएको हो । विवाह परम्परागत वैदिक विधि अनुसार नै सम्पन्न भएको कुरा शोधनायक अर्यालबाट थाहा भएको छ ।

अर्यालको पारिवारिक स्थितिलाई हेर्दा संयुक्त परिवारमा हुर्किएको अर्याल परिवार दुई दशक सम्म परम्परागत शैलीमा नै जीवन यापन गरेको देखिन्छ । अच्युतशरण अर्यालका सन्तानका रूपमा हाल एक छोरा अर्जुन अर्याल र दुई छोरी गीता अर्याल र विदुसा अर्याल रहेका छन् । छोरा अर्जुन अर्यालको जन्म वि. सं २०३६ साल असार २८ गते भएको हो र हाल उनी एम. ई. गर्नको लागि क्यानडामा रहेको देखिन्छ । द्वितीय सन्तान गीता अर्यालको जन्म वि. सं २०४० असार १८ गते भएको हो । इन्जिनियर गणेश काफ्ले सँग २२ वर्षको उमेरमा विवाह बन्धनमा बाँधिई स्टाफ्नर्स गरेर वि. एन. वा नर्सिङमा स्नातक तह उत्तीर्ण गरेकी छन् । यी दुवै हाल

[५] *शोधनायकबाट प्राप्त जानकारी*

अस्ट्रेलियामा कार्यरत देखिन्छन् । तेस्रो सन्तान विदुसा अर्यालको जन्म वि.सं २०४२ साल जेष्ठ ३१ गते भएको हो । उनले वाणिज्य विषयमा स्नातक गरेर अर्थशास्त्र विषयमा स्नातकोत्तर गरी रहेकी छन् र उनले लेखा परीक्षक (सिए) पनि अध्ययनरत रहेकी छन् *(शोधनायकबाट प्राप्त जानकारी)* ।

## २.७ पेसा

वालिङ् क्षेत्रमा २०२८ सालमा सिद्धार्थ राजमार्ग सञ्चालन भएको हो । यसपछि ग्रामीण क्षेत्रमा नयाँ नयाँ प्रचलनहरू आए । त्यस क्रममा मिठाइ व्यवसाय र होटलको विकास भयो । यिनीहरूको आवश्यकता पूर्तिका लागि दूग्ध व्यवसाय सञ्चालन गर्नु पर्ने भयो । त्यसै क्रममा भैंसी पालन गरेर दूध उत्पादन गरी व्यवसाय सञ्चालन गर्नु परेको देखिन्छ । यसबाट आयआर्जन भई आर्थिक आवश्यकताको पूर्ति भएर अर्याल परिवार सम्पन्नता र जीवन निर्वाहलाई सुगमता तर्फ लगेको पाइन्छ । अर्याल नि. मा. वि. शिक्षकको रूपमा २०३७ सालमा जि.शि.का. स्याङ्जाको नियुक्ति पाई कार्यरत रहेको बुझिन्छ । उनले माझकोट नि.मा.वि.मा अंग्रेजी शिक्षकको रूपमा केही समय काम गरेको देखिन्छ । अर्यालले मा.वि शिक्षकको रूपमा पनि काम गरेको देखिन्छ । उनले जि.शि.का. काभ्रेबाट मा.वि. सट्टा शिक्षक नियुक्ति वि.सं. २०४० मा प्राप्त गरेको देखिन्छ ।

अर्याल पत्रकारको रूपमा पनि संलग्न थिए । उनी काठमाडौं मा **दिनारम्भ** साप्ताहिकका आन्तरिक सम्पादक रहेको बुझिन्छ । उनले वि.सं. २०४० -४-१३ मा सञ्चार मन्त्रालय सूचना विभागबाट **दिनारम्भ** साप्ताहिकको प्रतिनिधि प्रमाणपत्र लिएको देखिन्छ । यसै गरी विभिन्न समयमा **सुसेली** साप्ताहिक प्रकाशन प्रा.लि. र **आँधीखोला** साप्ताहिकको सम्पादन भएको बुझिन्छ । अर्यालको प्राध्यापन व्यवसाय सुर्खेत क्याम्पसबाट प्रारम्भ भएको हो । उनले प्राध्यापन गरेका संस्थाहरू निम्न अनुसार छन् :

१. सुर्खेत क्याम्पस
२. वीरेन्द्र बहुमुखी क्याम्पस
३. जुम्ला बहुमुखी क्याम्पस
४. पाटन संयुक्त क्याम्पस

५. सानो ठिमी क्याम्पस

निजले प्राध्यापन सेवामा २५ वर्ष पूरा गरेको देखिन्छ ।

अर्यालले शिक्षण व्यवसायका साथै साहित्यिक संस्थागत विकासका लागि नेपाली भाषा साहित्यको सेवा गर्ने उद्देश्यले प्रेस सञ्चालन गरेको बुझिन्छ । उनले गंगा देवी अर्यालको स्वामित्वमा रहेको गंगा प्रिन्टिङ् प्रेस स्याङ्जा वालिङ्मा स्थापना गरी त्यहीँबाट आँधीखोला साप्ताहिक प्रकाशन १५ अङ्क प्रकाशित गरेको देखिन्छ[६] *(शोधनायकबाट प्राप्त जानकारी)*।

## २.८ बसोबास र दिनचर्या

अच्युतशरण अर्यालको जन्म स्याङ्जा जिल्ला वालिङ न.पा. भीमटारीमा भएको हो । उनी अध्ययनको सिलसिलामा भारतको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा अध्ययन गर्न गएका थिए भने उनको घर भएको स्थान पनि सानो सानो सहर नै भएको पाइन्छ । यसरी सहरी जीवननै बिताएका अच्युतशरण अर्याल हाल काठमाडौंको मध्य सहर लैनचौंरमा वि.सं. २०६२ देखि बसोबास गर्दै आएको देखिन्छ ।

अर्यालको दिनचर्यालाई हेर्दा निम्न प्रकारको देखिन्छ ।

१. प्राध्यापक साथै पदीय जिम्मेवारी वहन गर्न दत्तचित्त भइ लाग्नु र

२. लेखन पठनमा रूचि राख्नु

पढ्ने कुरालाई जीवन दर्शन मान्ने अर्यालका कोठाभरि पुस्तक फिंजाएर बस्ने प्रवृत्ति देखिन्छ । हाल उनी आत्मकथा लेखनमा तल्लीन रहेका छन् । उनका सृजना र शोधकार्य सँग-सँगै अगाडि बढिरहेका छन् । उनले हाल फुटकर रचनाहरू सिर्जना गर्ने र भेषजराज साहित्य प्रतिष्ठान स्याङ्जाको अध्यक्षको नाताले भेषजराज शर्माका निबन्धहरू सम्पादन गरिरहेका छन् । यसका साथै भाषा सम्बन्धी अनुसन्धान लेखन कार्य पनि गरिरहेका छन् ।

## २.९ सिर्जन क्रियाशीलता

अच्युतशरण अर्यालको २०३५बाट सिर्जन क्रियाशीलता देखिन्छ । २०३५ मा आँधीखोला लामो कविता लेखनको प्रकाशन पछि लेखनमा निरन्तरता र क्रियाशीलता रहेको जनाउँछन् ।

---

[६] *शोधनायकबाट प्राप्त जानकारी*

वि. सं. २०४१ मा **सिर्जनात्मक निबन्ध लेखन,** २०४५मा **नेपाली बालसाहित्यको रूपरेखा समीक्षा** प्रकाशन कार्यले सिर्जना र समालोचनामा सक्रियता देखाउँछ । अर्यालका कथा, कविता, निबन्ध, समालोचनाका साथै अन्य समसामयिक टिप्पणी र लेखहरू प्रकाशन हुन थालेको पाइन्छ । अर्यालका फुटकर रचनाहरू **सगुन** स्याङ्जा विशेषाङ्कमा प्रकाशित भएका छन् । यसका अतिरिक्त **आँधीखोला** (२०३५) लामो कविता, **कालापानी** (२०४३) गीतिलेखन, **श्रवणकुमार बालकाव्य** ( २०५४), **पर्खाइ नम्बर एक** (२०३९) निबन्ध, **अझेटाका बान्कीहरू** (२०४१) निबन्ध सङ्ग्रह, **मन भित्रको आन्दोलन** (२०४८) निबन्ध, **आँधीखोले लोकगीतमा सामाजिक झलक** (२०४१) समालोचना, **नेपाली बालसाहित्यको रूपरेखा** (२०४५) समालोचना, **प्रमाणवादी दृष्टिमा स्याङ्जाको साहित्य** (२०४८) समालोचना, **स्याङ्जाका जिउँदा सम्पादक** (२०५४) समालोचना जस्ता फुटकर र पुस्तकार कृतिहरू प्रकाशित भएका छन् ।

यसरी गद्य र पद्य लेखनमा क्रियाशील रहेका अर्याल लेखन सिर्जनका लागि प्रसस्तै अनुभव बटुलेको देखिन्छ । अर्यालले अनुसन्धानात्मक लेखनमा पनि रूचि राख्ने अर्याल बालसाहित्यकार र प्रमाणवादी चिन्तनका रूपमा चिनिन्छन् । २०३२ देखि २०६८ सम्म निरन्तर रूपमा क्रियाशील रहेका देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१० लेखनमा प्रेरणा र प्रभाव

हरेक व्यक्तिलाई समाजका विभिन्न व्यक्तिहरूका विभिन्न खाले क्रियाकलाप, व्यवहार र अन्य कुराले प्रभाव पार्नु स्वभाविक हो । अग्रज र प्रतिष्ठित व्यक्तिको विचार एवम् चिन्तनले जो सुकै व्यक्तिलाई पनि प्रभावित र प्रेरित गर्न सक्दछ । कुनै पनि व्यक्तिलाई लोकजीवनमा प्रचलित लोकसङ्गीत, सुन्दर प्राकृतिक वातावरणले पनि प्रभाव र प्रेरणा दिइ रहेको हुन्छ । समाजका जुनसुकै क्षेत्रका व्यक्तिहरूको प्रभाव र प्रेरणाले प्रत्येक मान्छेले आफ्नो जीवनको स्पष्ट मार्गचित्र कोर्दै आफ्नो उद्देश्यसम्म पुग्न सफल हुन्छ र उसको जीवन दर्शन बन्छ । वस्तुत : अच्युतशरण अर्यालले पनि साहित्य सिर्जनाका क्रममा समाजका विभिन्न व्यक्तिहरूबाट प्रेरणा र प्रभाव ग्रहण गरेको देखिन्छ ।

सर्वप्रथम अर्यालको बाल्यकालमा वैष्णव सम्प्रदायको प्रभाव पारेको छ र बाबुको संसर्गमा रहँदा बुबामा संस्कृतको कर्मकाण्ड सम्बन्धी समान्य ज्ञानका कारण बुबाले साँझबिहान भट्याउने

संस्कृतका सिलोक साथै नेपाली निम्वार्क सम्प्रदायका सस्थापक जगदगुरु श्री महत भगवतशरण देवाचार्य अर्यालका घरमा आइरहने हुनाले र अर्यालका सानाबा मोहनीशरण बिजुली पण्डितको प्रभाव र प्रेरणा पर्न गएको पाइन्छ[७] ।

अर्याल लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, माधवप्रसाद घिमिरेको गौरी र वि. पी.कोइराला र पुष्पलालका विभिन्न साहित्यिक कृतिहरूबाट अधिक रूपमा प्रभावित भएको बताउँछन् । त्यस्तै अर्यालका दीक्षा गुरु पण्डित माधवशरण देवको प्रभाव पनि परेको देखिन्छ । संस्कृत परम्पराका प्राध्यापक गोपीकृष्ण गुरुका पिताश्री रुद्रनाथ गुरु र मधुसूदन ज्ञवालीको प्रभाव पनि परेको बताउँछन् । त्यसै गरी औपचारिक लेखन सिर्जनाका क्रममा अच्युतशरण अर्याल आफ्ना अग्रज एवम् समकालीन आदरणीय साहित्यकारहरू डा. श्यामसुन्दर दास, डा. डिल्लीराम तिम्सिना, स्वामी निगमानन्द परममहेश, ध्रुवराज अर्याल, शेषराज अर्याल, देवीप्रसाद वनबासी, केदार विकल, मित्रलाल पंगेनी, जीवेन्द्रदेव गिरी, ईश्वरचन्द्र ज्ञवाली, डा.जगदीशचन्द्र भण्डारी, उत्तम कुँवर, चुडामणि रेग्मी, रुद्रमान डंगोल, तीर्थराज श्रेष्ठ, नवराज कार्की, डोलराज शर्मा, मानप्रसाद शर्मा, दुर्गा पराजुली, टीकाराम पराजुली, प्रा. डा. जीतेन्द्र ध्वज, फणीन्द्र काफ्ले आदिको संसर्गबाट प्रभावित र प्रशिक्षित हुँदै निरन्तर क्रियाशील भएको उनको स्वीकारोक्ति पाइन्छ[८] । यसका साथै महर्षि महेश योगी, पं. रविशंकर करपात्री, जयप्रकाश नारायण, वि.पी. कोइराला, इन्दिरा गान्धी, रामचन्द्र शुक्ल, ज्ञानप्रसाद उपाध्याय, सरदार भीमबहादुर पाण्डे, कृष्णबम मल्लको पनि प्रेरणा र प्रभाव रहेको पाइन्छ ।

### २.११ सिर्जन अभ्यास र आरम्भ

अच्युतशरण अर्यालको लेखनको प्रारम्भ विद्यार्थी जीवनदेखि नै भएको देखिन्छ । सुरु सुरुमा साना-साना फुटकर रचनाहरू लेख्ने गर्दथे र विभिन्न कार्यक्रम हरूमा सहभागी भइ सुनाउने गरेका थिए । अर्यालको प्रकाशित साहित्यिक लेखनको प्रारम्भ भने वि. सं. २०३२ सालमा ठूलाघरकी बुहारी[९] नामक कथा लेखनबाट भएको देखिन्छ । यो कथा नेपाली छात्रसङ्घ

---

[७] *शोधनायकबाट प्राप्त जानकारी*

[८] *शोधनायकबाट प्राप्त जानकारी*

[९] हरिद्वारको सगरमाथा वर्ष १४अङ्क १४ पत्रिकाको पृष्ठ २४ र २५

हरिद्वारको **सगरमाथा** (वर्ष १४ अङ्क १४ पत्रिकाको पृष्ठ २४ र २५) मा प्रकाशित भएपछि नेपाली साहित्यमा सार्वजनिक रूपमा देखा परेका हुन् । वि. सं. २०१८ सालमा स्थापित भएको नेपाली छात्र सङ्घ हरिद्वारको सांस्कृतिक मन्त्री भएर काम गर्ने अवसर अच्युतशरण अर्यालले प्राप्त गरेको देखिन्छ । अर्यालले नपाली छात्रसङ्घको (२१-११-१९७६) साहित्य गोष्ठीमा साहित्यमन्त्री होमनाथ सापकोटाबाट पुरस्कार पाएको देखिन्छ । यसरी अभ्यास सँगसँगै आरम्भ गरेको साहित्य लेखनमा अर्याल वि.सं. २०३४ मा कल्याणी पत्रिकामा **दुःखी** शीर्षकको कविता र त्यसपछि नेपाली छात्रसङ्घको मुखपत्र हिमज्योतिमा **म ढुक्क परेको छु** [१०] भन्ने कथा प्रकाशित भएको पाइन्छ । यो कथा हिमज्योति (वर्ष १५ अङक १५ २०३७ मा पृष्ठ ४६-४७ ) मा प्रकाशित छ । २०३५ सालको डायरीमा **सहर र रहर** नामक एकाङकी पनि लेखेको देखिन्छ । यसरी प्रारम्भिक आभ्यासिक लेखनमा प्रवासी विद्यार्थी सङ्घहरूको भूमिका उल्लेखनीय छ । अर्यालका हाल सम्मका सिर्जना कार्य हेर्दा उनको कलम नेपाली साहित्यको बहुविधामा चलेको देखिन्छ । उनको लेखन श्रेय कविता, आख्यान, निबन्ध, समालोचना, शोध र भाषिक लेखन जस्ता विधाहरूमा रहेको छ ।

## २.१२ रुचि र स्वभाव

प्रत्येक व्यक्तिका रुचि र स्वभाव फरक फरक प्रकारका हुन्छन् । त्यस्तै अर्यालका पनि आफ्नै किसिमका रुचि र स्वभाव रहेका छन् । साहित्य पढ्नु, आत्मकथाहरू लेख्नु र अनुसन्धानात्मक लेखहरू लेख्नुमा अर्यालको रुचि रहेको पाइन्छ । अर्याललाई बालबालिकालाई मनपर्ने कथा कविता लेख्नमा पनि विशेष रुचि रहेको देखिन्छ । अर्याललाई पत्रकारिता क्षेत्रमा पनि विशेष रुचि रहेको छ । उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गरिसकेका छन् । अर्याललाई सादा जीवन बिताउन मन पर्ने तर तडक भडक पटक्कै मन नपर्ने देखिन्छ यो उनको सानै देखिको स्वभाव रहेको उनी आफैले बताएका छन् । अर्यालको खानपिनमा पनि आफ्नो छुट्टै किसिमको रुचि रहेको पाइन्छ । उनी आधुनिक परिकार भन्दा पनि सादापन र परम्परागत खाद्य वस्तुमा रुचि देखाउने गर्दछन्, जो हिजो ग्रामीण जीवनमा रहँदा बस्ता खाइन्थ्यो त्यसैमा उनको रुचि देखिन्छ । जस्तो मौसम अनुसार निगुरो, गावा, घिरौंला, भिण्डी, सिन्की, मस्यौंरा जस्ता

[१०] हिमज्योति वर्ष १५ अङक १५, २०३७ मा पृष्ठ ४६-४७

तरकारीका साथै खिर, हलुवा, सेलरोटी आदिमा रुचि राख्ने गरेको पाइन्छ । त्यस्तै आफूलाई मीठो लाग्ने चिज एक्लै खाँदा नमीठो लाग्ने हुनाले एक्लै नखाने कुरा पनि अर्यालले बताएका छन् । अच्युतशरण अर्यालमा समाज र परिवार प्रतिको मर्यादा एवम् पेसागत इमान्दारिता पनि अनुकरणीय रहेको पाइन्छ । त्यसमा पनि पारिवारिक भन्दा पनि सामाजिक भावना बढी रहेको र आफ्नो विचारमा स्थिरता रहने उनको स्वभाव रहेको छ । उच्च शैलीको जीवन यापन गर्न नचाहने अनि जहिले पनि सरल जीवन यापन गर्न मन पराउँने उनको सानै देखिको स्वभाव रहेको छ । अर्यालमा धेरै सरलपन, सोझोपन रहेको र यो कुरा अरुले पनि महसुस गर्ने गरेको अर्याल बताउँछन् । साथीभाइ इष्टमित्र प्रति शङका भन्दा बढी विश्वास गर्ने गरेको बुझिन्छ[११] । उनमा रिसाउने स्वभाव कम रहेको छ । त्यति धेरै भ्रमण गर्न नपाए ता पनि मनोरम प्राकृतिक वातावरणमा रमाउने धरै रुचि रहेको बुझिन्छ । त्यसै गरी अग्रज प्रति आदर गर्ने र उनीहरूको कहिल्यै कुरा नकाट्ने उनको स्वभाव छ ।

अर्यालमा पहिला देखिनै पत्रपत्रिका पढ्न रुचाउने र त्यसमा पनि साहित्यिक पत्रपत्रिका बढी मन पराउँथे, सबै सँग घुलमिल हुन रुचाउने तर एक्लै बस्न भने नरमाइलो मान्ने र व्यवहारिक कार्यमा पनि जुनसुकै कार्य गर्न नहिच्किचाउने जस्ता रुचि र स्वभाव रहेको कुरा अर्यालकी श्रीमती गंगादेवी अर्यालले बताएकी छन् । अतः अर्यालमा भएका यिनै सरल रुचि स्वभावले उनको व्यक्तित्व शालीन, शिष्ट, र मर्यादित हुनुका साथै यसले उनलाई परिपक्व बनाएको पनि देखिन्छ । उनका साथीहरूले उनलाई समन्वयकर्ता मिलाउने स्वभाव भएको पनि मान्दछन् ।

## २.१३ भ्रमण

बालकदेखि बृद्धसम्म सबैका लागि भ्रमण रुचिको विषय हो । त्यसैले अच्युतशरण अर्यालको भ्रमणप्रति अत्यन्त रुचि भएको बुझिन्छ । फुर्सदको समयमा अध्ययन वा नयाँ स्थानहरूको भ्रमण उनका लागि चाखका कुरा हुन् । विद्यार्थी अवस्थामा छिमेकी देश भारतका केही ठाउँहरू उत्तरप्रदेश, राजस्थान, हरिद्वार, बृन्दावन मथुरा, आगरा, नयाँ दिल्ली आदिको

[११] श्रीमती गंगादेवी अर्यालबाट प्राप्त जानकारी

भ्रमण गर्नुका साथै नेपाल भित्र पूर्व मेचीदेखि कर्णाली सम्मका अधिकांश जिल्लामा भ्रमण गरेको पाइन्छ । उनी नेपालका धेरै जिल्ला र भारत र चीनका केही स्थानमा पनि घुमेको बताउँछन् । धार्मिक सिलसिलामा मुक्तिनाथ, जनकपुरधाम, बराहक्षेत्र, लुम्बिनी, मुस्ताङ, जुम्ला, पोखरा, पाल्पा, सुर्खेत लगायत हिमाली भेगमा हिउँमा चिप्लेटी खेलेको कुरा शोधनायकबाट जानकारी प्राप्त भएको छ ।

## २.१४ मान सम्मान र पुरस्कार

अच्युतशरण अर्यालले विद्यार्थी जीवन देखिनै विभिन्न पुरस्कारहरू प्राप्त गर्दै आएका छन् । प्राध्यापन क्षेत्रमा सेवारत भए पनि आफ्ना साहित्यिक सेवा र लेखनलाई जीवनको अभिन्न अङ्ग मान्ने अर्यालको योगदानलाई कदर गर्दै विभिन्न सङ्घ संस्थाले मान पदवी तथा पुरस्कार सम्मानित गरेका छन् । जसको विवरण यस प्रकार छ :

१. लक्ष्मी साहित्य पुरस्कार : २०४५ वालिङ् (बालसाहित्यको रूपरेखा)
२. शंखनारायण पुरस्कार : (२०४८) स्याङ्जा
३. महेन्द्र विद्याभूषण ‘क‘ (२०६१) : काठमाडौं
४. वीरेन्द्रनगर नगरपालिका प्रतीक उपहार वीरेन्द्रनगर
५. भु. पू. सैनिक आवासीय मा. वि वालिङ् द्वारा : प्रशंसापत्र वालिङ
६. दीर्घ सेवा पदक त्रि. वि.

यसका साथै केटाकेटी ओआरजीद्वारा नेपाली बालसाहित्यमा पहिलो पि. एच. डी. गर्ने भनी इन्टरनेटमा फोटो ग्यालरीमा समावेश गरिएको छ ।

## २.१५ राष्ट्रिय अन्तराष्ट्रिय गोष्ठीमा सहभागिता

राष्ट भाषा नेपालीका मध्यमाञ्चल क्षेत्रीय भाषिकाहरू तथा मध्यपश्चिमाञ्चलमा प्रचलित राष्ट्रिय भाषाहरू विषयक राष्ट्रिय गोष्ठी २०६२ जेष्ठ २२-२३ गते नेपाल प्रज्ञाप्रतिष्ठान काठमाडौंमा, जाति भाषिक सन्दर्भमा सुर्खेतको बोटे भाषा विषयमा कार्यपत्र प्रस्तुति गर्ने जस्ता विभिन्न राष्ट्रिय गोष्ठीमा सहभागी भएको पाइन्छ । इन्टरनेशनल सेमिनार एडुकेशनल एन्ड फिमेल रिर्सच इन रिमोट एरिया अफ नेपाल २४ मार्च २००० त्यसैगरी द एम्वेसी अफ जापान,

जापान नेपाल फिमेल एडुकेसम काठमाडौंमा महिला शिक्षा र नेपालमा पिछडिएका क्षेत्रका महिला शिक्षिकाका बारेमा कार्यपत्र प्रस्तुति गरेका थिए ।

### २.१६ जेल जीवन

अच्युतशरण अर्याल वि. सं. २०३२/०३३ तिर नेपालमा नयाँ शिक्षाको जल्दो बल्दो प्रयोग थियो र उनी पनि नेपालमा संस्कृत अध्ययन गर्न भनेर दाङमा प्रवेश परीक्षा दिन गएका थिए । त्यहाँ बसेर प्रवेश परीक्षा दिइ सकेपछि उनीहरूलाई परिणाम नआउँदै प्रशासनले कम्युनिष्ट केटाहरू भनेर बारेन्ट जारी गऱ्यो र अर्याल लगायत अरु साथीहरू रातारात दाङ देउखुरी कोइलाबास तिर लागे । जंगलमा बास बस्दै ५ दिन लगाएर कोइलाबास पुग्दा भारत जान रोक लगायो र त्यहाँ नेपाल प्रहरीले समाएर १५ दिन थुन्यो[१२] ।

[१२] शेध नायकबाट प्राप्त जानकारी

# तेस्रो अध्याय

# अच्युतशरण अर्यालको व्यक्तित्वको अध्ययन

### ३.१ विषय प्रवेश

व्यक्तित्व भनेको एउटा व्यक्तिले समग्र रूपमा हासिल गरेका क्रियाकलापहरू जस्तो गुण अवगुण उसले प्राप्त गरेका सामाजिक मान मर्यादा र व्यक्ति निष्ठ आन्तरिक एवम् बाह्य यावत चिनारी हो । जुनसुकै व्यक्तिको आफ्ना निजी पहिचान हुन्छ । कुनै व्यक्तिको निजी पहिचान भनेको उसको व्यक्तित्व हो । अर्थात जुन गुण दोषका आधारमा ऊ समाजमा परिचित हुन्छ त्यही उसको व्यक्तित्व हो । कुनै पनि व्यक्तिको व्यक्तित्वका पक्षहरूलाई निश्चित मापदण्डमा मात्र सीमित गरेर हेर्न सकिदैन । तापनि व्यवहारिक सुविधाका लागि व्यक्तित्वलाई विभिन्न आधारमा वर्गीकरण गरेर हेरिएको पनि पाइन्छ । जुनसुकै व्यक्तिको आफ्नो व्यक्तित्व निर्माणका लागि आवश्यक पर्ने कारक तत्वहरू प्रतिभा, लगनशीलता, क्षमता, बौद्धिकता र विचारका विभिन्न आधारहरूरहेका हुन्छन् यी कुराहरूका अतिरिक्त व्यक्तित्व निर्माणका वंशानुगत गुण, जैविक निर्धारकहरूमा वंशानुक्रम, शारीरिक सुगठन, रसमय स्नायुमण्डलको विशेष प्रभाव रहन्छ भने सामाजिक निर्धारक तत्वहरूमा जीवनका समग्र क्रियाकलापहरूको प्रभाव परेको देखिन्छ । त्यसैगरी मानवीय व्यक्तित्व निर्माणमा पारिवारिक रहन सहन, भेषभूषा, विचार व्यवाहार जस्ता सांस्कृतिक कुराहरूको पनि विषेश भूमिका रहेको पाइन्छ । एउटा व्यक्तिले जीवनमा साहित्यकार, डाक्टर, समाजसेवी, पत्रकार, खेलाडी, कुटनीतिज्ञ, राजनीतिज्ञ, दार्शनिक, वैज्ञानिक आदि व्यक्तित्व हासिल गर्न सक्छ । व्यक्तित्व निर्माण गर्ने पद्धति विधि र तरिका व्यक्ति अनुसार फरक-फरक हुने गर्दछ ।

जुनसुकै व्यक्तिको आ-आफ्नै व्यक्तित्व हुने गर्छ भने आ-आफ्नै निजत्व पनि हुने गर्दछ । त्यसैगरी मनोवैज्ञानिक आधारमा मानवीय व्यक्तित्वलाई बहिर्मुखी र अन्तरमुखी गरी दुई भागमा विभाजन गरेर पनि हेर्न सकिन्छ । शारीरिक रूपमा देखिने व्यक्तित्व बहिर्मुखी हो भने मानसिक रूपमा निर्मित भएको व्यक्तित्व अन्तरमुखी हो । कुनै व्यक्तिलाई उच्च स्थानमा पुऱ्याउने व्यक्तित्व भनेको आन्तरिक व्यक्तित्व नै हो । अच्युतशरण अर्यालको व्यक्तित्वको

उपर्युक्त तथ्यका आधारमा भएको मान्न सकिन्छ । अतः अच्युतशरण अर्यालको व्यक्तित्वको निर्माणका लागि आवश्यक विभिन्न पक्ष रहेका छन् । तिनलाई तलका विभिन्न शीर्षक अन्तर्गत चर्चा गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको बाह्य व्यक्तित्व भनेको शारीरिक व्यक्तित्व नै हो । झट्ट हेर्दा बाहिरबाट स्पष्ट रूपमा देखिने शारीरिक बुनोट र बनोट सम्बन्धी व्यक्तित्व नै बाह्य व्यक्तित्व हो । यही आधारमा अच्युतशरणलाई हेर्दा ५४ औ वसन्त पार गरिसकेका ५ फिट ३ इन्च उचाई र ६२ किलोग्राम तौल मोटो परिपुष्ट शरीर, गहुँगोरो वर्ण र मिलेको शारीरिक बनोट देखिन्छ । गम्भीर स्वभाब भएका अर्यालले कम बोल्ने र सबै खाले आगन्तुकहरूसँग हार्दिकता साथ प्रस्तुत हुनुले झन उनको व्यक्तित्व ज्यादै आकर्षक देखिन्छ । कुनै पनि बाह्य तडक भडक देखिदैन । सधै सरलता सहजता र स्वभाविकताको अनुशरण गर्ने अर्याल केही बोल्न पर्दा गम्भीर चेहरामा प्रस्तुत हुँदै आफ्ना भनाइहरू सरल र सहज रूपमा प्रस्तुत हुने गर्दछन् । अर्याल सामान्य लवाई र आवश्यकताको उपभोग गर्न चाहने हुनाले उनमा कुनै पनि किसिमको उत्ताउलोपना, अहंवृत्ति र भड्किलोपना पाइँदैन । यसरी अर्यालका चम्किला आँखा, फुर्तिलो जिउ, आदि शारीरिक व्यक्तित्वका आवश्यक तत्व हुन् र पहिचान हुन् भन्न सकिन्छ ।

## ३.३ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले उसको समाजसँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ । त्यसैले गर्दा उसले गर्ने हरेक क्रियाकलाप समाजसँग सम्बन्धित रहेका हुन्छन् । सानैदेखि दुःखी गरिबहरूको सेवा गर्न तर्फ लागेको बताउने अच्युतशरण अर्याल सामाजिक क्षेत्रमा संलग्न भएर व्यक्तिगत तथा सामूहिक रूपमा सामाजिक विकास कार्यमा सक्रियता देखाएका छन् ।

साहित्यका अतिरिक्त सामाजिक कार्यमा पनि उत्तिकै दत्तचित्त भइ संलग्न रहेका अर्याल विभिन्न सङ्घ-सस्थासँग आबद्ध रहेका छन् । देश र जनताको सेवामा समर्पित अर्यालको साहित्य सिर्जनाले पनि समाजलाई ठूलो योगदान पुऱ्याइ रहेको छ । समाजमा परि आएका हरेक कार्यहरूमा सक्रियरूपमा सहभागी बन्दै आएका अर्याल हाल सम्म मुख्यतः निम्न सङ्घ सस्थामा आबद्ध रहेका छन् :

१. बालकल्याण समिति आजीवन सदस्य सुर्खेत (२०४५)

२. प्रमाणवाद समूह सुर्खेत (२०४६)

३. सुर्खेती कलासाहित्य परिवार (२०४७)

४. स्याङ्जा साहित्य प्रतिष्ठान (२०४८)

५. प्रगतिशील लेखक सङ्घ सुर्खेत (२०४९)

५. नेपाल बालसाहित्य समाज सदस्य (२०५०)

६. अध्यक्ष भेषजराज साहित्य प्रतिष्ठान वालिङ् (२०६३)

७. साहित्यिक पत्रकारसङ्घ मध्यपश्चिमाञ्चल सदस्य सचिव

## ३.४ साहित्यिक व्यक्तित्व

अच्युतशरण अर्यालको साहित्यिक व्यक्तित्व अन्तर्गत मूलतः निबन्धकार कथाकार व्यक्तित्व प्रखर देखिए पनि सम्पादक, भूमिका लेखक, कवि, समालोचक आदि व्यक्तित्व रहेका छन् । अर्यालका साहित्यिक व्यक्तित्व निर्माणका आधार विभिन्न रहेका छन् । उनको आभ्यासिक र अनौपचारिक गरी झण्डै ३५ वर्षे साहित्यिक यात्रा रहेको देखिन्छ । औपचारिक लेखनको ३२ वर्षे यात्रामा उनले एक दर्जन पुस्तकार कृति  प्रकाशित छन् भने विभिन्न दैनिक, साप्ताहिक, मासिक आदि पत्रपत्रिकामा लेख रचनाहरू पनि प्रकाशन गरेको पाइन्छ । आफ्नै पहिचान र योगदान, अध्ययन अनुसन्धान र लगाव, विभिन्न सङ्घसस्था र आन्दोलनमा संलग्नता र क्रियाशीलताबाट साहित्यिक व्यक्तित्व निर्माण भएको बुझिन्छ । उनका यी व्यक्तित्वहरूका बारेमा विस्तारमा चर्चा गरिएको छ ।

## ३.५ निबन्धकार व्यक्तित्व

अच्युतशरण अर्यालको साहित्यिक व्यक्तित्वका विभिन्न पाटा मध्ये निबन्धकार व्यक्तित्व नै प्रमुख रूपमा रहेको बुझिन्छ । अर्यालको आभ्यासिक लेखन कथा, कविताबाट सुरु भए पनि प्रकाशनमा आएको लेखन भने निबन्ध नै प्रमुख रूपमा रहेको देखिन्छ[१३] । वि. सं. २०३९मा

[१३] वि. सं. २०३९ मा काठमाडौंबाट प्रकाशित रूपरेखाको पृष्ठ नं. २५६मा पर्खाइ नम्वर एक प्रकाशन

काठमाडौंबाट प्रकाशित रूपरेखाको पृष्ठ नं. २५६मा **पर्खाइ नम्वर एक** प्रकाशन भएको छ । त्यसपछि अर्यालको **अझेटाका बान्कीहरू** निबन्ध सङ्ग्रह (२०४१), त्रि. वि. मा प्रथम सिर्जनात्मक लेखनका रूपमा प्रकाशित भएको छ । यस सङ्ग्रहका अतिरिक्त उनका विभिन्न पत्रपत्रिकामा पनि फुटकर निबन्धहरू प्रकाशित भएको बुझिन्छ । जस्तोः **सुसेलीका चिन्तनहरू** स्तम्भ लेखन सुसेली साप्ताहिक सुर्खेत र **मन भित्रको आन्दोलन मोति निबन्ध** वालिङ (२०४८) आदि रहेका छन् । अर्यालले आफ्ना निबन्धहरू आत्मपरक रूपमा लेखेका छन् । अर्यालका निबन्धहरू बढी व्यङ्ग्यात्मक छन् र समाजको भित्री अवस्था र विसङ्गति तर्फ उन्मुख रहेका छन् । उनको **अझेटाका बान्कीहरू** निबन्ध सङग्रह एक व्यङ्ग्यात्मक निबन्ध सङग्रह हो ।

अच्युतशरण अर्यालबाट प्रमाणवादी निबन्ध लेखनलाई आफ्नो मूल क्षेत्र बनाएर सक्रिय एवम् प्रतिबन्ध हुने काम भएको पाइन्छ । साथै अर्यालको सक्रियताले प्रमाणवादी निबन्धलाई गति दिएको तर्फ शङ्का गर्ने ठाउँ छैन भन्ने डा. ताराकान्त पाण्डेयको भनाइले पनि उनको निबन्धकार व्यक्तित्वलाई उजागर गरेको छ । अच्युतशरण अर्याल निबन्धकारका रूपमा पनि परिचित रहेका छन् । उनका निबन्धहरूले समाजका बिकृति, विसङ्गति प्रति तिब्र व्यङ्ग्य प्रहार गरेका छन् ।  त्यसैले अर्याल व्यङ्ग्य निबन्धकारको रूपमा परिचित रहेका छन् । यसका अतिरिक्त अर्याललाई विभिन्न सांस्कृतिक, सामाजिक क्षेत्रसँग पनि जोडिएको पाइन्छ । उनी अत्यन्त सहयोगी न्यायका पक्षमा उभिने, सत्य कुरालाई निर्भिक रूपमा साथीहरूको बीचमा राख्ने र विषयलाई कुशलता पूर्वक प्रस्तुत गर्ने एक कुशल व्यक्तित्वका धनी पनि देखिन्छन् । कतिपय अवस्थामा उनी अत्यन्त शरल भइ दिन्छन् जुन सरलताले व्यवहारिक रूपमा उनलाई कमजोर बनाएको देखेको छु भन्ने विचार प्राध्यापक डा. जगदीशचन्द्र भण्डारीले व्यक्त गरेका छन् ।

## ३.६ कवि व्यक्तित्व

वि. सं. २०३५ सालको आँधीखोला शीर्षकको लामो कविता प्रकाशित गरी कविका रूपमा परिचित अर्यालका निम्न कविताहरू प्रकाशित भएका छन् : **कालापानी, जीवन, देशबगेको बेला, श्रवणकुमार,** (२०५४) **आदिम भूमि** (२०६८), **बालविहार** (२०६८) आदि

## ३.७ समालोचक व्यक्तित्व

अच्युतशरण अर्यालको साहित्यिक व्यक्तित्वका विचिन्न पाटामध्ये समालोचक व्यक्तित्व पनि प्रमुख रूपमा रहेको बुझिन्छ । अर्यालको आभ्यासिक लेखन कथा कविताबाट सुरु भए पनि उनी समालोचकका रूपमा पनि परिचित रहेका छन् वि.सं. २०४१ को आँधीखोले लोकगीतमा सामाजिक झलक शीर्षकको समीक्षात्मक लेखबाट अर्यालको समालोचना लेखनको प्रकाशनको औपचारिक ढोका खुलेको देखिन्छ । अर्यालको प्रमाणको रूपमा उनका समालोचनात्मक कृति र फुटकर समीक्षात्मक रचनाहरूलाई प्रस्तुत गर्न सकिन्छ । अर्यालको **नेपाल बालसाहित्यको रूपरेखा** (२०४५) प्रकाशित, **प्रमाणवादी दृष्टिमा स्याङ्जाका साहित्य** (विचार साप्ताहिक २०४८), **स्याङ्जाका जिउँदा सम्पादक** (आँधीखोला साप्ताहिक २०५४), भेषजराज शर्माको **साहित्य साधना** (विचार साप्ताहिक, २०५४), **वालिङ्को साहित्यिक पृष्ठभूमि** (आँधीखोला साप्ताहिक २०५४), **सुर्खेतको बोटेभाषा** सगुन ४ आदि प्रकाशित भएका समालोचनात्मक कृति हुन् । यी कृतिहरूमा उनका सैद्धान्तिक व्यवहारिक समीक्षा रहेका छन् । जसमा प्रगतिवादी चिन्तनको आधारमा व्याख्या विश्लेषण गरिएको पाइन्छ । अर्यालले प्रमाणवादलाई नै साहित्य समीक्षाको सैद्धान्तिक आधार बनाएका छन् । यी कृतिका अतिरिक्त उनका विभिन्न विधामा गरिएका सैद्धान्तिक एवम् व्यवहारिक समालोचनाहरू विभिन्न कृतिमा छरिएर रहेका छन् । उनको पुस्तकाकारका **समालोचना स्याङ्जाको साहित्य** (२०६८) हो ।

अच्युतशरण अर्यालका समालोचनाहरू निश्चित सैद्धान्तिक दृष्टिकोण भनेको प्रमाणवादी मान्यता वा सिद्धान्त नै हो । यसै सिद्धान्तमा आधारित भएर उनले सैद्धान्तिक र व्यवहारिक दुवै प्रकारका समालोचनामा क्रियाशीलता देखााएको पाइन्छ । ती समालोचनालाई हेर्दा के देखिन्छ भने उनी विषयको सूक्ष्म निरीक्षण गर्छन् र आफ्नो सिद्धान्तको आधारमा तिनको विश्लेषण गर्दै निष्कर्षमा पुग्छन् । यसरी उनी गम्भीर सैद्धान्तिक एवम् व्यवहारिक प्रमाणवादी समालोचकका रूपमा स्थापित हुन पुगेका छन् भन्ने विचार प्रा. डा. गोपीन्द्र पौडेलले वताएका छन्[१४] ।

---

[१४] शोधनायकका सहकर्मी गोपीन्द्र पौडेलबाट प्राप्त जानकारी

अर्याल प्रमाणवादी नेपाली समालोचनाको तेस्रो चरणमा देखिएका समालोचक हुन् । सुकुम शर्माले उल्लेख गर्नुले पनि उनको समालोचना सम्बन्धी सैद्धान्तिक आधार स्पष्ट हुन्छ । त्यसै गरी वि. सं. २०२१ पछिको कालखण्डमा देखा परेका समालोचकहरूमा अर्याल पनि एक हुन भन्ने कुरा राजेन्द्र सुवेदीले पनि बताएका छन् ।

अतः अच्युतशरण अर्याल सूक्ष्म निर्णयात्मक क्षमता भएका एक बौद्धिक प्रतिभाशाली प्रखर एवम् क्रियाशील प्रगतिवादी समालोचक हुन् भन्ने विचार समालोचकहरूले दिएका धारणा बाट पनि स्पष्ट हुन्छ । त्यसैले अर्यालको विभिन्न व्यक्तित्व मध्ये समालोचक व्यक्तित्व पनि एक हो भन्ने स्पष्ट हुन्छ ।

### ३.८ सम्पादक व्यक्तित्व

अच्युतशरण अर्याल साहित्यिक क्षेत्रमा क्रियाशील प्रखर प्रतिभाशाली व्यक्तित्व हुन् । साहित्यिक व्यक्तित्वका विभिन्न पाटामध्ये अर्यालको सम्पादक व्यक्तित्व पनि महत्वपूर्ण रहेको पाइन्छ । अर्यालले **आँधीखोला सांस्कृतिक पत्रिका वालिङ, पानस शैक्षिक पत्रिका सुर्खेत क्याम्पस, सिद्धपाइला कला नाफा पत्रिका** सुर्खेत रहेका छन् उनले सुर्खेतीको साहित्यिक सम्पादन, सिद्धपाइला कला पत्रिका सम्पादन र सुर्खेत क्याम्पस शिक्षाको **पानस पत्रिका** सम्पादन गरेको देखिन्छ । साथै **आँधीखोला** साप्ताहिक पत्रिका मार्फत ग्रामीण पत्रकारिताको क्षेत्रमा आधुनिक प्रविधिको सुलभ प्रयोग गरेर ग्रामीण क्षेत्रका जनतालाई संस्कृति प्रति सजग गराएको पाइन्छ । उनकै सम्पादनमा आँधीखोला साप्ताहिक (२०५४) १५ अङ्क प्रकाशन भएको थियो ।

### ३.९ भूमिका लेखक व्यक्तित्व

भूमिका लेखन पनि व्यक्तित्व निर्माणको एउटा महत्वपूर्ण पाटो हो[१५] । अर्यालको व्यक्तित्वका विभिन्न पक्ष मध्येको भूमिका लेखक व्यक्तित्वको पाटो पनि उल्लेख्य रूपमा रहेको छ । यो विषयमा जति कार्य गरेका छन् त्यसमा उनको भूमिका लेखन शैली पृथक् खालको रहेको देखिन्छ । यथार्थपरक वैचारिक मान्यतालाई आधार बनाएर रचनाको मूल्याङ्कन गर्ने

---

[१५] शेध नायकबाट प्राप्त जानकारी

क्षमता र कुशलता उनको भूमिका लेखनमा पाइन्छ । उनले यो कार्यमा सान्दर्भिक कुराहरूको चर्चा समेत गर्ने गरेका छन् । कमी कमजोरीहरूको आलोचना एवम् सबल पक्षको प्रशंसा सन्तुलित अभिव्यक्ति उनको भूमिका लेखनमा पाइन्छ । देवीप्रसाद वनबासीको छुनुमुनु कथा सङ्ग्रहको भूमिका लेखेका छन्[१६] । यसमा बालसाहित्यको ऐतिहासिक दृष्टिकोणले बालसाहित्यकार देवीप्रसाद वनाबासीको बालकथा **छुनुमुनुमा** अविभावकीय धारणा प्रस्तुत गरेका छन् । विश्वप्रेम अधिकारीको **वन्दीको मनस्थिति** कविता सङ्ग्रहको भूमिका लेखेको पाइन्छ । भेषजराज शर्माका कथाहरूको भूमिका लेखन वि. सं. २०६३ उल्लेखनीय छ । यसमा अर्यालले स्याङ्जाका कथाकार भेषजराज शर्माका कथाहरूको ऐतिहासिक पृष्ठभूमि उल्लेख गरेका छन् ।

## ३.१० पत्रकार व्यक्तित्व

अर्यालको पत्रकार व्यक्तित्व **दिनारम्भ साप्ताहिक** (२०३९) बाट सुरु भएको देखिन्छ । उनले नेपाली पत्रकारिताको क्षेत्रमा प्रेश प्रतिनिधि स्तम्भकार सुसेली साप्ताहिक सम्पादन, आँधीखोला साप्ताहिक उल्लेखनीय छन् । पत्रकारका[१७] रूपमा अर्यालले अन्तरङ्ग सम्पादन वि. सं. २०३९/४० स्तम्भकार, सुसेली साप्ताहिक[१८] २०४९/५९ सम्म सम्पादन गरेर २०५४ मा आँधीखोला साप्ताहिक १५ अङ्कसम्म सम्पादन गरेको पाइन्छ ।

## ३.११ कथाकार व्यक्तित्व

अर्यालको पहिलो कथा ठूलाघरकी बुहारी[१९] भन्ने शीर्षकमा प्रकाशित भएको देखिन्छ । यो कथा सगरमाथा नेपाली छात्रसङ्घ मुखपत्रमा प्रकाशित रहेको छ । सन् १९७५ मा हरिद्वारबाट यो पत्रिका प्रकाशित भएको देखिन्छ । पहिलो कथा भएर पनि यो कथाले नारी मनोविज्ञानलाई यथार्थवादी रूपमा प्रस्तुत गरेको छ । यसपछि अर्यालको अर्को कथा हिमज्योति नेपाली

---

[१६] भेषजराज शर्माका कथाहरू भूमिका लेखन वि. सं. २०६३

[१७] अन्तरङ्ग सम्पादन वि. सं. २०३९/४०

[१८] सुसेली साप्ताहिक सम्पादन २०४९/५९

[१९] हरिद्वारको सगरमाथा वर्ष १४अङ्क १४ पत्रिकाको पृष्ठ २४ र २५

छात्रसङ्घ बृन्दावनबाट प्रकाशित रहेको देखिन्छ र कथाकार अर्यालका कथाहरू हेर्दा उनका लामा कथा र सूत्रकथाहरू रहेका देखिन्छन् । अर्यालका सूत्रकथाहरू सगुन साहित्यिक पत्रिकामा प्रकाशित छन् । उनका सूत्रकथाको बारेमा पृथ्वीनारायण क्याम्पस स्नातकोत्तर नेपाली विभागबाट शोध अनुसन्धान भएको देखिन्छ । उनको फिचरकथा पनि प्रकाशित छ ।

उनले बाललोककथा सङ्ग्रह २०६५ मा र २०६८ मा सानासहरका कथा (बालफिचर कथा ) प्रकाशन गरेका छन् ।

## ३.१२ शोध व्यक्तित्व

अर्यालले नेपाली शोध लेखनको क्षेत्रमा २०४१ सालमा त्रि. वि. वि. बाट स्नातकोत्तर तहको भिलेज प्रोफाइल तयार गर्ने क्रममा **आँधीखोले लोक गीतमा सामाजिक झलक** शीर्षकमा ग्रामीण अध्ययन प्रतिवेदन प्रस्तुत गरेको देखिन्छ । त्यसपछि उनले नेपाली बालसाहित्यको रूपरेखा २०४५ मार्फत नेपाली बालसाहित्यको इतिहास निर्माणमा नयाँ क्षेत्र पहिचान गरेको देखिन आउँछ । यो क्रमलाई उनले **प्रमाणवादी दृष्टिमा स्याङ्जाको साहित्य** जस्ता लेख मार्फत विभिन्न पत्रिकाहरूमा स्थानीय साहित्यिक इतिहास लेखनलाई महत्व दिएको देखिन्छ । उनले हालसम्म गरेका महत्वपूर्ण शोधकार्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. आँधीखोला लोकगीतमा सामाजिक झलक (२०४१) [२०]

२. नेपाली बालसाहित्यको रूपरेखा (२०४५)

३. प्रमाणवादी दृष्टिमा स्याङ्जाको साहित्य (२०४८)

४. सुर्खेतको नेपाली साहित्य (२०५०) त्रि. वि. अनुसन्धान महासाखामा प्रस्तुत प्रतिवेदन

५. नेपाली भाषा शिक्षणका सन्दर्भममा नेपाली बालसाहित्य शिक्षाशास्त्र सङ्काय (२०५७)

६. नपाली बालसाहित्यिक अध्ययन (विद्यावारिधि शोधप्रबन्ध त्रि. वि. २०६०)

६. संस्कृत स्रोतको बालसाहित्य अनुसन्धान केन्द्र महेन्द्र संस्कृत विश्वविद्यालय (२०६२)

७. स्याङ्जा पर्वतीय नेपाली भाषा साहित्य (२०६३)

८. जाति भाषिक सन्दर्भमा सुर्खेतको बोटे भाषा (२०६२) प्रज्ञाप्रतिष्ठान

९.पश्चिमी लोक साहित्य (२०६५)

---

[२०] त्रि. वि. स्नातकोत्तर तह, भिलेज प्रोफाइल आँधीखोले लोक गीतमा सामाजिक झलक २०४१

१०. नेपाली बाललोकसाहित्य (२०६५)

११. नेपालका भाषाहरूको जातिभाषिक अध्ययन

१२. किशोर साहित्य सिद्धान्त र सिर्जना (२०६८)

१३. प्रमाणवाद देखि आनन्दवादसम्म (२०६८)

१४. भाषा शोध पद्धति

१५. नेपाली शोध प्रस्ताव लेखन (२०६८)

**३.१३ प्रशासक व्यक्तित्व**

अच्युतशरण अर्यालले निम्न सङ्घ सस्थामा प्रशासक व्यक्तित्व भएर काम गरेका छन् ।

१. अतिरिक्त क्रियाकलाप प्रमुख (२०४५/४७) सुर्खेत शिक्षा क्याम्पस,

२. वार्डेन (२०६०/६१) पुरुष छात्रावास सुर्खेत क्याम्पस

३. क्याम्पस प्रमुख जुम्ला बहुमुखी क्याम्पस (२०५५/५८)

४. स्नातकोत्तर नेपाली शिक्षा विभागीय प्रमुख (२०६२) सुर्खेत क्याम्पस

५. सहायक क्याम्पस प्रमुख पाटन संयुक्त क्याम्पस (२०६५-हाल सम्म)

**३.१४ प्राध्यापक व्यक्तित्व**

अच्युतशरण अर्यालका साहित्येतर व्यक्तित्वको अन्य पाटा मध्ये प्राध्यापक व्यक्तित्व एउटा महत्वपूर्ण पाटो रहेको पाइन्छ । पेसागत लगाब र क्रियाशीलताले गर्दा व्यक्तित्व निर्माणको यो पक्ष सवल बन्न पुगेको छ । अर्यालले वि. सं. २०४१ सालदेखि प्राध्यापन पेसा अङ्गालेको पाइन्छ । वीरेन्द्रनगर बहुमुखी क्याम्पस सुर्खेतबाट सुरु गरेर सुर्खेत क्याम्पस शिक्षा वीरेन्द्रनगर, नेपाल आदर्श उच्च मा.वि. वालिङ, जुम्ला बहुमुखी क्याम्पस जुम्ला र वि.सं. २०६२ देखि हालसम्म पाटन संयुक्त क्याम्पस पाटनढोका ललितपुरमा नेपाली भाषाशिक्षणका प्राध्यापकका साथै यसै क्याम्पसका सहायक क्याम्पस प्रमुख भएर हालसम्म कार्यरत रहेको

देखिन्छन् । यसका साथै नेपाली भाषा तथा राष्ट्रिय भाषा विषय समिति डिनको कार्यालय शिक्षाशास्त्र सङ्काय त्रि. वि. को सदस्यको रूपमा पनि रहेका छन्[२१] ।

अच्युतशरण अर्याल प्राध्यापनको क्षेत्रमा सफल प्राध्यापकका रूपमा स्थापित भएका छन् । आफ्नो प्राध्यापकीय दायित्वलाई उनले निष्ठापूर्वक निर्वाह गरेका देखेको छु भन्ने भनाइ डा. गोपीन्द्र पौडेलले व्यक्त गरेका छन् ।

### ३.१५ शिक्षक व्यक्तित्व

अच्युतशरण अर्यालको साहित्येतर व्यक्तित्वका विभिन्न पाटाहरू मध्ये शिक्षक व्यक्तित्व पनि महत्वपूर्ण पाटोको रूपमा रहेको पाइन्छ । अर्यालले विद्यालय तहबाट अध्यापनको सुरुवात गरेको हुनाले उनले शिक्षण पेसालाई महत्वपूर्ण पेसाको रूपमा लिएका छन् । अध्ययन र अध्यापन वैकल्पिक पाटोका रूपमा रहेपनि शिक्षण पेसा रुचिको विषय रहेको बताएका छन् । वि सं. २०३४ सालमा आइ ए. पास गरेपछि २०३७ सालमा जिल्ला शिक्षा शाखा स्याङ्जाबाट नियुक्तिपाइ श्री माझकोट मा.वि. स्याङ्जामा शिक्षण कार्यमा संलग्न रहेको बुझिन्छ । त्यस्तै वि.सं. २०४० देखि २०४१ सम्म श्री कृष्ण मा.वि. काभ्रेमा माध्यमिक शिक्षकको रूपमा कार्य गरेको बुझिन्छ । अर्को नेपाल आदर्श उच्च मा.वि.को स्थापना, सञ्चालन र प्राध्यापनमा सहयोग पुऱ्याएको पाइन्छ । वि. सं. २०५४/२०५५ सम्म उनले उच्च माध्यमिक क्षेत्रमा शैक्षिक योगदान दिएको देखिन्छ ।

---

[२१] शोध नायकबाट प्राप्त जानकारी

### ३.१६ बाल साहित्यकार व्यक्तित्व

बाल साहित्यकार व्यक्तित्वका रूपमा अर्यालका दुई पाटा देखिन्छन् ।

**क) प्रथम पाटो सिर्जनात्मक बालसाहित्यिक व्यक्तित्व :**
यस पाटो अन्तर्गत अर्यालले बालोपयोगी ऐतिहासिक र सामाजिक पक्षलाई सिर्जनाको क्षेत्रमा प्रयोग गरेका छन् । यसको उदाहरण **श्रवणकुमारलाई** लिन सकिन्छ साथै पश्चिमी **बाललोककथा** सङ्ग्रह २०६५ पनि सृजनात्मक कृति हो ।

**ख) दोस्रो पाटो बालसाहित्य समीक्षकः** दोस्रो पाटो बालसाहित्य समीक्षकलाई लिन सकिन्छ । यस क्रममा उनले निम्नानुसार काम गरेको देखिन्छ :

१.) प्रमोद प्रधानले बालवाङ्मय कोशमा उल्लेख गरे अनुसार अर्यालको समीक्षात्मक लेखन ऐतिहासिक मानिन्छ । अर्यालले पहिलोपल्ट बालसाहित्यको इतिहास लेखेको कुरा उक्त ग्रन्थ अध्ययन गर्दा थाहा पाइन्छ ।

२.) अर्याल बालसाहित्य समालोचना विधामा योगदान दिनेहरूको सूचीमा आबद्ध छन् । बालसाहित्यको क्षेत्रमा अर्यालको नेपाली लोक बालखेल गीतहरू नामको समालोचनात्मक कृति प्रकाशित भएको देखिन्छ । यसैगरी उनको स्याङ्जाको बालसाहित्य नामको समालोचना पनि प्रकाशित छ ।

### ३.१७ राजनीतिक व्यक्तित्व

अर्यालको राजनीतिक चेतना नेपाली विश्वविद्यालयमा संस्कृत विद्यापीठ दाङ पढ्न आउँदादेखि प्रारम्भ भएको देखिन्छ [२२]। २०३६ सालमा बनारसमा हिन्दू विश्वविद्यालयमा पढ्दै गर्दा उनी नेपाल आएका थिए र त्यस अवसरमा उनले बहुदल र निर्दलको जनमत सङ्ग्रहमा उनले बहुदल पक्षीय राजनीतिमा संलग्न भएको बताएका छन् । उनले २०३६ सालमा वि.पी. कोइरालाको प्रवचन बनारसमा सुनेको, नेपाली क्रान्तिबारे पुष्पलालको पुस्तकहरू पढेको र

---

[२२] शोधनायकबाट जानकारी

मोदनाथ प्रश्रितका अध्ययन सामग्री र प्राध्यापक डा.डिल्लीराम तिम्सिना पाञ्चाली विराटनगरको प्रत्यक्ष प्रभाव उनको चेतना निर्माणमा रहेको कुरा शोधनायकबाट जानकारी भएको छ । डा. तिम्सिनाको प्रभावबाट प्रजातान्त्रिक प्रणाली र शोध अनुसन्धान कार्यलाई अगाडि बढाउँन सहयोग पुगेको कुरा उल्लेखनीय छ । तिम्सिनाको सहयोगले बालसाहित्यमा अध्ययन गर्न सकिने आधार उनले लिखित रूपमा नै प्राप्त गरेको देखिन्छ । यसबाट राजनीतिक व्यक्तित्व निर्माणमा त्रि.वि. कीर्तिपुर स्नातकोत्तर अध्ययनले मुख्य भूमिका खेलेको बुझिन्छ । कीर्तिपुरमा अध्ययन गर्दा भीम न्यौपाने, टंक कार्की, गौरी प्रधानहरूको समूहमा रही काम गरेको देखिन्छ । वि.सं. २०४२ सालमा भएको शिक्षक आन्दोलनमा प्रगतिशील शिक्षकहरूलाई सहयोग गरेको, २०४६ सालको आन्दोलन पूर्व हर्षनारायण भूडेल समूहमा रही नेपाल प्राध्यापक सङ्घको मध्यपश्चिमाञ्चल क्षेत्रीय सदस्यमा उमेद्वार भएको कारणले जागिर छुटेको, २०४७ साल पछि सुर्खेतमा प्रगतिशील लेखक सङ्घ स्थापना गरेको, नेपाल बुद्धिजीवी सङ्गठनमा आबद्धभइ काम गरिरहेको पाइन्छ । उनले राजनीतिक चेतनाको विकासमा म्याक्सीम गोर्कीको **आमा** उपन्यासको ठूलो प्रभाव रहेको जनाएका छन् । ऐतिहसिक दृष्टिले अर्यालको राजनीतिक चेतनाको जगमा पुष्पलाल, भेषजराज शर्मा, महेन्द्र गिरी, जिवेन्द्रदेव गिरी, डिल्लीराम तिम्सिना, के. पी. अर्याल, कृष्णबम मल्ल, सरदार भीमबहादुर पाण्डे, डा. श्यामसुन्दर दास, डा. निगमानन्द परमहंस आदिको प्रेरणा र प्रभाव रहेको छ[२३] ।

यसबाट अर्यालको राजनैतिक व्यक्तित्व, प्रजातान्त्रिक प्रगतिशील र क्रान्तिकारी धारसँग जोडिएर गएको देखिन्छ ।

## ३.१८ सांस्कृतिक व्यक्तित्व

अर्यालको जीवन शैली जनसंस्कृतिको पक्षमा उभिएको देखिन्छ । अर्यालको जीवन चेतनाको स्रोत वैष्णव दर्शनसँग जोडिएको देखिन्छ । यसको फलस्वरूप सामान्य मान्छेप्रति सहानुभूति राख्ने बानीको विकास भएको पाइन्छ । परम्परागत संस्कृति चेतनासँगै अर्यालले आर्जन गरेको सांस्कृतिक प्राप्ति हिन्दू दर्शन र बौद्ध दर्शनसँग सम्बन्धित देखिन्छ । उनले विना

[२३] शोध नायकबाट प्राप्त जानकारी

प्रमाण केही नमान्ने अवधारणालाई स्थापित गर्न नेपाली साहित्यमा प्रमाणवाद स्थापित गरेको देखिन्छ । प्रमाणवाद हुँदै विकसित उनको सांस्कृति चेतना हाल आएर आनन्दवादमा अडिएको छ ।

यसरी परम्परागत सांस्कृतिक अर्जित संस्कृति, आविष्कृत संस्कृति र भौतिकवादी संस्कृतिको द्वन्द्वबाट मानवीय सांस्कृतिक विकासको आधार सृजना भएको उनले बताएका छन् । यही द्वन्द्वात्मक गतिशीलतालाई नाघ्न सके मानव जीवनको उद्देश्य प्राप्ति हुने र आनन्दवादी संस्कृतिको विकास हुने उनको ठम्याइ छ ।

### ३.१९ साङ्गठनिक व्यक्तित्व

अर्यालका साङ्गठनिक क्रियाकलापलाई विभिन्न आधारमा प्रस्तुत गर्न सकिन्छ । उनले अध्ययन कालमा सांकृतिक मन्त्री भएर नेपाली छात्रसङ्घ हरिद्वारमा प्रथम नाटक प्रदर्शन गरेको र माइकमा बोल्न सिकेको कुरा उल्लेख गरेका छन् । त्यसै गरी वाकवर्द्धिनी छात्र परिषदको सदस्य भइ काम गरेको देखिन्छ । पश्चिम चार नम्वर छात्रमण्डल बनारसको सहसचिव हुँदै पछिल्लो समयमा अखिल नेपाल लेखक सङ्घ तथा नेपाल राष्ट्रिय प्राध्यापक सङगठनमा आबद्ध भएको देखिन्छ ।[२४] साहित्य कला सिर्जनाका प्रेरक हुनुका साथै अर्यालले सुर्खेती कलासाहित्य सचिव, प्रगतिलेखक सङ्घ सुर्खेत सदस्य, स्याङ्जा साहित्य प्रतिष्ठान सदस्य, भेषजराज साहित्य प्रतिष्ठानको अध्यक्ष भएर साङ्गठनिक सक्रियता देखाएका छन् ।

### ३.२० प्रेरक व्यक्तित्व

अर्यालको प्रमाणवाद समूह र आनन्दवाद समूहमा धेरै प्राज्ञिक व्यक्तित्वहरू सक्रिय छन् त्यसैले उनी प्रेरक व्यक्तित्व भएका व्यक्तित्व हुन् ।

### निष्कर्ष

अच्युतशरण अर्यालको व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन गर्दा उनको साहित्यिक व्यक्तित्व र त्यस अन्तर्गत पनि निबन्धकार व्यक्तित्व नै प्रभावशाली रहेको निष्कर्ष प्राप्त हुन्छ ।

---

[२४] शोध नायकबाट प्राप्त जानकारी

वि.सं २०३२ मा नेपाली छात्रसङ्घ हरिद्वारको सगरमाथा वर्ष १४ अङ्क १४ प्रत्रिकामा ठूला घरकी बुहारी नामका कथाको प्रकाशनबाट उनले औपचारिक रूपमा सिर्जनाका क्षेत्रमा प्रवेश गरेको पाइन्छ । अर्याल अध्यापनका साथसाथै समालोचनाको क्षेत्रमा समेत क्रियाशील देखिन्छन् । उनी समालोचनामा पनि प्रमाणवादी समालोचकका रूपमा चिनिएका छन् । साथै उनी पाटन संयुक्त क्याम्पस पाटनढोकामा सहायक क्याम्पस प्रमुख भएर हालसम्म कार्यरत रहेका छन् । उनले भूमिका लेखनमा पनि आफ्नो प्रतिभा प्रदर्शन गरेको देखिन्छ ।

यसरी निबन्धकार, समालोचक, सम्पादक, साहित्यिक वार्ताकार, प्रध्यापक, भूमिका लेखक, शोध अनुसन्धाता एवम् साहित्यिक र साहित्येत्तर व्यक्तित्वका पाटाहरू अर्यालमा विद्यमान रहेको पाइन्छ । उनका सैद्धान्तिक र व्यवहारिक समालोचनात्मक कृति, निबन्धात्मक तथा फुटकर समालोचनात्मक र निबन्धात्मक थुर्पै रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यसरी उनको अर्को पाटोलाई हेर्दा हालसम्म प्राध्यापन पेसामा सक्रिय रहेको देखिए तापनि उनको प्रमुख रूपमा सर्जक समालोचक र प्राध्यापक व्यक्तित्व नै उल्लेख्य रहेको निष्कर्ष प्राप्त हुन्छ ।

# चौथो -अध्याय

# अच्युतशरण अर्यालको कृतित्वको अध्ययन

## ४.१ विषय प्रवेश

अच्युतशरण अर्यालले विद्यार्थी जीवनदेखि नै साहित्य प्रति रुचि राखेपनि वि.सं. २०३२ सालदेखि आभ्यासिक लेखन आरम्भ भएको बुझिन्छ । यसरी वि. सं. २०३२ बाट अर्यालले कथा कविता लेख्न थालेको पाइन्छ । तर ती कथा कविता प्रकाशित नभइ लेखनमा मात्र सीमित रहेको देखिन्छ । प्रकाशनका दृष्टिले भने वि.सं २०३२ मा **ठूलाघरकी वुहारी** [२५] हरिद्धारबाट प्रकाशित भएको पाइन्छ । उनका पुस्तककार कृतिका साथै विभिन्न पत्रपत्रिकाहरूमा समीक्षात्मक लेख र निबन्धहरू प्रकाशित भएका छन् । यस अध्ययनमा अच्युतशरण अर्यालको कृतित्वको अध्ययन गरिएको छ । उनका साहित्यिक कृतिहरू सिर्जनात्मक, सैद्धान्तिक र समालोचनात्मक गरी तीन प्रकारका रहेका छन् । सिर्जनात्मक कृति अन्तर्गत **अझेटाका बान्कीहरू** (२०४१) आत्मपरक व्यङ्ग्य निबन्ध सङ्ग्रह साथै अन्य फुटकर निबन्धहरू विभिन्न समयमा विभिन्न पत्र पत्रिकामा छरिएर रहेका छन् । त्यस्तै **आँधीखोला लामो कविता** (२०४८), **श्रवणकुमार खण्डकाव्य** (२०५४), **बाललोक कथासङ्ग्रह** (२०६५) र **आदिम भूमि बालविहार** (२०६८) जनश्रुतिमूलक काव्य रहेका छन् ।

त्यसैगरि सिद्धान्त अन्तर्गत प्रमाणवाद सिद्धान्त सिर्जना (२०६०) र आनन्दवाद सिद्धान्त (२०६०) रहेका छन् । प्रमाणवादमा समीक्षा र सिर्जना रहेका छन् भने आनन्दवादमा पनि सिद्धान्त र सिर्जना रहेका छन् ।

त्यसैगरि समालोचना अन्तर्गत लोकसाहित्यमा लोकगीत, बालसाहित्यमा लोक बालसाहित्य, इतिहास लेखनका प्रथम बालसाहित्यकार र बाल साहित्यकार विषयक लेखक कोश रहेका छन् । त्यस्तै साहित्यमा इतिहास र स्रष्टापरक समालोचना रहेका छन् । यसका साथै दर्जनौं फुटकर समालोचना विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । अर्यालका समालोचनात्मक कृति र

---

[२५] "ठूलाघरकी वुहारी " सगरमाथा वर्ष १४ अङ्क १४ हरिद्धारबाट प्रकाशित

लेखहरू सैद्धान्तिक र व्यवहारिक गरी दुई प्रकारका छन् । सैद्धान्तिक समालोचना अर्न्तगत भाषिक, बालसाहित्यिक, लोकसाहित्यिक र साहित्यिक रहेका छन् ।
यस अध्ययनमा अर्यालको सिर्जनात्मक कृतित्वको अध्ययन, समालोचनाकारिताको प्रवृतिगत सर्वेक्षण र सैद्धान्तिक विष्लेषण तथा निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

## ४.२ अच्युतशरण अर्यालको साहित्यिक यात्रा

अच्युतशरण अर्यालको साहित्यिक यात्रालाई यसरी हेर्न सकिन्छ :

**क) प्रथम चरण : वि. सं. २०३२–२०४० सम्म**

अर्यालको प्रकाशित साहित्यिक लेखनको प्रारम्भ भने वि. सं. २०३२ सालमा ठूलाघरकी बुहारी[२६] नामक कथा लेखनबाट भएको देखिन्छ । यो कथा नेपाली छात्रसङ्घ हरिद्वारको सगरमाथा वर्ष १४ अङ्क १४ पत्रिकाको पृष्ठ २४ र २५ मा प्रकाशित भएपछि नेपाली साहित्यमा सार्वजनिक रूपमा देखा परेका हुन् । वि. सं. २०१८ सालमा स्थापित भएको नेपाली छात्रसङ्घ हरिद्वारको सांस्कृतिक मन्त्री भएर काम गर्ने अवसर अच्युतशरण अर्यालले प्राप्त गरेको देखिन्छ । यसरी अभ्यास सँगसँगै आरम्भ गरेको साहित्य लेखनमा अर्याल वि.सं. २०३४ मा कल्याणी पत्रिकामा दु:खी शीर्षकको कविता र त्यसपछि नेपाली छात्रसङ्घको मुखपत्र हिमज्योतिमा **म ढुक्क परेको छु** [२७] भन्ने कथा प्रकाशित भएको पाइन्छ । यो कथा हिमज्योति वर्ष (१५ अङ्क १५, २०३७) मा पृष्ठ ४६-४७ मा प्रकाशित छ । २०३५ सालको डायरीमा **सहर र रहर** नामक एकाङ्की पनि लेखेको देखिन्छ । यसरी प्रारम्भिक आभ्यासिक लेखनमा प्रवासी विद्यार्थी सङ्घहरूको भूमिका उल्लेखनीय छ । अच्युतशरण अर्यालको **आँधीखोला लामो कविता** (२०३५) सालमा **नम संगम प्रेस** वाराणसीमा प्रकाशित लामो कविता हो । यस लामो कवितामा कविले वर्तमान स्याङ्जा र पर्वतको सीमा क्षेत्रको जीवन, स्याङ्जा सदरमुकाम खण्डको जीवन, स्याङ्जा वालिङ क्षेत्रको जीवन, लेखकीय जन्मस्थानको पृष्ठभूमि आदिमा आधारित भएर सिर्जना गरेका छन् । **पर्खाइ नम्वर एक** निबन्ध रूपरेखा पत्रिकामा प्रकाशित (२०५६) प्रज्ञाप्रतिष्ठान पुस्तकालय रहेको देखिन्छ ।

---

[२६] हरिद्वारको सगरमाथा वर्ष १४ अङ्क१४ पत्रिकाको पृष्ठ २४ र २५

[२७] हिमज्योति वर्ष १५ अङ्क १५, २०३७ मा पृष्ठ ४६-४७

**ख) द्वितीय चरण** वि.सं. २०४१–२०५३ सम्म

अच्युतशरण अर्यालले कथा र एकाङ्कीबाट आभ्यासिक लेखन सुरु गरेतापनि उत्तरोत्तर निबन्ध, लामो कविता लोककाव्य जस्ता सिर्जना समालोचना र सिद्धान्तलाई मुख्य विधा बनाएको देखिन्छ । अर्यालको **अभ्रेटाका बान्की** (२०४१) निबन्ध सङ्ग्रह सिर्जनात्मक कृतिका रूपमा रहेको छ । यो निबन्ध सङ्ग्रहमा विभिन्न शीर्षक अन्तर्गत एघारवटा निबन्धहरू सङ्कलित रहेका छन् । मोती निबन्ध सङ्ग्रहमा **मनभित्रका आन्दोलन** (२०४८), मोती निबन्ध **स्याङ्जाका सिर्जनात्मक निबन्धहरू**[२८] प्रकाशन भएका छन् । यस चरणमा अर्यालले सुर्खेतको नेपाली साहित्य एक सर्वेक्षण प्रतिवेदन त्रि.वि. अनुसन्धान महासाखामा बुझाएको देखिन्छ । यसमा उनले सुर्खेतको सामान्य पृष्ठभूमि सहित सुर्खेतको लोकसाहित्यको विवरण दिएका छन् । **बालसाहित्यको रूपरेखा** (२०४५) उनले यो साहित्यिक अध्ययन प्रमाणवादी आधारमा गरेको हुँदा यसमा प्रमाणवादी समालोचना सिद्धान्तको प्रभाव देखिन्छ । यसमा उनले सुर्खेतको परिचय देखि सुर्खेतको साहित्यको विभाजन, लोकसाहित्य लिखित साहित्यको जानकारी दिएका छन् । यसैगरी प्रमाणवाद यथास्थिति परम्पराबाट पालिएका बौद्धिक शोषक सामन्तहरूको साहित्यिक कलाकृति, चोरहरूको खेदो खन्ने अभियान हो । **प्रमाणवाद** (२०४६ घोषणा व्याख्या २०४८) प्रकाशित सिर्जना, यस्तो खेदो खन्नुको अर्थ कला साहित्यिक तथ्यपरक सत्य खोजसँग मात्र सीमित छ । २०५१ सालमा सुर्खेतको नेपाली साहित्य सोधकृति यो त्रि.वि. अनुसन्धान महाशाखामा प्रस्तुत गरिएको थियो । **नेपालमा बालसाहित्य आन्दोलन** (२०५३) घोषणापत्र प्रकाशन काठमाडौं महेन्द्र प्र.गिरी र अच्युतशरण अर्याल भएकाले यसलाई अर्यालका द्वितीय चरणका रूपमा लिन सकिन्छ ।

**ग) तृतीय चरण** (वि. सं. २०५४–२०६४ सम्म)

अच्युतशरण अर्यालको साहित्यक यात्रालाई तेस्रो चरणका रूपमा **लोक साहित्य आन्दोलन** (२०५४ को घोषणा), **श्रवणकुमार लोक काव्य** (प्रकाशन २०५४), **भाषा शिक्षणका सन्दर्भमा बालसाहित्य** (प्रतिवेदन २०५७) त्रि.वि. शिक्षाशास्त्र सङ्काय डिन कार्यालयमा प्रस्तुत, **नेपाली बालसाहित्यको अध्ययन विद्यावारिधि शोधप्रबन्ध** २०५८ मानविकी सङ्काय डिन कार्यालय त्रि.वि.संस्कृत स्रोतका बालसाहित्य महेन्द्र संस्कृत विश्वविद्यालय प्रस्तुत विशेष अनुसन्धान

---

[२८] मोती निबन्ध  सिर्जनात्मक निबन्धहरू प्रकाशक मोति साहित्य प्रतिष्ठान वालिङ् (२०४८)

प्रतिवेदन (२०६२), **नेपाली बालसाहित्यकार कोश** अक्सफोर्ड प्रकाशन (२०६३) सहलेखन, **भेषजराज शर्माका कथा सम्पादन** (२०६४), **आनन्दवाद घोषणा पत्र** (२०६४) लाई लिन सकिन्छ ।

**घ) चतुर्थ चरण** (२०६५ –हालसम्म)

अच्युतशरण अर्यालको साहित्यिक व्यक्तित्व अन्तर्गत मूलतः निबन्धकार कथाकार व्यक्तित्व प्रखर देखिए पनि सम्पादक, भूमिका लेखक, कवि, समालोचक आदि व्यक्तित्व रहेका छन् । अर्यालका साहित्यिक व्यक्तित्व निर्माणका आधार विभिन्न रहेका छन् । उनको आभ्यासिक र अनौपचारिक गरी भ्रण्डै ३५ वर्षे साहित्यिक यात्रा रहेको देखिन्छ । औपचारिक लेखनको ३२ वर्षे यात्रामा उनले एक दर्जन पुस्तकार कृति प्रकाशित छन् भने विभिन्न दैनिक, साप्ताहिक, मासिक आदि पत्रपत्रिकामा लेख रचनाहरू पनि प्रकाशन गरेको पाइन्छ । यस चरणमा उनका विभिन्न कृतिहरू प्रकाशन भइ सकेका छन भने दर्जनौं प्रकाशोन्मुख रहेका छन् । **पश्चिमी लोकसाहित्य** (२०६५), **नेपाली बाललोक साहित्य** (२०६५), **स्याङ्जाको साहित्य** (२०६८), **प्रमाणवाद देखि आनन्दवाद** सम्म सिद्धान्त व्याख्या (२०६८) । यी बाहेक पनि अर्यालका विविध विधा विषयक समालोचनात्मक रचना तथा कविताहरू विभिन्न साप्ताहिक एवम् दैनिक पत्रिकाहरूमा प्रकाशित भएका छन् ।

## ४.३ अच्युतशरण अर्यालका कृतिहरू

अच्युतशरण अर्यालका विविध विधा विषयक समालोचनात्मक रचना तथा कविताहरू विभिन्न साप्ताहिक एवम् दैनिक पत्रिकाहरूमा प्रकाशित भएका छन् । ती रचनाहरूको विवरण कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

| **क्रस** | **कृति** | **प्रकाशन मिति** | **प्रकाशन स्थान** | **वर्ष अङ्क** |
|---|---|---|---|---|
| १. | प्रमाणवाद कला सिर्जना र समालोचनाका सन्दर्भमा | २०४७ | सुर्खेत | सुर्खेती १ |
| २. | साहित्यिक इतिहास दर्शन चेतना र विकास | २०४९ | सुर्खेत | सुर्खेती ४–५ |

| | | | | |
|---|---|---|---|---|
| ३. | साहित्यिक इतिहास लेखन र प्रयोग | २०४९ | सुर्खेत | |
| ४. | बाल साहित्यि विकाशका केही अन्तर्राष्ट्रिय आधारहरू | बालसाहित्य | | |
| ५. | दुई स्याङ्जाली साधकहरूको साहित्यिक सेवा | २०५४ | स्याङ्जा विचार साप्ताहिक | वर्ष ४ अङ्क ३३ |
| ६. | स्याङ्जाको साहित्यिक विकास | २०६१ | | ज्योतिष दर्शन स्मारिका |
| ७. | विश्वप्रेम अधिकारी एक साहित्यिक चिनारी | | | सगुन पूर्णाङक– ६ |
| ८. | वालिङ नगरपालिका सेरोफेरोको साहित्य | | | सगुन – ४ |
| ९. | जय प्रसाद पौडेलको साहित्य साधना | २०५४ | | विचार साप्ताहिक |
| १०. | साहित्यका वनबासीको साहित्य साधना | २०५४ | | विचार साप्ताहिक |
| ११. | आजको सान्र्दभिक समालोचना | | | रजस्थल त्रैमासिक |
| १२. | सुर्खेती साहित्य | | | सुर्खेती |
| १३. | स्नातकोत्तरीय अनुसन्धान एक चर्चा | | | प्रयास |
| १४. | सुर्खेतको बोटे भाषा | | | सगुन |
| १५. | सुर्खेतको भाषिक अनुसन्धान | २०६१ | | सुसेली |
| १६. | सुर्खेतका साहित्यक पत्र पत्रिका | २०६२ | | साहित्य |

| | | | | |
|---|---|---|---|---|
| | | | | कोशेली |
| १७. | आँधीखोलाका लोक बालगीतहरूको सर्भेक्षण | | | बालसाहित्य |

अच्युतशरण अर्यालका **सुसेली** पत्रिकामा प्रकाशित फुटकर चिन्तन परक निबन्ध

| **क्रस** | **कृति** | **प्रकाशन मिति** | **प्रकाशन स्थान** | **वर्ष अङ्क** |
|---|---|---|---|---|
| १८. | शिक्षामा जनचासो परम्परादेखि आजसम्मका परिवर्तन | २०५८ | सुर्खेत | वर्ष १० – ४२ |
| १९. | चारवर्ष पछि | २०५४ | | वर्ष ६ – १८ |
| २०. | यो सहर कविता | २०५४ | | वर्ष ६ – १९ |
| २१. | बालसाहित्य आन्दोलन | २०५५ | | वर्ष ७ – ३७ |
| २२. | पठन संस्कृति | २०५५ | | वर्ष ७ – ३७ |
| २३. | बाल समुदायको शिक्षा | २०५५ | | वर्ष ७ – ३८ |
| २४. | बुद्धिकिरा अनिकाल | २०५५ | | वर्ष ७ – २९ |
| २५. | हराउनु र हराउनु | २०५५ | | वर्ष ७ – २७ |
| २६. | बाँच्नुको स्वाद | २०५० | | वर्ष २ – २ |
| २७. | बन्द यात्राहरू | २०५० | | वर्ष २ – ८ |
| २८. | उच्चताका दुई धार वि.पी. र पुष्पलाल | २०५० | | वर्ष २ – ५ |
| २९. | पर्व एक धारणा अनेक | २०५० | | वर्ष २ – ११ |

| | | | | |
|---|---|---|---|---|
| ३०. | लेखन मर्म | २०५० | | वर्ष २ – १२ |
| ३१. | कैद नेपाली | २०५० | | वर्ष २ – १३ |
| ३२. | बहुदल पछिको नेपाल | २०५० | | |
| ३३. | वीरेन्द्रनगरि | २०५० | | |
| ३४. | आन्दोलन | २०५० | | |
| ३५. | बम र वाम | २०४९ | | |
| ३६. | बचाइका परिधिहरू | २०४९ | | वर्ष १ – ३१ |
| ३७. | अड्का | २०४९ | | |
| ३८. | सोभियत शासन | २०४९ | | |
| ३९. | पुजा भूजा र प्रज्ञा | २०४९ | | वर्ष १ – ३४ |
| ४०. | सुर्खेतमा पत्रकारिता | २०४९ | | वर्ष १ – ३४ |
| ४१. | प्रयोग परीक्षण | २०४९ | | वर्ष १ – ३४ |
| ४२. | वालिङ नगरको प्रतिक्षामा | २०४९ | | |
| ४३. | हलो रेछ यार | २०४९ | | |
| ४४. | गुरु ज्ञान | २०४९ | | |
| ४५. | मान्छे चेतना | २०४९ | | |
| ४६. | मान्छे र मौका | २०४९ | | |
| ४७. | साहित्यकार लक्ष्मीनाथ आत्रेय रहेनन् | २०४९ | | |

| | | | | |
|---|---|---|---|---|
| ४८. | जल र अर्थ | २०४९ | | |
| ४९. | ज्ञान ज्ञापन | २०४९ | | |
| ५०. | पश्चिमी लोक गीत र श्रोता अनुसन्धान | २०४९ | | |
| ५१. | सज्जनताको प्राकल्पना | २०४९ | | |
| ५२. | परिवेश र पर्वहरू | २०४९ | | |
| ५३. | वसन्तका खबरहरू | २०४९ | | |
| ५४. | फुर्ने कुराहरू | २०४९ | | |
| ५५. | श्रद्धाञ्जलीका हरफहरू | २०४९ | | |
| ५६. | संस्कृत शिक्षा यथार्थिक आदर्श | २०४९ | | |
| ५७. | माहनताको बुटी | २०४९ | | |
| ५८. | विचार विन्दु | २०४९ | | |
| ५९. | चस्माहरू | २०४९ | | |
| ६०. | सस्कार शंकाहरू | २०४९ | | |
| ६१. | दोधारहरू | २०४९ | | |
| ६२. | सत्य खोजहरू | २०४९ | | |
| ६३. | युगकविको काव्य साधना | २०४९ | | |
| ६४. | जिन्दगी कार्यलय | २०४९ | | |
| ६५. | साहित्यिक रोपाइँ | २०४९ | | |

| | | | | |
|---|---|---|---|---|
| ६६. | मर्महरू | २०४९ | | |
| ६७. | प्रमाणवादी दृष्टिमा सुर्खेतमा साहित्य | २०४९ | | |
| ६८. | नगरवोध | २०४९ | | |
| ६९. | अवसानको युगमा बाँचेको मान्छे | २०५९ | | |
| ७०. | आजको समाज र साहित्य | २०५९ | | वर्ष१ अंङ्क १ |

**पुस्तकाकार कृतिहरूको विवरण**

**कविता :**

| | | |
|---|---|---|
| १. | आँधीखोला लामो कविता | (२०३५) |
| २. | श्रवणकुमार खण्डकाव्य | (२०५४) |
| ३. | आदिम भूमि बालविहार | (२०६८) |

**समालोचना :**

| | | |
|---|---|---|
| १. | बालसाहित्यको रूपरेखा | (२०४५) |
| २. | बालसाहित्यकार कोश | (२०६४) |
| ३. | पश्चिम नेपाली लोकसाहित्य | (२०६५) |
| ४. | नेपाली बाललोक साहित्य | (२०६५) |
| ५. | भाषाशोध पद्धति | (२०६८) |
| ६. | किशोर साहित्य | (२०६८) |
| ७. | स्याङ्जाको साहित्य | (२०६८) |

**कथा :**

| | | |
|---|---|---|
| १. | बाललोक कथा सङ्ग्रह | (२०६५) |
| २. | साना शहरका कथा | (२०६८) |

**सिद्धान्त :**

| | | |
|---|---|---|
| १. | प्रमाणवाद सिद्धान्त सिर्जना | (२०४८) |
| २. | प्रमाणवाद देखि आनन्दवादसम्म | (२०६८) |

माथिको तालिकामा उल्लेख भए बमोजिम लेख रचनाहरू गहन अध्ययन मूलक समालोचना, कविता नभएर सामान्य टीका टिप्पणीमा मात्र सीमित देखिन्छन् । त्यसैले तिनको अलग-अलग विश्लेषण नगरी समग्रमा परिचयात्मक जानकारी मात्र दिनु उपयुक्त देखिन्छ । यस उपशीर्षक अन्तर्गत पर्ने लेख/रचनाहरू, साहित्य सिद्धान्त वा विधासिद्धान्त, तत्कालीन घटना, समकालीन सन्दर्भ, साहित्यिक-सांस्कृतिक गतिविधि तथा कृति समीक्षमा आधारित हुनाले यिनै विषय प्रसङ्गका वरिपरि रहेर तिनको चर्चा गर्नु उपयुक्त देखिन्छ ।

अर्यालले प्रगतिवादी साहित्य सिद्धान्तका मूल्य एवम् मापदण्डलाई आधार बनाएर विविध विधामा व्यङ्गात्मक अभिव्यक्ति मार्फत सशक्त कलम चलाएका छन् । धर्मका नाममा लोक र परलोकको डर र त्रास देखाइ महाराजहरूको सेवा सत्कार एवम् जय-जयकारमा र चमर हम्कने अनि यस जन्मबाट मुक्ति पाउने अभिलाशा देखाउदै र आफू चाँही आरामदायी जीवन यापन गर्नेहरू प्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । यसमा सम्पूर्ण सोशित पीडित जनतालाई सताउनेहरूका विरुद्ध आमूल परिवर्तनका लागि जनता पनि आफैं तम्तयार हुनुपर्ने धारणा प्रस्तुत गरिएको छ । यस निबन्धमा **संगमका सुसेली सँगै बलिरहेका दीपहरूमा** प्रगतिवादी चिन्तन मुखरित भएको छ । प्रगतिवादी चिन्तनले मात्र देशलाई यथास्थितिको पञ्जाबाट फुत्काइ अग्रगामी दिशातर्फ लान सकिने उद्देश्य निबन्धमा राखिएको पाइन्छ ।

अर्यालले सांस्कृतिक र निबन्धका बारेमा पनि टिकाटिप्पणी गरेको पाइन्छ । उनले खासगरी सस्कृतिको बारेमा संस्कृतिक आन्दोलनका क्षेत्रमा खेल्नुपर्ने भूमिका, यसको उद्देश्य, कमी कमजोरीका बारेमा टिप्पणी गरेका छन् । मान्छेले जति अनुपातमा उन्नतितिर विकास गर्दै जान्छ त्यसको दोब्बर अनुपातमा अभ्रेटो बन्छ भन्ने ध्रुवसत्य कुरालाई मुख्य उद्देश्यका रूपमा चित्रण गरेको पाइन्छ । विज्ञानले जनजीवनलाई सरल र आधुनिकीकरण तर्फ त अगाडि बढायो तर त्यसले समाजलाई झन-झन अभ्रेटो तर्फ गाह्रो पारेको हरेक हरफमा भेट्न सकिन्छ । यी र यस्तै कुराहरू मुलभूत रूपमा अभ्रेटाका बान्की निबन्धको उद्देश्यका रूपमा आएका छन् ।

अर्यालले सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि विषयवस्तु प्रति थुप्रै व्यङ्ग्य गरिएको पाइन्छ । यस सन्दर्भमा चिडियाखानामा कैद जनावरहरूलाई नियाल्दै साँढेसँग कार्यालयको प्रमुखको तुलना गरेको पाइन्छ । कार्यालयमा पुग्न एक मिनेट ढिला भयो कि त्यो साँढेपन हाकिममा सर्छ भन्ने यथार्थवादी घटना यस निबन्ध मार्फत मुख्य रूपमा प्रस्तुत गरिएको छ ।

राष्ट्रिय चिडिया सदनका औतारहरूको मुख्य उद्देश्य भनेको राजनीतिक र प्रशासनिक क्षेत्रमा बढ्दै गएको कुसस्कारको व्यङ्ग्यात्मक आलोचना गर्नु रहेको छ । जनतासँग सधैं बस उठ गर्न र सधैं साथ दिने लामखुट्टेलाई नेताका रूपमा चित्रण गर्दै जनताको रगत चुस्ने प्रवृतिको संदेश दिएको पाइन्छ । तिनीहरूको विरुद्ध विद्रोह गर्न सके मात्र देशमा आमूल परिवर्तन हुन सक्छ भन्ने विचार निबन्धकारको रहेको छ ।

नेपाली साहित्यिक क्षेत्रमा एउटा खोजमूलक प्रमाणवादको (२०४५) सुरुवातको रूपमा अर्यालले पाइला चालेको पाइन्छ । २०४६ सालमा सुर्खेतमा घोषित कला, साहित्य आन्दोलनको परिवेशमा रचित प्रमाणवादले नेपाली बौद्धिक जगतमा वास्तवमै नयाँ आन्दोलनको रूप धारण गऱ्यो । प्रमाणवाद यथास्थिति परम्पराबाट पालिएका बौद्धिक शोषक सामन्तहरूको साहित्यिक कलाकृति, चोरहरूको खेदो खन्ने अभियान हो । यस्तो खेदो खन्नुको अर्थ कला साहित्यिक तथ्यपरक सत्य खोजसँग मात्र सीमित छ । समग्र कला साहित्यको समीक्षा वैज्ञानिक दृष्टिकोणबाट गरिनुपर्ने बेलामा हामीहरू कहाँ सिर्जनात्मक साहित्यिक चोरी प्रथा रहेको साहित्य शोषकहरूको मनोमानी बढेको यथार्थ साहित्यकार कलाकार उपेक्षित रहेको नयाँ पुस्तालाई प्रोत्साहन नदिएको पाइएको हुनाले प्रणामवाद नेपाली कला साहित्यका सबै पुस्ता र भाषाका कृतिकार विवरण र कृतिगत सत्य तथ्य खोज अभियान चलाइ आन्दोलन गर्न अघि सरेको हो ।

यसरी अर्यालले प्रस्तुत गरेका विविध विधा विषयक रचनाहरूका साहित्यिक गतिविधिका बारेमा तथा यसका मूलभूत पक्षका बारेमा केलाउने उद्देश्य अगाडि सारेर सोही बमोजिम आफ्नो विचार राखेका छन् । उनले मूलतः प्राज्ञिक-बौद्धिक, व्याख्यातमक-

विश्लेषणत्मक तथा यथार्थपरक वस्तुपरक अभिव्यक्ति शैली अङ्गीकार गरेर ती फुटकर लेख /रचनाहरूमा आफ्नो दृष्टिकोण एवम् विचारहरू प्रस्तुत गरेका छन् ।

## ४.४ नेपाली आत्मपरक निबन्धमा अच्युतशरण अर्यालका निबन्धहरू

आत्मपरक नेपाली निबन्धको थालनी शम्भुप्रसाद ढुंगेलबाट भएको मानिन्छ । उनले १९७४ साल पछि **महेन्द्र मल्ली समयको मूल्य, प्रभात** आदि निबन्ध लेखेर यस विधाको स्वस्थ सिर्जनात्मक थालनी गरेका छन् । **महेन्द्र मल्ली र जुनकीरी चन्द्रिका**मा प्रकाशित भएका थिए । जसलाई नेपाल साहित्यका सर्वथा मौलिक निबन्ध भएको छ । तर जुनकीरी चाहिँ मनुस्य खद्योतको रचना हो । यस सन्दर्भमा चन्द्रमा प्रकाशित सत्यता निबन्धको पनि उल्लेख गरिएको पाइन्छ । यसरी क्रमशः नेपाली निबन्धले विविध पत्रपत्रिकाहरू मार्फत विकसित हुने मौका पायो र निबन्धको सिङ्गो पृष्ठभूमि तयार पार्न गरिएको माध्यामिक कालीन साहित्यिक अभियानका स्रष्टाहरूको योगदान कदापी विर्सन सकिदैन ।

लक्ष्मीप्रसाद देवकोटा प्रथम सशक्त आत्मपरक निबन्धकार हुन् । शारदा (१९९२) मा प्रकाशित उनको पहिलो निबन्ध **असाढको पन्ध** विधागत दृष्टिबाट पहिलो महत्वपूर्ण नेपालीको निबन्ध हो । यसभन्दा पूर्व प्रकाशित बालकृष्ण समको **बर्दाहामा शिकार** (१९९२) लाई धेरै जसोले निबन्ध भनेर उल्लेख गरेतापनि यसलाई कथाको रूपमा पनि चर्चा गरेको पाइन्छ । साथै बालकृष्ण सम वस्तुपरक निबन्धकार भएकोले आधुनिक निजात्मक नेपाली निबन्ध लक्ष्मीप्रसाद देवकोटामा आएर राम्रो सँग झाङगिएको पाइन्छ । देवकोटाले निजात्मक प्रवृतिका ६७ वटा भन्दा बढी निबन्धहरू लेखेको पाइन्छ । उनको **लक्ष्मी निबन्ध सङ्ग्रह** (२००२) र **दाडिमको रुखनेर** (२०४०) निबन्ध सङ्ग्रहमा ईश्वर, मानव र प्रकृतिको त्रिकोणाँत्मक प्रदर्शन गर्ने उद्देश्य देखिन्छ । उनका निबन्धहरूमा रमरम बौद्धिकताका साथै प्रस्तुतीको निजात्मकताले गर्दा गहनता थपिएको पाइन्छ ।

करिब ७० भन्दा बढी निबन्ध लेख्ने निबन्धकार हृदयचन्द्र सिंह प्रधान (१९७२–२०१६) का **भुस्वर्ग** (२००३), **तीस रूपयाको नोट** (२००४), **जुँगा** ( २००९), **कुरा साँचो हो** (२०११),

अफसोस गरी पाँच निबन्ध सङ्ग्रह प्रकाशित छन् । उनका निबन्धमा निजात्मक अनुभूति र व्यापक विसङ्गति बोध पाइन्छ । यसले गर्दा प्रधानको निबन्ध अत्यन्त चोटिला र घाटिला बन्न पुगेका छन् ।

रामकृष्ण शर्मा (१९७८) का **प्यारो सपना र अन्य लेखहरू** (२०१७), **टेवुल गफ नौ बैठक** (२०२८) र **एक विसौनी वर्क** (२०३८) निबन्ध सङ्कलन हुन् । शर्माका निबन्धमा चिन्तन र तर्कका माध्यमबाट अनुभूति साथ तथ्य प्रतिपादन गर्दै आत्मपरकता र वस्तुपरकताको सन्तुलित प्रयोग पाइन्छ । यस्तै कृष्णचन्द्र सिंह प्रधान (१९८२), विशुद्ध निजात्मक निबन्धकारका रूपमा प्रतिष्ठित छन् । **सालिक** (२०२६) उनको निबन्ध सङ्गालो हो । वर्तमान जीवनका बिवश विविध पाटालाई कतै चिन्तकका रूपमा कतै विश्लेषकका रूपमा र कही भावुक भइ स्वयम् बहकिनु नै प्रधानको निबन्धगत वैशिष्टय हो ।

शंकर लामिछाने (१९८४) निजात्मक निबन्धका चिन्तन पक्षका प्रतिनिधि निबन्धकार हुन् । **एब्स्ट्राक्ट चिन्तन प्याज** (२०३३) र **गोधुली संसार** (२०२८) उनका निबन्ध कृति हुन् । यिनका रचनामा शैलीगत निजात्मकता, प्रस्तुतीमा अनौपचारिकता र प्रविधिमा अमूर्तता पाइन्छ । निबन्धले छोएका विषय र वस्तुकाबारे साहित्य, सङ्गीत र कला सौन्दर्य पक्षको अध्ययन मनन् एवम्  चिन्तनको व्यापक गहिराइ पाइन्छ ।

हृदयचन्द्रको परम्परामा देखा पर्ने सफल निजात्मक निबन्धकार श्याम प्रसाद शर्मा (१९८६) हुन् । उनको **तँ, तिमी, तपाई, हजुर** (२०१४) प्रकाशित निबन्ध सङ्ग्रह हो । प्रस्तुत सङ्कलनमा यस समाजमा रहेका विकीर्ण र संकीर्ण संस्कारलाई शर्माले उदाङ्ग पारेका छन् । उनको वैचारिक पक्ष निजात्मक रूपबाट निबन्धमा सहजै सफलता प्राप्त भएको देखिन्छ ।

कमल दिक्षित (१९८६) पनि सक्रिय निबन्धकार हुन् । दीक्षितको निजात्मक  निबन्धको सङ्कलन **उखान मिलेन** (२०३७) हो ।  विषयवस्तुको सीमारेखा वरिपरि अल्झेर त्यसका प्राप्त व्यलाई छुनु दीक्षितका निजात्मक निबन्धको विशेषता हो । इन्द्र बहादुर राई (१९८७) निजात्मक निबन्धको चिन्तन पक्षका सशक्त निबन्धकार हुन् । यस्तै नगेन्द्र शर्मा (१९८८) को नगेन्द्रका निबन्ध (२०२६) सङ्कलनको निजात्मकताको राम्रो व्यावहार भएको उत्तम निबन्ध उखेल्नु पर्ने उखानहरूलाई मान्न सकिन्छ ।

निजात्मक मूल्यका दृष्टिले रमेश विकल (१९८९) चिन्तनतिर उन्मूख देखिए पनि **नमाने नाइलोन** (रूपः २५) र युग बाघ जस्ता निबन्धले पूर्णतया निजात्मकता प्राप्त गरेका छन् ।

बालकृष्ण पोखरेल (१९९०) नेपाली निबन्ध विधाका सशक्त स्रष्टा हुन् । **उकुस, मुकुस** कलेज स्तरका निबन्धै निबन्ध (२०३७) **तेस्रो एक मुखे रुद्राक्ष को खोजी** (२०४१) जस्ता सङ्कलनमा विविध विशेषता पाइन्छन् पोखेल आत्मपरकता र बस्तुपरकता, चिन्तन र भाव जस्ता पक्षको समन्वय कर्ताको रूपमा देखिन्छन् । एउटै निबन्ध भित्र पनि वस्तु र आत्माको आभास पाइनु यिनको वैशिष्ट्य हो ।

सफल निबन्धकार तारानाथ शर्माका (१९९१) **नमस्ते** (२०१८), **जमर्काहरू** (२०२६), **जीवनका छाल** (२०३०) आदि निबन्ध सङ्ग्रह प्रकाशित छन् । उनका निबन्धमा बौदिकता र हार्दिकता दुवै विशेषता पाइन्छ । निजात्मक अनुभूतिका साथै सरल घतलाग्दो प्रस्तुतीकरण गर्नु शर्माको रचनागत विशेषता हो । निजात्मक निबन्धका दृष्टिले कृष्णप्रसाद पराजुलीको (१९९२) **आफ्नो साहित्यिक बाटामा** (रूप : १०१) निकै उच्च निबन्ध हो[२९] । सरल सहज र प्रष्ट भाषा हुनु नै पराजुलीको विशेषता हो । निजात्मकताको प्रधानत्वको दृष्टिले चूणामणी रेग्मी (१९९३) सफल निबन्धकार हुन् । उनका **घुम्दा फिर्दा** (२०३३) धुनमा धुन जस्ता निबन्धका आधारमा अति सामान्य विषयवस्तु टिपेर भावको गहिराइ र प्रस्तुतीकरणको निजात्मकता दिदै निबन्ध उच्चता प्रदान गर्नु उनको निबन्धको विशेषता हो । साथै कृष्णप्रसाद ज्ञावली **पीपलको छहारी** (२०३२) निबन्ध सङ्ग्रहमा चिन्तन प्रवल र फिका भएको निजात्मकताका साथै नेपाली संस्कृतिमा अत्यन्त मार्मिक अभिव्यक्ति पाइन्छ ।

उत्तरवर्ती निबन्धकारका फाटमा प्रयाप्त सबल, निजात्मक भित्र पनि नवीन प्रयोक्ताका रूपमा देखिने स्रष्टाको नाम हो मोहनराज शर्मा (१९९७) । शर्माका इन्टरभ्यु स्पेसलिष्ट **मि. भम्पुसिं डबल एम्.ए.**(२०३८) र **पुछारको पातो** (२०४०) निबन्ध सङ्कलन प्रकाशित छन् । पहिलो निबन्ध रचनामा अन्तरवार्ता शैलीको सफल प्रयोग भएको पाइन्छ भने समष्टिमा प्रयोगात्मक नवीनताका साथै नाटकीय छटा, व्यङ्ग्यात्मक प्रस्फुटन आदि शर्माका निबन्धगत विशेषता हुन् । साथै पुस्कर लोहनी (१९९७) यौन चिन्तक निबन्धकारका रूपमा रहेका छन् ।

---

[२९] कृष्णप्रसाद पराजुली,आफ्नो साहित्यिक बाटामा, वि.सं १९९२

रामलाल अधिकारी[३०] (१९९८) नेपाल बाहिरका सफल निबन्धकार हुन् । उनका **भोकाएको कुकुरले के भन्छ** ? (२०१९) **अलौटा र ठेट्ना** (२०३३) निबन्ध सङ्ग्रह प्रकाशित छन् । दोस्रो सङ्कलनमा पर्याप्त निजात्मकता पाइन्छ । भाषा र भावको सहज बहाइ, संरचनात्मक र सरलतामा निबन्धको निर्माण गर्ने अधिकारीमा निजात्मक भाव र चिन्तन पर्याप्त पाइन्छ ।

वासुदेव त्रिपाठी (१९९९) का निबन्धहरू निजात्मक दृष्टिले उच्च छन् । उनका पत्रपत्रिकामा प्रकाशित निबन्धहरू **नयाँ वर्ष** (२०२६) **मेरो सुन्दर देश** (२०३३) लगायत **श्रद्धाका पक्षमा** जस्ता निबन्धका आधारमा बौद्धिक व्यङ्ग्यात्मकताको व्यापक चित्रणका साथै निजात्मक अनुभूतिको तरल वगाई पाइन्छ । घनश्याम कडेल (२००२) का पत्र पत्रिकामा प्रकाशित निबन्ध **नयाँ वर्ष** २०२७ का आधारमा वस्तुपरकता र आत्मपरकताको समन्वय पाइन्छ ।
यस्तै वर्तमान सफल निजात्मक निबन्धकारहरूमा किसोर नेपाल सङ्कलन **चिन्ताका क्षणहरू** ( १९८२) राजेन्द्र सुवेदी **अब मेरो क्यासेट खुल्छ** (२०३९ ) आनन्ददेव भट्ट, राममणि रिजालको सङ्कलन **अक्षर पछि अक्षर** ( २०४१) राजव, मदनमणि दीक्षित आदि सक्रिय निबन्ध स्रष्टाहरू हुन् ।
आख्यानात्मक वा कथात्मक निबन्धमा काल्पनिक इतिवृत पौराणिक आख्यान आत्मचरितात्मक वृतान्त अथवा ऐतिहासिक प्रतिकात्मक काल्पनिक आदि अनेक प्रकारको उपयोग हुन सक्छ ।

आख्यान तत्वलाई महत्व दिएर निबन्ध लेख्ने स्रस्टाहरूमा रामलाल अधिकारी, बालकृष्ण पोखरेल्, रमेश विकल, तारानाथ शर्मा, भैरव अर्याल, केशवराज पिडाली, वानिरा गिरी, आदि प्रमुख छन् । आत्मपरक निबन्धको वैशिष्ट्य नै आत्मकथाका टुक्राहरूले प्रतिबिम्बित हुने हो । विशुद्ध लामा आत्मकथा पनि शैलीको निबन्धात्मक वैशिष्ट्यले अत्यन्त आकर्षक र प्रभावशाली हुन्छ ।
संस्मरणात्मक मूल्यका दृष्टिले पारसमणि प्रधानद्वारा लिखित विभिन्न विषयका संस्मरणहरूको सङ्ग्रह **रोचक संस्मरण** (१९६९) र **क्वाँटी** (१९७२) इत्यादि उल्लेख छन् । यी संस्मरणात्मक

[३०] रामलाल अधिकारी, भोकाएको कुकुरले के भन्छ ? निवन्ध संग्रह ( विसं,२०१९)

निबन्धहरूले केवल लेखकको भावना चिन्तन र विचारमात्रै व्यक्त नगरेर नेपाली जन जीवन, दर्शन रीतिथिति र नेपाली भाषा साहित्यका प्राचीन नमुना पेस गर्छन् । यस क्रममा बालकृष्ण पोखेलको तेस्रो **एक मुखे रुद्राक्षको खोजी** (२०४०) उल्लेखनीय मान्न सकिन्छ । साथै तारानाथ शर्माका निबन्धमा पनि संस्मरणका झिल्काहरू प्रसस्त पाइन्छन् । यसक्रममा रमेश विकलको **सम्झनाको तितो मीठा** (रूप २०४८) निबन्ध पनि सफल देखिन्छ । यसका साथै कमल दीक्षितको **विर्सेको सम्झेका** (२०४१) महत्वपूर्ण सङ्कलन हुन पुगेको छ । यस सन्दर्भमा डिल्लीराम तिम्सिनाको **बनारसको चिठ्ठी** पनि अविस्मरणीय देखिन्छ । यसैगरी **ताजमहल घुँइचो भित्रको कथा** जस्तो सफल संस्मरणात्मक निबन्ध लेख्ने लोकराज बराल उल्लेखनीय छन् ।

चरित्रलाई समाख्यानात्मक रूपमा प्रयुक्त गरिने खालका विशेषता भएका निबन्धहरूलाई चरित्र प्रधान निबन्ध मान्न सकिन्छ । यस प्रकारको निबन्धको **म** ले प्रमाणीकताको लागि आफ्नो कुरा भन्ने गर्छ । यस प्रकारको विशेषता भएका नेपाली निबन्धको थालनी लक्ष्मीप्रसाद देवकोटाको **कविराजको च्याङ्ग्रे खच्चर** बाट सुरुभएको देखिन्छ । यसपछि यस प्रकारका निबन्धलाई अगाडि बढाउनेमा भैरव अर्याल **कवि चन्द्रलजी एक शव्द चित्र** केशवराज पिंडाली **केशवराजको मैनी फेरियो** शंकर लामिछानेको **शंकर लामिछानेको दृष्टिमा** रामलाल अधिकारीको **रामलाल र म** उल्लेखनीय देखिन्छन् ।

हाँसो मानिसको जन्मजात शारीरिक गुण हो । परिस्थितिले खेलिएको मानिस आँसु र हाँसोको अनुभूतिमा जिउने गर्छ । यसैले हास्नु स्वाभाविक कुरा हुन जान्छ । आधुनिक मनोवैज्ञानिकहरू हास्यको मूलआधार देश र बाधा विघ्नसित जुध्ने सामर्थ्यलाई मान्दछन् । फ्रायड दमित काम वासना हास्यको स्रोत महसुस गर्दछन् । हाँसोले संचारमा राम्रो असर पार्छ । स्वास्थ्यविद्को विचारमा । हास्यलाई रस र अनुकृति मान्दछन् पूर्वीय साहित्य शास्त्रीहरू । यसरी हाँसो मानसिक वृत्ति उत्पेरक तत्वका रूपमा रहेपछि शारीरिक क्रियाको भूमिका रहीरहन्छ भन्ने प्रस्ट हुन्छ ।

प्रत्येक हास्य विधामा मुख्य रूपले व्यक्तिको निराशा र असफलता रूपायित भएको हुन्छ । हाँसोको उद्देश्य मनुस्यको कमजोरी मात्र औंल्याउनु नभएर त्यसलाई हटाउने सुधार्ने मौका दिन

पनि हुन्छ । यसरी हाँसोले एकातिर माथि भनेझैं शारीरिक आनन्द प्रदान गर्छ भने अर्कोतिर समसामयिक सूचना प्रदान गरेर सुधारको सुप्रवृति सिकाउने काम गर्छ ।

यस हास्य तत्वका दृष्टिले प्रेमराज शर्मा, कृष्णप्रसाद चापागाई, अच्छा राई रसिक, भैरव अर्याल, केशवराज पिंडाली, रामकुमार पाण्डे, श्याम गोतामे, विष्णु नवीन, विपीनदेव ढुंगेल आदि प्रमुख निबन्धकारहरूका रूपमा देखिन्छन् ।

अर्थबोधका सन्दर्भमा आएका तीन शव्द शक्ति मध्ये व्यञ्जना शक्तिबाट अभिहित अर्थलाई व्यङ्ग्य भनिन्छ । पूर्वीय सन्दर्भमा वाक्यको अर्थवोधका क्रममा वाच्य अर्थ र लक्ष अर्थ भन्दा पनि परको प्रतियमान अर्थ नै व्यङ्ग्य अर्थ हो । यसलाई ध्वन्यात्मक अर्थ पनि भनिन्छ । यसरी सामान्य शब्दको प्रयोगबाट पनि वक्ताको चलाखिले भिन्नै प्रकारले सुन्नेका छेउपुग्ने भित्री रहस्यमय अर्थलाई नै व्यङ्ग्य भन्ने मानिएको छ ।

सामान्यतः घोचपेच द्वारा मानवीय दुर्वलताको उद्घाटन गर्नु व्यङ्ग्यको प्रकृति हो । जब परिस्थिति अनुकूल हुँदैन, सामाजिकताको विपरीत अनुभूति हुन्छ, त्यतिखेर नै विरोध परिहासमय भाषामा अभिव्यक्त हुन्छ र व्यङ्ग्य जन्मन्छ ।

नेपाली सन्दर्भमा भने हास्यलाई एकै ठाउँमा राखेर चर्चा गरेको पाइन्छ । यसो गर्नु भन्दा यिनीहरूलाई छुट्टा-छुट्टै चर्चा गर्नु नै उपयुक्त देखिन्छ ।

व्यङ्ग्य तत्वका प्रधानताका दृष्टिले पनि निबन्धको आफ्नै टड्कारो विशेषता देखिन्छ । यस दृष्टिले देवकोटा, हृदयचन्द्र, भैरव अर्याल, धच गोतामे, बल्लभमणि दाहाल, श्रीधर खनाल, चूडामणि रेग्मी, राजेन्द्र सुवेदी, विमल निमा, गोपीन्द्र पौडेल, रवीकिरण निर्जीव, खगेन्द्र सङ्ग्रौला, रुद्र खरेल, घनश्याम ढकाल, गोविन्द भट्ट आदि प्रमुख छन् ।

यात्रालाई आधार मानेर लेखिएका निबन्धहरूमा लेखकीय निजी अनुभूतिहरू पोखिएका हुन्छन् । यस्ता निबन्धहरू ज्ञान वर्धक र रोचक हुने हुँदा पाठकलाई मोहित पार्न सफल हुन्छन् । यात्रालाई पृष्ठभूमि बनाएर नेपाली निबन्ध पनि विकसित भएको पाइन्छ । यस दृष्टिले आधुनिक यात्रा वर्णनमा निजात्मकताको सौन्दर्य थप्ने पहिला निबन्धकार लैनसिंह बाङ्गदेल देखा पर्दछन् । उनका **युरोपका चिठ्ठी** र **स्पेनको सम्झनामा** जस्ता रचना हुन् जसमा यात्रा वर्णनको उद्देश्य आत्मकथात्मकतामा सजिवता साथ प्रकट भएको छ । यद्यपि यस पूर्व पनि यात्रा वृतान्त

नलेखिएका चाँही होइनन् तर तिनीहरू कुनै न कुनै शासकहरू र निजी धार्मिक यात्रासँग सम्बन्धित रहेका पाइन्छन् । ती रचनाहरू यात्रा साहित्य भित्र पर्ने भएता पनि निबन्धमा उल्लेखनीय देखिदैनन् ।

केदारमणि आदिका निबन्धहरूले यात्रा वर्णनका विविधता र व्यापकता ओगटेका छन् । उनको दश भन्दा बढी यात्रा सम्बन्धी कृति प्रकाशित छन् । उनका कृतिहरूमा निजात्मकता र कल्पनात्मक सौन्दर्य भन्दा यथार्थ व्यवहारिक विवरण बढी पाइन्छ ।

नियात्राकारका रूपमा तारानाथ शर्मा **बेलायततिर बरालिँदा** (२०२६)[३१] र अन्य रचनाले गर्दा बहुचर्चित छन् । उनी स्वदेश होस कि विदेशको यात्रानुभूति दुवैलाई बडो सजीवता साथ उतार्न सफल देखिन्छन् ।

यसपछि देवीचन्द्र श्रेष्ठ **नेपाल बाहिर** (२०२८) लिएर देखा पर्छन् । यिनी यात्रा वर्णनमा, सांस्कृतिक गरिमा वर्णनमा खप्पिस छन् । कर्णाली अञ्चलका अनेकौ सांस्कृतिक महत्वका कुराहरू श्रेष्ठका यात्रा निबन्धमा साकार भएका छन् । जनकलाल शर्मा **कौतुमय डोल्यो** (२०३१) स्वदेशी यात्रा वर्णनको राम्रो नमूना हो तर यसमा आत्मपरकता भन्दा वस्तुपरकता नै बढी हुन गएको छ । यादव खरेलको **समुन्द्रवारी** (२०३२) नियात्रा सङ्कलन भित्रको **बाहिरबाट नेपाल हेर्दा** उत्कृष्ट नियात्रा बन्न पुगेको छ । यस्तै रमेश विकलको **सात सूर्य : एक फन्को** लामो निबन्धात्मक कृति हो । यसमा काठमाडौं देखि गोसाइकुण्डसम्मको सातदिने पद यात्रालाई निजात्मक अनूभूति साथ साह्रै मनोरम प्रस्तुति दिएका छन् । यसै क्रममा काजीरासनको **मानस सरोवरमा डुबुल्की मार्दा** (२०३५), घनश्याम राज कर्णिकार **विदेशको यात्रा-स्वदेशको सम्झना** (२०३७), पूर्णप्रसाद यात्री **नियात्राको नौलो सुसेली** लिएर देखा परेका छन् । यस फाँटमा देखिने वर्तमान सक्रिय निबन्धकार मध्ये मञ्जुलका दुई रचना प्रकाशनोन्मुख छन् । यसरी हेर्दा वर्तमान नेपाली निबन्ध विषय वस्तुगत दृष्टिले व्यापकता ओगट्न सफल छ भने शैलीगत नवीनता पनि उल्लेखनीय देखिन्छ । शिल्प, वस्तु र चिन्तन समेतको नवीनताका साथै विविध नवीन कोणहरूको अन्वेषण पनि भइरहेको पाइन्छ ।

---

[३१] तारानाथ शर्मा बेलायततिर बरालिँदा निबन्ध (२०२६)

शङ्कर लामिछाने पछि अलि निष्कृयता देखिएको यस फाँटमा फेरी जुर्मुराउने प्रयास पाइन्छ । विशुद्ध सौन्दर्य चेतनाका दृष्टिले होस कि नियात्रा मुलक दृष्टिले होस, आख्यानात्मकताले होस् कि चरित्रात्मक, हास्यात्मक होस कि व्यङ्ग्यात्मक, भावात्मक होस या चिन्तनपरक सबै खालका निबन्धहरू लेखिदै छन् । यसरी वर्तमान अवस्थामा नेपाली निबन्ध नयाँ चिन्तन, शिल्प र अभिव्यक्ति सबै दृष्टिले अझ प्रष्ट र तिव्र अभिव्यक्ति दिँदै आशलाग्दो रूपमा अगाडि बढेको पाइन्छ ।

### ४.५ निबन्धकार अर्यालको अझेटाका बान्कीहरूको विश्लेषण

अच्युतशरण अर्यालले कथा र एकाङ्कीबाट आभ्यासिक लेखन सुरु गरेतापनि उत्तरोत्तर निबन्ध, लामो कविता लोककाव्य जस्ता सिर्जना समालोचना र सिद्धान्तलाई मुख्य विधा बनाएको देखिन्छ । अर्यालको **अझेटाका बान्की** (२०४१) निबन्ध सङ्ग्रह सिर्जनात्मक कृतिका रूपमा रहेको छ । यो निबन्ध सङ्ग्रहमा विभिन्न शीर्षक अन्तर्गत एघारवटा निबन्धहरू सङ्कलित रहेका छन् । उनको प्रस्तुत निबन्ध सङ्ग्रहका फुटकर निबन्धहरूलाई मूलतः विषयवस्तु,
उद्देश्य, विचार एवम् भाषा शैलीका आधारमा तिनको संक्षिप्त विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

### ४.५.१ आविष्कारको बाबु भोक

अच्युतशरण अर्यालद्वारा लिखित प्रस्तुत निबन्ध एक व्यङ्ग्यात्मक निबन्ध[३२] हो । यस निबन्धमा निबन्धकारले शीर्षकको सार्थकताबारे जोड दिइएको छ । यसमा आविष्कारको बाबु नै भोक हो भन्ने विषयलाई प्राथमिकताका साथ उठाएका छन् । यहाँ आविष्कारको बाबु भोक हो र भोकले नै मान्छेलाइ नयाँ-नयाँ कुरा खोज्न तर्फ उन्मुख पार्छ भनिएको छ ।

भोकको विषयमा अझ स्पस्ट पार्दै निबन्धकारले भनेका छन् । मानिसका आवश्यकताहरू असिमित हुन्छन् र एउटा आवश्यकतालाई पुरा गर्ने वित्तिकै अरु आवश्यकताहरू देखा

---

[३२] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम.ए शोधपत्र (२०४१)

परिहाल्छन् भनेका छन् । जस्तो : सुरुवाल हाल्यो कमेज च्यातिएको छ, जुत्ता किन्यो मोजाले ठाउँ छोड्छ, मोजा किन्दा जुत्ता फाटी सक्छ भन्ने कुराले विषय वस्तुलाई प्रष्ट पारेको छ ।

कुनै पनि रचनाकारले आफ्नो कृति रचना गर्नुको कुनै न कुनै उद्देश्य राखेको पाइन्छ । त्यसैले अर्यालले पनि यस निबन्ध मार्फत भोक नै आवश्यकताको जननी हो भन्ने उद्देश्य राखेका छन् किनभने मान्छे यसैका लागि भूगोल देखि खगोलसम्म, समुद्र देखि पातालसम्म, यस लोकदेखि परलोकसम्म पुग्ने प्रयास गर्छ । यसैका लागि मान्छे ज्यानको बाजी थापेर हिमाल चढछन् भन्ने प्रष्ट हुन्छ र भोकले नै संसार चलिरहेछ र यसैका तृप्तिका लागि मान्छेहरू आकाश, पाताल चाहारी रहेछन् भन्ने विचार प्रष्ट पारिएको छ ।

यस निबन्धमा छोटा-छोटा वाक्य एवम् सरल भाषाको प्रयोग भएको पाइन्छ । विभिन्न ठाउँमा प्रयोग भएको अंग्रेजी शब्द हङ्ग्री जेनेरेशन र तत्सम शब्द बुभुक्षितं किम् न करोति पापम् जस्ता शब्दहरूले पुष्ट्याँइमा मद्दत गर्नुका साथै भाषालाई धारिलो बनाएका छन् । यस निबन्धलाई रोचक बनाउँन वीच-वीचमा उखान टुक्काको पनि प्रयोग भएको पाइन्छ ।

### ४.५.२ आँधीखोलाको आत्मकथा

यो निबन्ध आत्मकथात्मक निबन्ध[३३] हो । यस निबन्धमा आँधीखोलाको उत्पति स्थान र स्याङ्जा जिल्लामा बग्ने आँधीखोलाको ४० माइल क्षेत्र अनि काली गण्डकीमा मिसिंदै गाँसवाँसका अभावमा मुग्लानतिरको यात्रा कहिल्यै नटुङ्गिएको कुरालाई प्रकृति चित्रण गर्दै यस निबन्धको प्रमुख विषयवस्तु बनाइएको छ । यस निबन्धको प्रमुख उद्देश्यमा हामी नेपालीहरूलाई विदेशिनु पर्दाको पीडा, सधैं गाँस बास र कपासको पीडाले पिरोली रहन्छ भने विदेशीहरू यही आएर करोडपति बनेर जान्छन् । नेपालीहरू नेपालमा त केही गर्न सक्दैनन् । विदेशमा गएर पनि उतैतिर भासिएर रहेका हुन्छन् भन्ने लाहुरेको गफ सुनेसँगै आँधीखोलाको प्रकृतिको चित्रण पनि गरेको छ । ऐतिहासिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण रहेका सतौं, गह्रौं, भीरकोट नुवाकोट जस्ता ऐतिहासिक र फागुन चैत्रमा मेला लाग्ने फाँटहरू सांस्कृतिक स्थानहरू यस आँधीखोलाको वरिपरि रहेका छन् । यहाँका गाउँले जीवनका दु:ख र कष्टहरूबाट आज पनि

[३३] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम. ए शोध पत्र (२०४१)

छुट्कारा मिलेको छैन । सधैं एउटै दृष्य जीवनको क्रमिकता र निरन्तरता यहाँ दोहोरिएको छ । यसरी यहाँ आफ्नै माया, ममता, भावना र अनुभूतिहरू छन् ।

यस निबन्धमा प्रयोग भएको भाषाशैली छोटा, सरल, सम्प्रेष्य भाषा शैलीको प्रयोग भएको पाइन्छ । साथै यो निबन्ध रोचक रहेको देखिन्छ । यसमा प्रयोग भएको खैला-बैला, लह-लहै, उताउलो, डाँडा पाखा, धापिएको रापिएको जस्ता शब्दहरूको प्रयोगले भाषा शैलीलाई सरल र सहज बनाएको पाइन्छ । यस निबन्धमा शब्द भाव, र विचारको चमत्कार पूर्ण प्रयोग भएको हुदाँ भाषा शौलीगत दृष्टिले पठनीय रोचकता थपेको देखिन्छ ।

### ४.५.३ भगवान बन्ने धुनमा

यो एक व्यङ्ग्यात्मक निबन्ध[३४] हो । यस निबन्धमा व्यङ्ग्यात्मक शैली र भावभङ्गी नै प्रखर रहेको छ । यसमा राजनीतिक परिदृष्यलाई विषयवस्तु बनाएको छ । यो निबन्धमा भगवान बन्ने धुनमा मान्छेले के-के गर्न सक्छ भन्ने देखाएको छ ।

यस निबन्धमा पहिला मान्छे नाफा कमाउने धुनमा रहन्छ । के-के बाट नाफा हुन्छ भन्ने सोच्दा जागिर र व्यापार व्यवशाय देख्छ, त्यसपछि उसलाई नाफाले मात्र नभएर मान सम्मान खोज्न थाल्छ । त्यस मानसम्मानले पनि नपुगेर उसलाई महामानव बन्न खोज्छ र त्यो भन्दा पनि ठूलो भगवान बन्न चाहन्छ मान्छे भनेर मान्छेका चाहना ठूला भन्दा झन ठूला हुँदै जान्छन् भन्ने कुराको उल्लेख रहेको छ । र मान्छेले भगवान बन्ने धुनमा कहाँसम्म र के-के गर्नसम्म पछि पर्दैन भन्ने भन्ने कुरा यसको प्रमुख उद्देश्य रहेको छ ।

यस निबन्धमा पनि सरल, सरस एवम् व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग भएको छ । निबन्धमा प्रयोग भएका शब्दहरू व्यङ्गयोचित, पाइन्दार एवम् धारिलो रहेका छन् । यसको भाषाशैलीगत प्रवृतिलाई हेर्दा प्यारोडी शैलीलाई नै आत्मसात गरेको पाइन्छ ।

---

[३४] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम. ए शोधपत्र (२०४१)

### ४.५.४ नाक

नाक शीर्षक[३५] आफैमा नै हास्य व्यङ्ग्यलाई झल्काउने हुँदा यो निबन्धमा पनि व्यङ्ग्यात्मक शैली र भावभङ्गी प्रकट गरेको छ । यसलाई प्रतिष्ठाको विषयवस्तु बनाइएको छ । यस निबन्धमा चारित्रिक विचलन आएमा नाकको अस्तित्व समाप्त हुने विषय उल्लेख गरेको पाइन्छ । हरूवा खेलाडी देखि भडुवा नेताले देशको नाक भाँचिदिन सक्ने तर्फ कलम चलाउँदै जागर मरुवा छोरा भयो भने बाबु जतिसुकै पाइनदार भए पनि नाक रहन गाह्रो हुने चरित्रलाई देखाइएको छ ।

यस निबन्धमा निबन्धकारले नाकलाई खलातिसँग तुलना गरेको पाइन्छ । यसले शरीरका लागि हावा तानेर फयाक्ने काम गरेकाले नाकलाई खलातिको उपमा दिएको पाइन्छ । नाकलाई व्यक्तिगत प्रतिष्ठा, पारिवारिक प्रतिष्ठा तथा राष्ट्रियता प्रति जोडदै आजको आधुनिक समाजमा आफ्नो सम्पूर्ण विवेक खर्च गरेर भए पनि नाक जोगाउन लागि परेको चरित्रलाई देखाइएको छ । नाक काटिनु वा रहनु दुबै अदृश्य क्रियाकलाप हुन् भन्दै नाकको अस्तित्व आफ्ना ठाउँमा हुँदा हुँदै पनि नाक रहन वा काटिन सक्छ जसलाई नाक कटाइ वा रखाइको व्यक्तिसँग भावात्मक सम्बन्ध रहेको विषय उजागर गरेको पाइन्छ । त्यसैले नाकलाई प्रतिष्ठाको विषय वस्तु बनाइएको छ ।

यस निबन्धको मुख्य उद्देश्य भनेको राजनीतिक, प्रशासनिक क्षेत्रमा बढेको कुसस्कारको आलोचना गर्नु नै रहेको देखिन्छ । नाकलाई प्रतिष्ठासँग जोड्दै मान्छे मरेपनि उसको नाक बाँचिरहोस भनेर दृढ प्रतिज्ञा गरेको पाइन्छ । पृथ्वी, चन्द्र, सूर्य रहेसम्म नाक बाँचिरहोस् भन्ने शुभकामना यस निबन्धमा रहेको पाइन्छ ।

यस निबन्धमा सरल, सुलभ, सम्प्रेष्य एवम् व्यङ्ग्यात्मक भाषा शैलीको प्रशस्तै प्रयोग भएको पाइन्छ । यसमा सामाजिक, राजनीतिक क्षेत्रमा हुने गरेका घटनाहरू प्रति व्यङ्ग्य प्रहार गरिएको हुँदा यसमा तिव्र रूपमा सामाजिक व्यङ्ग्यको प्रयोग गरेको पाइन्छ । यस निबन्धमा राजनीतिक, सामाजिक, व्यक्तिगत प्रतिष्ठालाई उजागार गरिएको पाइन्छ ।

---

[३५] अच्युतशरण अर्यालको स्नातकोत्तर तह एम.ए शोधपत्र (२०४१)

### ४.५.५ राष्ट्रिय चिडिया सदनका औतारहरू

यो निबन्ध एक व्यङ्ग्य प्रधान निबन्ध[३६] हो । यस निबन्धमा अर्यालले जनावरको स्वरूपसँग सामाजिक चित्रणगरी यसको विषयवस्तु बनाइएको छ । यस निबन्धमा सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि विषयवस्तु प्रति व्यङ्ग्य गरिएको छ । निबन्धमा निबन्धकारले चिडियाखानामा कैद जनावरहरूलाई नियाल्दै साँढेसँग कार्यलयको प्रमुखको तुलना गरको पाइन्छ । कार्यलयमा पुग्न एक मिनेट ढीला भयो कि त्यो साँढेपन हाकिममा सर्छ भन्ने यथार्थवादी घटना यस निबन्ध मार्फत मुख्य रूपमा प्रस्तुत गरिएको छ ।

यस निबन्धको मुख्य उद्देश्य भनेको राजनीतिक र प्रशासनिक क्षेत्रमा बढ्दै गएको कुसंस्कारको व्यङ्ग्यात्मक आलोचना गर्नु रहेको छ । जनतासँग सधैं बस उठ गर्न र सधैं साथ दिने लामखुट्टेलाई नेताका रूपमा चित्रण गर्दै जनताको रगत चुस्ने प्रवृतिको सन्देश दिएको पाइन्छ । तिनीहरूको विरुद्ध विद्रोह गर्न सके मात्र देशमा आमूल परिवर्तन हुनसक्छ भन्ने विचार निबन्धकारको रहेको छ ।

हिमाल पहाड र तराई तिनै भू-भागमा रहेका जनावरसँगको तुलनात्मक र व्यङ्ग्यात्मक अभिव्यक्तिले निबन्धलाई सुनमा सुगन्ध छरेको पाइन्छ । यस निबन्धमा पनि अग्रगामी विचारलाई नै निबन्धकारले प्रश्रय दिएको प्रसस्त हरफहरू पाइन्छन् । यथार्थमा राष्ट्रिय चिडियासदनमा राखिएका पङ्क्षी र जनावरहरूले मात्र देशका जनावरहरूको प्रतिनिधित्व गर्न नसक्ने यथार्थवादी धारणा गहकिलो रूपमा लिपिबद्ध गरेको पाइन्छ ।

यस निबन्धमा प्रयोग भएको भाषाशैली छोटा, सरल, सम्प्रेष्य तथा व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको पाइन्छ । यसमा प्रयोग भएको कुण्ड-कुण्ड पानी, मुण्ड-मुण्ड बुद्धी, मेरो गोरुको बाह्रै टक्का जस्ता ठेट नेपाली उखानहरूको प्रयोगले भाषा शैलीगत एवम् पठनीय रोचकता थपेको देखिन्छ ।

यस निबन्धमा जनावरको चालचलन वा स्वभावलाई राजनैतिक नेताका वृतमा तुलनात्मक अध्ययनले हरेक कालखण्डमा पनि समय सान्दर्भिक देखिन्छ । समाज रूपान्तरणको ठेकेदारी

---

[३६] अच्युतशरण अर्यालको स्नातकोत्तर तह एम.ए शोधपत्र (२०४१)

गरेका नेताहरूको हिंस्रक प्रवृति प्रतिको तिखो व्यङ्ग्यलाई हेर्दा यसको भाषा शैली र प्रवृति व्यङ्ग्योचित मान्न सकिन्छ ।

### ४.५.६ विभाजित मान्छे

अर्यालको विभाजित मान्छे नामक निबन्ध एक वैचारिक निबन्ध[३७] हो । यस निबन्धमा मान्छेका विचारलाई विभिन्न चरणमा विभाजन गरेर यसको विषयवस्तु बनाइएको छ । यस निबन्धमा निबन्धकारले जसरी यस संसारलाई आकाश र पाताल गरी विभाजन गरेको छ त्यसैगरी मान्छेका विचारलाई पनि कतै उमेरमा, कतै जातको आधारमा, कतै चाकडीको आधारमा र कतै सम्पन्नता र विपन्नताको आधारमा विभाजन गरेको पाइन्छ । यस निबन्धमा मान्छेको स्वभाव समयको कालखण्ड वा गतिसँगै उतार चढाव आएको पाइन्छ । हिजो तल्लो तहको गरिब भनेर हेपिएको लुरे सार्की जब शु एजेन्ट बन्छ तुरुन्तै "तँ" बाट "हजुर" र तपाईंमा प्रमोशन भएको विषय प्रति निकै मार्मिक ढङ्गले प्रस्तुत गरको पाइन्छ । हिजो अछुतलाई गोरस दिनु हुँदैन व्यवहार नै गर्नु हुँदैन भन्ने कट्टर बराजुको मन पनि जुत्ता किन्दा मोहर आना मिलाइ दियो भने मन कति छिटो कमलो भएर पग्लदो रहेछ भन्ने कुरालाई औंल्याइएको पाइन्छ । यसरी वर्गीय समाजबाट बढ्दै गएको आधुनिकीकरणको प्रवाहले जात, पात र तँ बाट तपाईंको प्रति मान्छे क्षणभरमा नै **विभाजित मान्छे** विषयवस्तु नै निबन्धको केन्द्रीय विषयवस्तु रहेको छ ।

यसमा सबैले आ-आफ्नो पेसा र सेवा प्रति इमान्दार भएमा, योग्यता र क्षमताको कदर भएमा मात्र आमूल परिवर्तन र समुन्नत संस्कृतिको निर्माण हुने दृष्टिकोण निबन्धकारको देखिन्छ । यस निबन्धमा व्यङ्ग्य वैचारिक विधि अपनाएको पाइन्छ । सम्पन्नता र विपन्नताले व्यक्तिको सीमाना एवम् राष्ट्रको सीमाना कोर्न तर्फ परिलक्षित गर्दै अर्यालले मनु, धनु, समय आदि प्रत्येक विषयमा मान्छेको स्वभाव विभाजित रहने ध्रुवसत्य प्रति तिखो व्यङ्ग्य गरेको छ ।

यस निबन्धमा सरल वाक्य, भाषा एवम् भर्रा नेपाली शब्दहरूको प्रयोगले निबन्धलाई मौलिकता तर्फ डोऱ्याइ पाठक मैत्री बनाएको छ । यस निबन्धको भाषामा शैलीगत जटिलता खासै पाइदैन । उखान तुक्का र संस्कृत श्लोक हुटिट्याउले सगर थाम्नु र बसुदैव कुटुम्वकम्

[३७] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम.ए शोधपत्र (२०४१)

सर्वभवन्तु सुखिनम् जस्ता वाक्यको प्रयोगले निबन्धमा मिठास बढाएको पाइन्छ । यो निबन्ध मूलतः सामाजिक, राजनीतिक र सांकृतिक क्षेत्रमा भएको विसङ्गति प्रति व्यङ्ग्य प्रहार गरिएको हुँदा यसमा सामाजिक र सांस्कृतिक व्यङ्ग्य देख्न सकिन्छ ।

### ४.५.७ मास्टर साव

यो मास्टर साव निबन्ध एक चरित्र प्रधान निबन्ध[३८] हो । यस निबन्ध भित्र मास्टर साव अर्थात बेदादी शास्त्र पढाउने व्यक्तिको शब्द उत्पति एवम् अर्थलाई विषयवस्तु बनाइएको छ । यसमा एम.ए. सम्मको दरिलो अध्ययन भए पनि वा विश्वविद्यालयको मास्टर डिग्री उपाधी प्राप्त भएको व्यक्ति शिक्षण पेशा अङ्गाल्दा हुने हिनताबोध प्रति परिलक्षित देखिन्छ भने अर्कातिर गाउँका नव सामन्त ल्याप्चे प्रधानपञ्चका अगाडि निगुरमुन्टी नभइ बाँच्न गाह्रो पर्ने गुनासो देखिन्छ । अनि हरेक क्षेत्रमा यिनै ल्याप्चे प्रधानपञ्चको हालीमुहाली चल्ने तर आफू सिद्धान्तनिष्ठ भए पनि पेसाका लागि शरणार्थी बन्नुपरेको विषयलाई सरल भाषामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

यस निबन्धको मुख्य उद्देश्य भनेको अहिलेको समयमा गुरु शब्द वा मास्टर साव शब्दको अपहेलना हुन गएको वास्तविकताको उजागार गर्नु रहेको देखिन्छ । हिन्दू परम्परा अनुसार बाहुनलाई गुरु अर्थात अन्धकारबाट प्रकाश वा उज्यालोतिर लाने काम हो । गुरु भनिएकोमा अहिले यसको मूल्याङ्कनमा अत्यन्त गिरावट आएको प्रति निबन्धकार अत्यन्त चिन्तित देखिन्छन् ।

प्राचीनकालका गुरुको महत्व विद्यार्थीलाई वेद वेदादीको गहकिलो अध्ययन गराउनुलाई मानिन्थ्यो भने आजकाल बस गाडीको चालकलाई सुरक्षित गन्तव्यमा अवतरण होस भनी गुरु भनिने गरेको आशय निबन्धकारको पाइन्छ ।

यो निबन्धमा सरल एवम् मिठास पूर्ण भाषाशैलीको प्रयोग भएको पाइन्छ । त्यसैले निबन्ध रोचक र यथार्थपरक देखिन्छ । निबन्धका बिच-बिचमा प्रयोग गरिएका अङ्ग्रेजी शब्द जस्तै मास्टर साव, टेलर मास्टर, कम्प्युटर, क्यासेट रेकर्डर जस्ता अङ्ग्रेजी शब्दको प्रयोगले निबन्धलाई आधुनिक लेखनतर्फ डोऱ्याएको पाइन्छ । यो निबन्धमा शब्द, भाव र विचारको

---

[३८] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम. ए शोध पत्र (२०४१)

चमत्कारपूर्ण प्रयोग भएको हुँदा यसमा भाषाशैलीगत दृष्टिले वर्णनात्मक शैली अपनाइएको पाइन्छ ।

### ४.५.८ डनलप मृत्युशैयामा

यस निबन्धको विषयवस्तु डनलप मृत्युशैया आफैंमा स्पष्ट छ । [३९] यस निबन्धमा चिन्तनपरक अभिव्यक्ति पाइन्छ । यस निबन्धको विषयवस्तुका रूपमा मृत्यु अवस्यमभावी छ । मृत्यु व्यक्तिको वसमा नभइ वा इच्छित नभइ प्रतिच्छित हुने कुरालाई केन्द्रीय विषयवस्तु बनाइएको छ । यसमा निबन्धकारलाई अदृश्य रोगले ग्रस्त भएर अस्पतालको डन्लपको ओछयानमा लडेको बुझिन्छ । अस्पतालको ओछ्यानमा मृत्युसँग जुद्धै निबन्धकारले आफ्नो प्राण प्यारी जीवन साथीलाई कल्पनाको संसार मात्र दिएको र केही पनि गर्न नसकेको प्रसङ्ग निक्कै भावविहवल ढङ्गले प्रस्तुत गरेका छन् । विवाह बन्धनको प्रसङ्गलाई कोट्याउँदै पाइतालाको धुलो शिरमा चढायौ, खुट्टाको पानी पनि अमृत सम्झेर तिमीले पियौ, तर मैले तिम्रो निस्वार्थ भावना बुझ्न नसकेर तिमीलाई विरहको अग्निमा बसाई राखेको यथार्थ कोट्याइएको छ । यसरी यहाँ व्यक्ति मृत्युशैयामा छटपटाइ रहेको अवस्थामा पनि कसरी आफ्नी प्राण प्यारीलाई सम्झदो रहेछ भन्ने पुरुष मानसिकतालाई झल्काएको देखिन्छ ।

यस निबन्धमा जीवन भनेको आँशु, हाँसो, मिलन र विछोडको चौतारी हो भनिएको छ । यस निबन्धमा मान्छे मरे पछि दिने सम्मान वा प्रसिद्धी प्रति व्यङ्ग्य प्रहार गरिएको छ । जिउँदो अवस्थामा भन्दा मृत्यु पश्चात साहित्यकारहरूको भाउ बढ्ने कुसंस्कृति प्रति रोचक र घोचक ढङ्गले निबन्धमा यथार्थ वर्णन गरिएको छ ।

आजको वैज्ञानिक युगमा पनि अस्पतालको वेडमा भर्ती हुन नरुचाउने पुरातन सोचाइ राख्ने अन्धविश्वासीहरू घरको खाट वा नजीकैको घाट रुचाउने प्रति कटाक्ष प्रस्तुत गरेको पाइन्छ । बाँच्नुका पल-पल अमूल्य रहेको आभास दिंदै डनलपलाई मृत्युशैया बनाउन आजको सभ्य संसार तर्फ अगाडि बढ्ने सन्देश यस निबन्धमा यत्र-तत्र भेटिन्छ ।

यस निबन्धमा पनि सरल सम्प्रेश्य एवम् साहित्यिक भाषा शैलीको प्रयोग भएको पाइन्छ । यसमा धर्मग्रन्थसँग जोडेर लेखिएका हरफहरूले महाभारत वा पुराणको आभाष दिंदै

[३९] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम.ए शोधपत्र (२०४१)

निबन्धकारको गहिरो अध्ययन स्पस्ट बनाउछ । नारी संवेदना प्रति सहानुभूति पल-पलमा हुने यथार्थता शब्दमा उतार्दा निबन्धका भाषा शैली पाइन्दार रहनुका साथै अर्थयुक्त रहेको देखिन्छ ।

### ४.५.९ अभ्रेटाका बान्कीहरू

अभ्रेटाका बान्कीहरू[४०] निबन्धकारको यस अभ्रेटाले क्षेत्रीय जनजीवनको बिम्ब बोकेको छ । निबन्धकारले यस सङ्ग्रहको प्रमुख शीर्षक समेत राखिएको यस निबन्धमा स्वयम् आफूले भोग्नु परेका तिता अनुभवका साथै समग्र युवाहरूको भोगाइलाई विषय वस्तुका रूपमा देखाउन खोजेका छन् । यसका साथै निबन्धमा अभ्रेटो व्यक्ति श्रेय हुन्छ र पनि सार्वभौमिक भएको छ । निबन्धमा निबन्धकार आवश्यकताको खोजीमा भौतारिदा भौतारिदै एक वर्ष बितेको र एक वर्ष भित्रमा एकजना सज्जनलाई जागिरको लागि सय पटकसम्म नमस्कार गरेको प्रसङ्ग उठाइएको छ । मानिसका आवश्यकता असिमित हुन्छन् तर तिनीहरूलाई पुरा गर्ने सीमित साधन रहेकाले प्रतेक व्यक्तिलाई आ-आफ्नो सपनाले अभ्रेटाएको हुन्छ । अभ्रेटाले सारा संसारलाई जेलेको विषयवस्तु नै यस निबन्धको केन्द्रीय विषयवस्तु बनाइएको छ ।

यस निबन्धको मुख्य उद्देश्य भनेको जोसुकैले पनि स्वार्थी भावनालाई त्यागेर सामाजिक भावनाको अवलम्बन गर्नुपर्ने उद्देश्य राखेको देखिन्छ । यस निबन्धमा प्रत्येक पल-पलमा अफ्ट्यारो र सजिलो दुईवटा पाटा रहने यथार्थलाई वर्णन गरिएको छ । मान्छेले जति अनुपातमा उन्नतितिर विकास गर्दै जान्छ त्यसको दोब्बर अनुपातमा अभ्रेटो बन्छ भन्ने ध्रुवसत्य कुरालाई मुख्य उद्देश्यका रूपमा चित्रण गरेको पाइन्छ । विज्ञानले जनजीवनलाई सरल र आधुनिकीकरण तर्फ त अगाडि बढायो तर त्यसले समाजलाई झन-झन अभ्रेटो तर्फ गाह्रो पारेको हरेक हरफमा भेट्न सकिन्छ । यी र यस्तै कुराहरू मुलभूत रूपमा निबन्धको उद्देश्यका रूपमा आएका छन् ।

यस निबन्धमा निबन्धकारले छोटा-छोटा वाक्यको प्रयोग सरल, एवम् सम्प्रेस्य भाषाको प्रयोग भएको छ । यसमा प्रयोग भएको समय अनुसारको भाषा प्रयोगले त झन निबन्धलाई रोचक बनाएको पाइन्छ । ठेट नेपाली उखान टुक्काको प्रयोगले निबन्धमा निखारता पाइन्छ । कसैलाई केको पिर घर ज्वाइलाई खानकोपिर भन्ने उखानले निबन्धमा थोरै वाक्यंशको प्रयोगले

---

[४०] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम.ए शोधपत्र (२०४१)

अलङ्कारको कार्य गरेको स्पस्ट हुन्छ । निबन्धमा बेरोजगारको पीडा एवम् हरेक स्थानमा इच्छा र आकांक्षाले हरेक व्यक्तिलाई अभ्फेटिने विषयलाई घुमाउरो पाराले व्यङ्ग्य गरिएको छ । त्यसैले यस निबन्धमा पनि राजनीतिक, सामाजिक व्यङ्ग्य नै प्रवल रूपमा प्रस्तुत गरेको पाइन्छ ।

### ४.५.१० सङ्गमको सुसेलीसँगै बलिरहेका दीपहरू

प्रस्तुत निबन्ध यात्रा सस्मरण निबन्ध[४१] हो । यसमा निबन्धकारको अधकल्चो अध्ययन र वेरोजगारको पीडामा कहाँ देखि कहाँसम्म पुग्नुपर्छ भन्ने विषयबाट शुरुवात गरिएको छ । धर्मका नाममा साधारण मानिसलाई कसरी भगवान बनाइएको र तिनैको जयजयकारमा “बोलो शङ्कराचार्य भगवानकी जय” जस्तमा सम्पूर्ण जीवन खर्च गरिराखेको विषयवस्तु बनाइएको छ । यस निबन्धमा यात्रामा भोगेका तिता मिठा विषय वस्तुलाई पौराणीक, भौगोलिक, सांस्कृतिक, राजनीतिक र समकालिन विश्वलाई समेत जोड्दै यो यात्रा सस्मरण तयार पारिएको छ ।

दिल्लीबाट इलाहवादसम्मको स्थलगत धार्मिक भ्रमण परिवेशलाई विशेष अवलम्बन एवम् स्थान चयन गरिएको छ । यस निबन्धमा विशेष गरेर धार्मिक गुरु एवम् महाराजहरूको व्यवहार प्रति आलोचना गरिएको छ । धर्मका नाममा लोक र परलोकको डर र त्रास देखाइ महाराजहरूको सेवा सत्कार एवम् जयजयकारमा र चमर हम्कने अनि यस जन्मबाट मुक्ति पाउने अभिलाशा देखाउदै र आफू चाँही आरामदायी जीवन यापन गर्नेहरू प्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । यसमा सम्पूर्ण शोषित पीडित जनतालाई सताउनेहरूका विरुद्ध आमूल परिवर्तनका लागि जनता पनि आफैं तम्तयार हुनुपर्ने धारणा प्रस्तुत गरिएको छ । यस निबन्धमा अर्यालको प्रगतिवादी चिन्तन मुखरित भएको छ । प्रगतिवादी चिन्तनले मात्र देशलाई यथास्थितिको पञ्जाबाट फुत्काई अग्रगामी दिशातर्फ लान सकिने उद्देश्य निबन्धमा राखिएको पाइन्छ ।

प्रस्तुत निबन्धमा यात्राका क्रममा जमुना नदीको सङ्गममा एक महिना बिताउँदा त्यहाँ बलेका दीपहरू आफ्नो काठमाडौंका पशुपतिनाथमा बलेभ्फैं आज पनि मानसपटलमा दीपहरू बलिरहेको निबन्धकारका शब्दले व्यक्त गरेको छ । मान्छेले हरेक वस्तुलाई आफू र आफ्नो परिवेशलाई कसरी आफू केन्द्रित गर्छ भन्ने कुरा बढो रोचक ढङ्गले प्रस्तुत गरिएको छ । भागीरथी नदीलाई

[४१] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम ए शोध पत्र (२०४१)

वेगसँग बगिरहेको काली गण्डकी नदी, जमुना नदीलाई रानी पोखरी र वेगनासतालसँग तुलना गरेको पाइन्छ । यसरी निबन्धकारले आफ्नो भूगोललाई संसारमा जहाँ गए पनि विर्सन सक्दैन भन्ने कटु यथार्थता चित्रण गरेको पाइन्छ ।

यस निबन्धमा छोटा-छोटा वाक्यको प्रयोग, सरल एवम् पाठकमैत्री भाषाको प्रयोग भएको छ । भाषाशैलीगत जटिलता खासै पाइदैन । उखानटुक्का र संस्कृत शब्दको प्रयोगले निबन्धमा मिठास र कौतुहलता तर्फ डोऱ्यारको पाइन्छ । निबन्धमा मूलतः सामाजिक, धार्मिक र राजनीतिक क्षेत्रका विसङ्गति प्रति व्यङ्ग्य प्रहार गरिएको हुँदा यसमा सामाजिक, सांस्कृतिक व्यङ्ग्य देख्न सकिन्छ । नहुनु मामा भन्दा कानो कानो मामा निको, नेपाल गयो कपाल सँगै वर्मा गयो कर्मसँगै जस्ता प्रचलित उखानटुक्काले निबन्धलाई रोचक र घोचकतातिर लगेको छ ।

### ४.५.११ तिमी मेरो आस्था

तिमी मेरो आस्था भन्ने निबन्ध भावनात्मक निबन्ध[४२] हो । यस निबन्धमा हरेक मानिसमा सुशुप्त रूपमा प्रेम सम्बन्ध हुर्कदै जाने विषयलाई यथार्थजन्य रूपमा प्रस्तुत गरेको पाइन्छ । मान्छेका मनमा अनेकौं पीडाहरू, कुण्ठित रूपमा लुकेर बसेका हुन्छन् । ती पीडा र कुण्ठा चेतन, अचेतन र अर्धचेतनका अवस्थामा रहन्छन् । ती मध्ये चेतन मनमा रहेका ती दमित कुण्ठा पीडा वा इच्छालाई मानिसले प्रतक्ष्य रूपमा कसरी बाहिर ल्याउछ भन्ने विषयलाई मुख्य विषयवस्तु बनाएको पाइन्छ । निबन्धमा एक पुरुष पात्रले महिला पात्रसँग अव्यक्त रूपमा अल्झेर रहेको प्रेम प्रसङ्ग उठान गरिएको देखिन्छ । उनकै प्रतिक्षामा धेरै समय बितिसकेको तैपनि उनी नआएको प्रसङ्ग कोट्याएको छ । निबन्धकारले ती महिलालाई निश्वार्थ रूपमा प्रेम गरेको नभइ उनको यौन प्रतिको दमित इच्छाका कारण प्रेम गर्न पुगेको हरफ-हरफमा पाइन्छ । “म तिम्रो बैंससँग मोहित भएको हुँ, माया र प्रिति गाँसेको हुँ”, जस्ता हरफहरूको प्रयोगले स्पष्ट पार्दछ ।

निबन्धमा विषेश गरेर प्रेम प्रसङ्ग नै उठाइएको छ । निबन्धकारले बगेर जाने नदी जति स्वच्छ हुन्छ त्यति नै तिम्रो यौवन पनि स्वच्छ रहेको बगैंचाको फूल जति मनमोहक रहन्छ तिमी पनि

---

[४२] अच्युतशरण अर्यालको स्नातकोत्तरतह एम. ए शोध पत्र (२०४१)

त्यति नै मोहक लाग्छ भन्नु नारी र प्रकृतिलाई यथार्थ रूपमा चित्रण गर्नु हो । यस निबन्धमा निबन्धकारले यौन मनोविश्लेषकका रूपमा आफूलाई उभ्याएको स्पष्ट हुन्छ । सबैले बलेको आगो ताप्ने हाम्रो समाजमा निबन्धकारले पनि त्यही यात्रा पदचाप गरेको देखिन्छ । यस निबन्धमा प्रगतिशील लेखकका रूपमा नभइ यथास्थितिवादीका रूपमा निबन्धमा कलम चलाएको स्पष्ट हुन्छ । राम्री सुन्दरी महिला प्रति यौनका अव्यक्त इच्छाहरूलाई तृप्तिका लागि विषेश समय खर्चेको देखिन्छ । तिम्रो आगमनको प्रतिक्षामा पुर्खा पुस्ता पीढीहरू अनन्तमा लिन भैसकेपनि तिम्रो आश गर्नेहरूलाई स्वागत गर्नेहरूको र आदर गर्नेहरूको संख्या घटेको छैन भन्दै नारी प्रतिको सद्भावलाई उच्चस्थान दिएको पाइन्छ ।

यस निबन्धमा सहज, सरल वाक्य र बोलचालको भाषा मीठासपूर्ण शैलीमा राखेका पाइन्छ । हरेक हरफहरू लामा नभइ छोटा र मार्मिक बनाउनका लागि विषय र सन्दर्भ अनुसार प्रशस्त प्रतीकहरूको प्रयोग गरेका छन् । कौतुहलतापूर्ण ढङ्गले ज्यादै शिष्ट भाषाशैली रूपमा पस्कन सक्नुले पनि यो निबन्ध ओजस्वी बन्न पुगेको छ ।

## ४.६ अच्युतशरण अर्यालका निबन्धगत प्रवृति र प्राप्ति

अच्युतशरण अर्यालका निबन्ध नै सिर्जनाका मुख्य विधा रहेको पाइन्छ । त्यसैले यिनै विधाको अध्ययनबाट प्राप्त वैशिष्ट्य वा प्रवृतिहरूका बारेमा पनि संक्षिप्त चर्चा यस सन्दर्भमा आवश्यक देखिएको छ । यहाँ केही बुँदाभित्र अर्यालका निबन्धगत प्रवृति एवम् प्रप्तिहरूलाई देखाइएको छ ।

### क) हास्यव्यङ्ग्यगत प्रवृति

अर्यालले आफ्ना निबन्धहरूमा हास्य र व्यङ्ग्यलाई मूल रूपमा प्रयोग गरेका छन् । उनका निबन्धमा उखान टुक्काको प्रयोग एवम् प्यारोडी, सटायर, आदि हास्यव्यङ्ग्य प्रविधिको प्रयोगले नै यसको पुष्टि हुन जान्छ ।

### ख) नेपाली समाजको विविधताको चित्रण

अर्यालका अधिकाशं निबन्धहरूमा विषयको विविघता पाउन सकिन्छ । प्रगतिवादी मूल्य मान्यताकै आधारमा नेपाली समाजको विविधतालाई छाम्ने प्रयास अलिकति भएपनि अर्याल बाट

पाइन्छ । विशेषतः उनका निबन्धमा सामाजिक विकृत प्रति कटाक्ष व्यापक रूपमा भएको पाइन्छ ।

**ग) राष्ट्रियताप्रतिको चासो**

अर्यालका एघारवटा निबन्धहरूमा राष्ट्रियताको सवाललाई ओजपूर्ण रूपमा प्रस्तुत गरिएको छ । उनले राष्ट्रिय भूमि र सम्पदाहरूको विदेशमा भएपनि नेपाली मन नेपली पन पल-पलमा आइ रहने यर्थाथता निबन्धमा पाइन्छ । प्राकृतिक सम्पदाको दुरूपयोग आदि विषयमा विशेष चासो देखाउनुले पनि यसलाई दृष्टान्त स्वरूप प्रस्तुत गर्नु सार्न्दभिक हुन्छ ।

**घ) शासक वर्गप्रति अनुदार देखिनु**

अर्यालका निबन्धहरूमा तीव्र रूपमा शासक एवम् सत्तासीन वर्गहरूप्रति आलोचना गरेको

पाइन्छ । यसरी शासक वर्गले गरेका हरेक कमीकमजोरीको बारेमा कर्के दृष्टि प्रस्तुत हुनुले पनि यस कुराको पुष्टि हुन्छ ।

**ङ) विभिन्न व्यङ्ग्य प्रविधिको प्रयोग**

अर्यालका निबन्धहरूमा व्यापक रूपमा व्यङ्ग्यको प्रयोग भएको छ । उनले सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि विषयको प्रसङ्गप्रति व्यङ्ग्य गरेका छन् । उनले हास्यव्यङ्ग्यको सैद्धान्तिक मान्यता अनुरूप नै विभिन्न व्यङ्ग्य प्रविधिको प्रयोग मा व्यारोडी सटायर, आदि प्रविधिलाई दृष्टान्तका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**च) भाषाशैलीगत प्रवृति**

अर्यालका अधिकांश निबन्धहरूमा प्रयुक्त भाष सरल-सरस र सम्प्रेष्य नै रहेको पाइन्छ भने शैली पक्षमा भने व्याङ्ग्यत्मकता रहेको छ । उनका निबन्धहरू बौद्धिक एवम् साधारण पाठकका लागि सुपाच्य देखिन्छ ।

**छ) विसङ्गति माथिको प्रहार र आमूल परिवर्तनको चेतना**

अर्यालले प्रगतिवादी मूल्य मान्यताका आधारमा नै विसङ्गतिमाथि तीव्र रूपमा प्रहार गरेका

छन् । उनका निबन्धमा विसङ्गतिमाथि आलोचना मात्र गरेका छैनन् बरु त्यस्ता कुराहरूमा सुधारका साथै आमुल परिवर्तन सम्बन्धी धारणा स्पष्ट रूपमा राखेको देखिन्छ ।

## ४.७ अच्युतशरण अर्यालको खण्डकाव्य र लामो कविताको अध्ययन

कवि अच्युतशरण अर्यालको **श्रवणकुमार बालखण्डकाव्य**[४३] कविता जनश्रुति मूलक काव्य हो । बालमनोविज्ञानमा आधारित यस काव्य कृतिका रूपमा परिचित छ । यो खण्डकाव्य परिवेश, संस्कृति, धर्म, भाषा रीति र भूगोलमा आधारित छन् । विषय वस्तुका दृष्टिले हेर्दा यस खण्डकाव्यमा सामाजिक विकृति, विसङ्गति, आर्थिक विशमता, राजनीतिक अस्तव्यस्तता, वर्तमान सन्त्रासमय समय र विद्रुप यथार्थको चित्रण गरिएको पाइन्छ ।

त्यसैगरी कवि अर्यालको **आँधीखोला लामो कविता**[४४] वि.सं २०३५ सालमा प्रकाशित लामो कविता हो । यस लामो कवितामा कविले वर्तमान स्याङ्जा र पर्वतको सीमा क्षेत्रको जीवन, स्याङ्जा सदरमुकाम खण्डको जीवन, स्याङ्जा वालिङ क्षेत्रको जीवन, लेखकीय जन्मस्थानको पृष्ठभूमि आदिमा आधारित भएर सिर्जना गरेका छन् ।

### ४.७.१ श्रवणकुमार खण्डकाव्यको अध्ययन

#### ४.७.१.१ शीर्षक चयन

आँधीखोलाको डहरे देउराली (स्याङ्जा) गा.वि.स. अन्तर्गत अन्धा अन्धी दह छ । त्यहीँ दहबाट आँधीखोलाको मूल प्रवाहित भएको देखिन्छ । यो आँधीखोला उत्पति कसरी भयो भन्ने बारेमा जनश्रुति यस प्रकार प्रचलित छ । रामायण कालमा राजा दशरथ थिए । दशरथ शिकार

---

[४३] श्रवणकुमार बालखण्डकाव्य, वालिङ, आँधीखोला प्रकाशन वि.सं २०५४

[४४] आँधीखोला  लामो कविता , नम संगम प्रेस बाराणसी वि.सं २०३५

खेल्न उत्तराखण्ड मुक्तिनाथ क्षेत्र आउँदै थिए । उता तिर्थयात्रा गर्न आफ्ना बाबु आमालाई खर्पनमा बोकी श्रवणकुमार आइरहेका थिए । अन्धा बाबु आमाले आफूहरूलाई तिर्खा लागेको बताए अनि छोरा श्रवणकुमार बा-आमालाई बाटामा छाडी पानी लिनलाई भनी जङ्गल पसे । आँधी खोलाको जङ्गलमा कुवा थियो । त्यो कुवामा पानी निकाल्नलाई भनी निहुरिएको अवस्थामा शिकार खेल्न गएका दशरथको आँखा त्यहाँ पर्छ । दशरथले मृग पानी खान निहुरिएको ठानी वाण हान्छन् । उक्त वाणले त्यहाँ श्रवणकुमार घाइते हुन्छन् । अन्धा-अन्धी बाबु आमाले छोरा मरेको चाल पाएर अत्यन्त दुःखि हुन्छन् त्यसपछि राजा दशरथ घटनास्थलमा पुग्छन् । श्रवणकुमारलाई समातेर उनका बाबु आमा छेउ ल्याउँछन् । श्रवणकुमारका अन्धा अन्धी बाबा आमाले निरपराध छोरालाई मारेको हुनाले उनलाई पनि पुत्र शोक परोस भन्ने श्राप दिन्छन् । यसरी श्रवणकुमारको दुःखद अन्त्य हुन्छ ।

### ४.७.१.२ कथ्य विषय : भाव विधान

कवि अच्युतशरण अर्यालको "श्रवणकुमार" काव्य कविता जनश्रुति मूलक काव्य हो । बालमनोविज्ञानमा आधारित यस काव्य कृतिका रूपमा परिचित छ । यो खण्डकाव्य परिवेश, संस्कृति, धर्म, भाषा रीति र भूगोलमा आधारित छन् । विषय वस्तुका दृष्टिले हेर्दा यस खण्डकाव्यमा सामाजिक विकृति, विसङ्गति, आर्थिक विशमता, राजनीतिक अस्तव्यस्तता, वर्तमान सन्त्रामय समय र विद्रुप यथार्थको चित्रण गरिएको पाइन्छ । यसै आधारमा यस खण्डकाव्यका कवितात्मक भाव विधानलाई बेग्ला-बेग्लै उदाहरण द्वारा पुष्टि गर्न सकिन्छ ।

### अ. देश प्रेम र पितृ भक्ति :

कवि अर्यालको श्रवणकुमारका कवितामा देशप्रेमको भावना भेट्न सकिन्छ । कविले बढ्दो शहरीकरणका कारण हाम्रा पवित्र तीर्थ नदीहरू दिनानुदिन फोहोर मैला भएको, धार्मिक आस्थाका धरोहर बागमती र विष्णुमती प्रदुशित भएकामा दुःख मानेका छन् ।

*हाम्रो देश सानो रैछ पानी धेरै रैछ*
*त्यही पानी जीवनको आधार पनि रैछ !!*
*बागमती विष्णुमती किन काला काला*

*त्यहीनेर बस्ता रैछन धेरै ठूला-ठूला ॥*

यस कवितामा श्रवण कुमारको चरित्र पितृ भक्तिको रूपमा प्रस्तुत गरिएको छ । यो पौराणीक कालखण्डको चरित्रनायक कविता हो । आफ्ना जन्म दिने बुबा आमालाई कसरी श्रद्धा गर्नुपर्दछ भन्ने भावना जागृत गर्दछ ।

*लक्ष थियो मुक्तिनाथ पुगी जाने धोको*
*बाबु आमा लिइ हिंडे पारी भिटी पोको ॥*

*बूढा थिए उनीहरू थिए अन्धा अन्धी*
*तिर्खाएर कराएछन् पानी सम्भी-सम्भी ॥*

## आ. मानवीय संवेदनाको चित्रण

यस खण्डकाव्यमा मानवीय संवेदना माथि पुऱ्याएको चोटको मार्मिक चित्रण पाइन्छ ।

*चौपारीमा बिसाएर पानी लीन गए*
*निहुरेर पानी भिक्दा घाइतेपो भए ॥*

*बूढा बुढी एकातिर छोरो पर्खी राछन्*
*छोरा चाँही उतातिर मर्नु बाँच्नु भाछन् ॥*

यसै गरी केटा केटीले डुली हिड्दा बनमा भेटिएका फल फूलहरूलाई देखेर अचम्म मान्दै बनमा पनि खाने कुरा हुनेरैछ, मृगका बच्चाहरूसँग खेल्दै बन र नदी किनारमा हिड्दै गर्दा दुःख भएको महसुसगरी कुनै एक ठाउँमा सुखसँग बस्ने मानिसको परम्परा बसेपछि मात्र आधूनिक युगको विकाश शुरु भएको कुरालाई कविले यसरी प्रस्तुत गरेका छन् :

*बिहानीमा खुशी भइ सूर्य नमस्कार*
*साँभपख आगो भयो गयो अन्धकार ।*

बाबु आमालाई पानी खुवाउन टाढा पुगेका श्रवण कुमार वाण लागेर घाइते हुन्छन् । मर्नु न बाँच्नु भएका उनका बाबु आमाको आँशुको धारा बग्छ यसलाई कवि यसरी प्रस्तुत गर्छन् :

*रुँदारुँदै भल भयो भरिएर आँशु*

*त्यो आँशुको भल जमी कुवा भयो सानु*

*भन्छन् त्यही कुवा बाट पानी रसाएर*

*नदी बग्छ आँधीखोला हेर ! कसो होला !*

हामी भित्र अनेक प्रतिभा भएर पनि त्यसको खोजी नगरी अन्धो जस्तो अवस्थामा छौं । त्यसैले दुःख पाएका छौं भन्ने अर्थ भाव सहित बिट मार्न पुगिएको श्रवणकुमार खण्डकाव्य एउटा प्रयोगवादी कविता हो । यसमा लेखकले बालकविताको माध्यमबाट समाज विकासको क्रम, आधुनिकताले समाजमा विकृति र विसङ्गति समेत थपेको, आदिम कालमा समाजमा आज जस्तो जटिलता नभएको, अत्यन्त सरलपन र मेलमिलापबाट समाज चल्न सक्छ भन्ने सन्देश पनि यस खण्डकाव्यले दिन खोजेको देखिन्छ ।

### ४.७.१.३ संरचना र बनोट

श्रवणकुमार खण्डकाव्य नेपाली पौराणिक कालखण्डदेखि चलिआएको श्रुतिलाई कविताको रूपमा पस्केको पाइन्छ । कविताको शैली र शब्दको मौलिकताका साथ विचारहरू परिस्कृत रूपमा प्रस्तुत भएका हुन् । यस खण्डकाव्यमा बालकहरूको मनोविज्ञान, अवोधपनहरू मिसाएर मिठो शैलीमा रचिएको यो कृति बालसाहित्यमा योगदान दिन सफल देखिन्छ ।

पङ्क्तिका हिसाबले यस खण्डकाव्य भित्र रहेका सबै पङ्क्ति समान देखिन्छन् । यस खण्डकाव्यमा संरचित श्रवणकुमार शीर्षक कविता हो । यस कृति (श्रवणकुमार खण्डकाव्य) मा अच्युतशरण अर्यालले त्यति धेरै लेख्य चिन्हको प्रयोग गरेको पाइदैन । तापनि यस कविता ५९ वटा पूर्णविराम चिन्ह, ४ वटा प्रश्नवाचक चिन्ह र ४ वटा उद्गार चिन्हहरूको साथै अन्य कमा, उद्धरण, योजक आदि चिन्हहरूको प्रयोगले कविताको भावलाई बुझ्न सहयोग पुऱ्याएको छ । यसरी संरचनागत दृष्टिले उनका यस खण्डकाव्य मौलिक देखिन्छ ।

### ४.७.१.४ लयविधान

कविता विधाको मुख्य विधागत परिचायक स्वरूप तत्व नै लयविधान हो । लयकै कारण कविता अन्य विधाबाट सजिलै छुटिन्छ । श्रवणकुमार खण्डकाव्यका कविता पद्यमा संरचित

भएकाले पङ्क्तिगत, वर्णगत समानता पाइन्छ । स्वर र व्यञ्जन वर्णका उच्चारण स्थानगत सभ्यबाट झङ्कृत हुने आन्तरिक अनुप्राशीय श्रुतिमाधुर्य यस खण्डकाव्यमा मुक्त लय ढाँचामा व्याप्तनै रहेको छ । यसका लयात्मक पङ्क्तिहरूका बिच अन्त्यानुप्रासको युक्तता र मुक्तताको दोहोरै प्रवृति पाइन्छन् । झिलिमिलि, पिलि-पिलि, स्यालकरायो हुइया- हुइया, मरे बाबा ऐया जस्ता ठेट नेपाली चलन चल्तिका शब्दावलीले यसको पद्यलय निकै मिठो एवम् ओजयुक्त बनेको छ । नेपाली भाषाका शब्दात्मक, पदावलीगत, वाक्य खण्डात्मक एवम् वाक्यात्मक घटकका विविधतापूर्ण र भाषिक चयन विचलनका क्रमबाट कही मन्द र कही तिव्र सङ्गित लहरले ओतप्रोत हुन पुगेको देखिन्छ ।

*केटाकेटी सबै मिलि पारे झिलिमिलि*
*केहो यस्तो कहाँ थियो बल्ने पिलि-पिलि ॥*

*दिउँसोलाई घाम भए आगो भयो राती*
*नुनु गर्थे साना-साना मानी साह्रै जाती ॥*

यी माथिका कविता पङ्क्तिहरूमा क्रमश प्रयोग भएका अन्तरअनुप्रास, आध्यानुप्रास, अन्त्यानुप्रास अलङ्कारले कवितामा लयात्मक सौन्दर्य थपेका छन् ।

यसरी हेर्दा कवि श्रवणकुमार कवितामा लयको सिर्जना गर्नमा विभिन्न लेख्य चिन्हहरूको र शब्द अलङ्कारहरूको महत्वपूर्ण भूमिका देखिन्छ । यिनै उदाहरणका आधारमा कविले कवितालाई लयात्मक तुल्याउन पर्याप्त सिर्जनात्मक प्रयास गरेको देखिन्छ । त्यसैले उनका कवितामा लयात्मक सौन्दर्यको अनुभूति गर्न सकिन्छ ।

### ४.७.१.५ कथन पद्धति

कथन पद्धति कवितामा कविले आफ्ना भोगाइ अनुभूति र भावनालाई प्रस्तुत गर्ने तरिका हो । कवितामा कविले कुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ त्यस आधारमा कथन पद्धतिको निर्क्योल गर्न सकिन्छ । जुन कुरालाई दृष्टिविन्दु पनि भनिने गरिन्छ । कवि अच्युतशरण अर्यालको यो श्रवणकुमार खण्डकाव्य कविताको रूपमा उनको समग्र साहित्यिक यात्राकै दोश्रो कविता हो भने खण्डकाव्यको रूपमा प्रथम हो । यस खण्डकाव्यमा आफ्नो जीवन भोगाइलाई आँधीखोला स्याङ्जा र पर्वतको साँधमा रहेको डहरे द्यौराली

श्रवणकुमारको कथाको उत्पत्ति स्थान र जनश्रुति अनुसारको पौराणिक पात्र श्रवणकुमारको विषय प्रस्तुत गरेका छन् । यस खण्डकाव्यमा म पात्रको आत्मलापीय अभिव्यक्ति गरेको पाइदैन । म पात्रको द्वितीय पुरुष तिमी प्रति सम्बोधित कथन पनि प्रयोग गरेको पाइदैन तर तृतीय पुरुषको प्रयोग भने विभिन्न हरफहरूमा भेटिन्छ । बाह्य दृष्टिविन्दुमा तृतीय पुरुषको सर्वनामको प्रयोगले आफ्नो वर्णन नगरेर अर्काको वर्णन गरिएको हुन्छ । जसमा कविले देखेका कुराहरूलाई विषयवस्तु बनाउने गर्दछ ।

*एउटा सानो बाला थियो सात वर्ष भाको*
*बाबा आमा अन्धा थिए दुवै आँखा गाको ॥*
*तिनीहरू यात्रा गर्दै ककेससबाट*
*धेरै दिन धेरै वर्ष लगाएर खास ॥*

माथिका कविता पङ्क्तिहरूले कविको आत्मलापीय कथनको प्रयोग नभएर म को द्वितीय पुरुष तिमी उनी प्रति सम्बोधित सम्वादात्मक कथन पद्धतिको प्रयोग गरेका छन् ।

यसरी हेर्दा कवि अर्यालको श्रवणकुमार खण्डकाव्य कवितामा प्रथम पुरुष म पात्रको आत्मलापीय कथन पद्धति प्रयोग नगरेर द्वितीय पुरुष तिमी उनी प्रति सम्बोधित सम्वादात्मक कथन पद्धतिको प्रयोग भएको देखिन्छ ।

### ४.७.१.६ बिम्ब प्रतीक विधान

खण्डकाव्यमा कथन गरिएको मुख्य भाव विचारकै सहचर छाँया जस्तो भइ आउने अर्को अर्थलाई बिम्ब भनिन्छ । जीवन जगतका विभिन्न क्षेत्रबाटै उपयुक्त सामग्रीको चयन गरी खण्डकाव्यमा बिम्बहरूको तर्जुमा गरिन्छ ।

कवि अच्युतशरण अर्यालका कवितामा प्रसस्त मात्रामा बिम्ब र प्रतीक प्रयोग भएको पाइन्छ । कविताका शीर्षक नै प्रतिकात्मक अर्थ वाहक देखिन्छ । आँधीखोला लामो प्रयोग भएको तिमी, उनी शब्द शसक्त रूपमा प्रयोग भएको प्रतीक हो भने यसै कविता भित्र प्रयोग गरिएका आँधीखोला लौरा, माटाहरू, थोत्रो डोका, थुर्मी आदि पनि प्रतिकात्मक शब्दका संवाहक हुन् ।

प्रस्तुत आँधीखोला कवितामा प्रकृति, समाज, धर्म संस्कृति र ज्ञान विज्ञान क्षेत्रका विभिन्न बिम्ब एवम् सन्दर्भको रमणीय प्रयोगसँगै वैदिक तथा अन्य श्रोतका श्रुति र कवि स्वयम्का सारपूर्ण

उक्ति, तन्द्रा विभ्रम अतिरेकीकरण, न्युनीकरण अनि स्वभावोक्ति अतिशयोक्ति, उपमा, रूपक, दृष्टान्त, आदि अर्थलङ्कारको प्रयोग द्वारा देखाइएको छ । यसरी हेर्दा कवि अर्याल यस कवितामा सरल सामान्य बिम्ब प्रतीकको संयोजन गरिएको भए पनि तिनमा गहन भाव लुकेको भेट्न सकिन्छ । सरलता भित्र पनि गहनता भेटिनु यस चरणका कविताको बिम्ब प्रतीक प्रयोगगत विशेषता हो ।

## ४.८ आँधीखोला लामो कविताको अध्ययन

कवि अच्युतशरण अर्यालको आँधीखोला लामो कविता (२०३५) सालमा नम संगम प्रेस बाराणसी मा प्रकाशित लामो कविता हो । यस लामो कवितामा कविले वर्तमान स्याङ्जा र पर्वतको सीमा क्षेत्रको जीवन, स्याङ्जा सदरमुकाम खण्डको जीवन, स्याङ्जा वालिङ क्षेत्रको जीवन, लेखकीय जन्मस्थानको पृष्ठभूमि आदिमा आधारित भएर सिर्जना गरेका छन् र यहाँ पनि विधातात्विक आधारमानै यस लामो कविताको विश्लेषण गरिएको छ ।

### ४.८.१ शीर्षक चयन

आँधीखोला स्याङ्जा जिल्लाको डहरे देउराली मूलबाट प्रवाहित खोला हो । यो लामो कविताको शीर्षक नदीको नामलाई जीवन्ततादिन कविता रचिएको बुझिन्छ । आफ्ना बाल्यकालमा भोगेका, देखेका, लुकामारी गरेका समयलाई समेत आँधीखोलामा देख्न सकिन्छ । बाल्यकालको भिमटारी र सुकार्दी गर्दा आँधीखोला वारपार गर्दा धेरै परिचित भएको पाइन्छ । लेखकले आँधीखोला  सुसाएको र गुनगुन गरेको सम्झना हृदयमा अझ पनि आएकाले त्यही परिवेशमा आँधीखोलाको कविता सृजना गरेको स्पस्ट हुन्छ ।

यस कवितामा कविले आफ्नो भूगोल प्रतिको समर्पण भाव अत्यन्त मर्म स्पर्शी भावले व्यक्त गरेका छन् । यस दृष्टिले हेर्दा यहाँ कविताको शीर्षक र कथ्य विषयका बिचमा सोझो सम्बन्ध देखिन्छ । वर्तमान अवस्थामा आइपुग्दा आँधीखोलाले पानीको अलवा विजुली समेत दिइ सकेको हुनाले युगलाई नै उज्यालो बनाएको इन्टरनेट संस्करण २०६६ मा स्वयं अर्यालले लिपिबद्ध गरेको पाइन्छ ।

### ४.८.२ कथ्य विषय : भावविधान

कवि अच्युतशरण अर्यालको यस लामो कविता स्वदेश भित्रै लेखिएको कविता हो । यस कवितामा आफ्नो परिवेश संस्कृति, भाषा, धर्म, भेष, रीति तथा भूगोलमा आधारित छन् । यस लामो कवितामा स्याङ्जा जिल्लामा मुख्यगरी कविको जीवन भोगाइको अनुभूति गाउँले परिवेषमा भएको भरियाले भारी बोकेको चित्रण समाजमा रहेको यथास्थितिवादी सोच, साहित्य सम्प्रेषणको नयाँ परिपाटी जस्ता अनेक क्षेत्रहरूलाई समेटेर कथ्य विषयको रूपमा प्रस्तुत गरिएको छ ।

जीवन सधै आसावादी हुनु पर्छ भन्दै अघि बढीरहेका कविको आशावादी स्वर आँधीखोला लामो कविताका यी पङ्क्तिहरूमा टड्कारो रूपमा प्रस्तुत गरिएको छ ।

*अगाडि बढ्छन् विचराहरू*

*हाते लौरी खत्राक खत्राक पार्दै*

*अधेरी रात साहुको भारी*

*बेलैमा नपुऱ्याए*

*ज्याला मिल्ला नमिल्ला*

*अझ माल भिजेमा*

*ज्याला काट्नु त छदै छ ।*

*(आँधीखोला [४५] पृष्ठ ४)*

कवि अर्यालले गरिब जनताले जीवन यापनका लागि साहुको काम गर्दा पारिश्रमिक समेत नपाउने त्यस समयको सामन्तवादको हुङ्कारलाई कवितामा चित्रण गरेको पाइन्छ ।

माछापुछ्रे नदेख्दा नियास्रो मान्छन् केटाकेटीहरू बुहार्तन गर्दा गर्दै हैरान भएका, विवाहका दस वर्षसम्म सासु नरिझाएका बुहारीहरूको पीडालाई यसरी व्यक्त गरेका छन् :

*सधै गतिलो गरी पेट नभरेकाहरू*

*श्रीमान् विदेशिएकाहरू*

*सासुले मर्न सरापेकाहरू*

---

[४५] आँधीखोला लामो कविता ( २०३५) सालमा नम संगम प्रेस बाराणसी

*गहना लुछेर कर्म चुडेकाहरू*

*परालले पुरेर निसासिएकाहरू*

*सौताले खेदेका अधवैंसेहरू*

*सबै आउछन् आँधीखोलामा ।*

(आँधीखोला पृष्ठ ९)

माथिका कविता पङ्क्तिहरूले जीवनमा जतिसुकै समस्या, बाधा, व्यवधान आए पनि निरास हुनु हुदैन । एक दिन अवस्य सफल भइन्छ भन्दै जीवन प्रतिको सकरात्मक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । यसरी जतिसुकै दुःख कष्ट सहेर पनि जीवनमा फूल फुलाउनु पर्छ भन्ने मान्यता लिएर अगाडि बढेका कविलाई गाउँघरमा हुने सामाजिक विकृति र विसङ्गतिको भयावह रूपले भने अलिकति भएपनि दःखि बनाएको छ ।

**अ) कृषि पेसा प्रतिको प्रस्तुति**

खेती गर्दा गाइने गीतहरूलाई खेती सम्बन्धी गीत भनिन्छ । आँधीखोले गाउँको जीवन यथार्थमा कष्टपद छ । टन्टलापुरे घाममा जेठ असारमा घामले शरीर पोलेका बेलामा गाइने सुसेलीलाई अर्यालले लामो कवितामा स्थान दिएको पाइन्छ । कृषि पेसा अङ्गालेका समयमा गीतको भाकामा आफ्नै उमेरका ठिटीहरूलाई लक्षित गरेर प्रेम भावको अभिव्यक्ति दिइरहेका हुन्छन् । आफ्नी प्रेमीका देखि टाढा भएको अवस्थामा सम्मोहनकारी प्रकृतिलाई देखेर आफू प्रणय वेदनामा पर्नु परेको अनुभूति यस कवितामा पाइन्छ ।

*धानको बाला लरर मन्सरा*

*यो मायालाई का छोड्न मन छ र ?*

*म माया लाउदिन*

*वर्षा लाग्दा आइरहन पाउदिन*

*जान्न आँधीखोला, डम्म कुहिरो डराउँछु, दिउँसै म हराउँछु ।*

*आँधीखोला कत्ले माछा किनी खाउला दाम्ले*

*कि भने आउँला मायाको निउँले*

*कि आउँला कामले*

(आँधीखोला[४६] पृष्ठ ८, ९ )

**आ) राजनितिक भावको चित्रण**

हाम्रो विभिन्न क्षेत्रमा भए गरेका र हुने गरेका विभिन्न विकृति र विसङ्गतिलाई जस्ताको तस्तै टपक्क टिपेर कवितात्मक स्वरूप प्रदान गरिएको पाइन्छ । यो क्षेत्रीय स्वरूप धारणा गरेको आँधीखोला कवितामा समेत राजनीतिक विसङ्गतिको एउटा उदाहरण कविताका पङ्क्तिहरूमा
देख्न सकिन्छ ।

*नेताहरू शोषण रहित*

*समाजको कसम खान्छन्*

*प्रहरी छडी घुमाउछन्*

*नेताहरू कुरा छाट्छन्*

*जनता ताली बजाउछन्*

(आँधीखोला पृष्ठ ५)

यसरी मञ्चमा विकास परिवर्तन, शोषण रहित समाजको परिवर्तनको कसम खान्छन् । सुधारका पक्षमा ठूला-ठूला भाषण छाट्ने र व्यवहारमा एक सिन्को पनि नभाच्ने बरु उल्टै व्यवधान खडा गर्ने हाम्रो देशका नेताहरूको चरित्रमाथि व्यङ्ग्य प्रहार गरिएको छ । समाजको नै नेताहरूमा प्रतिबिम्बित हुने भएकाले जनता ताली बजाउछन् भनी जनता समेत यसको भागीदार रहेको कवितामा झल्कन्छ ।

---

[४६] आँधीखोला  लामो कविता ( २०३५) सालमा नम संगम प्रेस बाराणसीमा प्रकाशित

### इ) देशप्रेमको भावना

हरेक व्यक्ति राष्ट्रवादी हुन्छ । उसको इच्छा राष्ट्र, राष्ट्रियता, भाषा, धर्म प्रति अटल रहन्छ त्यस्तै कवि अर्यालले पनि लामो कविता मार्फत आफ्ना उकाली ओरालीहरूलाई कवितामा लिपिवद्ध गरेका छन् । लामो कविता मूलतः देशप्रेमको भावनाले ओतप्रोत भएको लामो कविता हो ।

### ४.८.३ संरचना र बनोट

आँधीखोला कविता अच्युतशरण अर्यालको लामो कविता हो । उनका यस कृतिका कविताहरू छन्दको बन्धनमा बाधिएर लेखेका छैनन् । नेपाली जगतका विविधतालाई नै आफ्ना लामा कविताको मुख्य विषयवस्तु बनाएका छन् । नेपाली जीवन जगतका बहुधरातलीय, बहुजातीय, जनजातीय र बहुवर्गीय प्राकृतिक सौन्दर्य एवम् सामाजिक सांस्कृतिक परम्परा र विशिष्टता, आर्थिक पिडा, सङ्कटग्रस्त जीवन मुल्यका बहुपक्षीय सेरोफेरोबाट उनका लामा कविताको विषयवस्तुगत स्वरूप सङ्घटित भएको छ ।

अर्यालको यस आँधीखोला कविताको शीर्षकीय संरचना प्रथम चरणका कविताहरू भन्दा केही भिन्न देखिन्छ । लामा लामा वाक्यलाई पनि संरचनामा प्रस्तुत गरी कविताको संरचना पद पदावली मिलाएर कविताको आयाम पनि ठिक्क राखेका छन् । लामा कवितामा भाषिक वर्ण योजना, शब्द प्रयोग, पङ्क्ति योजना र अनुच्छेद योजनामा अर्यालले चयन विचलनको जुन प्रयोगवादी मन भरेका छन् । त्यसले एउटा छुट्टै र विचित्रको लयात्मक श्रुतिनिनाद प्रसारित गरिरहेको वोध पाठकहरूले गर्छन् ।

पङ्क्ति सङ्ख्याका दृष्टिले हेर्दा यस लामो कवितामा समानता छैन । यस लामो कवितामा अधिकतम ४१५ हरफमा सम्रचित रहेको छ । ५७ वटा पूर्णविराम चिन्ह, २३ वटा कमा, २ वटा अपूर्णता सुचक चिन्ह, २० वटा प्रश्नवाचक र ६ वटा विषर्ग चिन्हको प्रयोग गरेका छन् । पछिल्ला कवितामा प्रसस्त लेख्य चिन्ह प्रयोग गरेका अर्यालले यस लामो कवितामा केही कम मात्रामा लेख्य चिन्हको प्रयोग गरेका छन् । यसरी कविताको सैदान्तिक सम्रचनामा आधारित

भएर रचना गरिएका उनका कविता सरल र सम्प्रेष्य रहेका छन् । कविताका पङ्क्तिहरूमा देखिने आयामगत विविधता पनि यिनका कविताको सम्रचनामा पाइने अर्को विशेषता हो ।

### ४.८.४ लय विधान

अर्यालको आँधीखोला कविता गद्य कविता हो । उनका कविताको गद्यात्मक लयविधानलाई सजिलै बुझ्न सकिन्छ । गद्य कवितमा छन्दको जस्ते बन्धन नभए पनि लय पैदा भएको हुन्छ र यस्ता लयलाई मुक्त लय भनिन्छ । (लुइटेल २०६० : १३८) यिनका कवितामा पनि छन्दबाट सिर्जित बाह्य लय नभइ ध्वनी र लयबाट सिर्जित आन्तरिक लयको प्रयोग भएको छ । यस लामो कवितामा लय सिर्जना गर्न सकेसम्म कविले अनुप्रास अलङ्कारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस सन्दर्भमा आँधीखोला कवितामा निम्न पङक्तिहरूलाई प्रस्तुत गर्न सकिन्छ ।

*देश निर्माता माड सावहरू*
*सिगरेट नखाने अर्तिदिनेहरू*
*आफू ठुटोधुवाउदै गर्ने लाडसावहरू*
*चिलाउने खर्क, रङ्गेढाटी र पानीखोलेहरू*
*पढाउने गर्छन् यही तिरमा आ-आफ्ना छोराछोरीहरू*
*भन्छन् भरियाहरू*

(आँधीखोला[४७] पृष्ठ ५)

पङ्क्तिको अन्तमा आएका शब्द माडसावहरू, अर्तिदिनेहरू, लाडसावहरू, पातिखोलेहरू, छोराछोरीहरू, भरियाहरू जस्ता क्रियापदको प्रयोगले कवितालाई सकेसम्म लयात्मक बनाएको छ । तर कवितामा सकेसम्म सुरुका बिचका शब्दहरू नदोहोरिएका हुनाले अन्त्यानुप्रास र मध्यानुप्रास सफल रूपमा आएको छैन ।

कवितामा अनुप्रासको प्रयोग नभएका कारण कविता लयात्मक बनेको छैन । अनुप्रासका विविध रूप आदि अनुरूप, मध्यानुप्रास, अन्त्यानुप्रास, अन्तरअनुप्रास र आन्तरिक अनुप्रासले लामो कवितामा ठूलो भूमिका खेलेका छन् ।

[४७] आँधीखोला  लामो कविता ( २०३५) सालमा नम संगम प्रेस बाराणसी मा प्रकाशित

### ४.८.५ कथन पद्धति

कवितामा कविले कुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ त्यस आधारमा कथन पद्धति छुट्याउन सकिन्छ । यसलाई दृष्टिविन्दु पनि भनिन्छ । कवितामा मुख्यगरी प्रथम पुरुष र द्वितीय पुरुषको दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ ।

कवि आफैं सिधैं कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो । यहाँ कथयिता वा आत्मालापीय कविले आफ्नै वस्तुपरक र आत्मपरक कथ्य आफै गुनगुनाउदा पनि अप्रतक्ष रूपमा कसै प्रति सम्बोधित हुन्छ । यसरी जस्तो सुकै किसिमको कथनपद्धति अङ्गाले पनि उनले कवितामा आफ्ना विचार अनुभूतिलाई सीधा रूपमा भन्दा पनि साङ्केतिक, लाक्षणिक र व्यञ्जनात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

*हेरन वा*
*कति सोभ्रा हुन् ती सालहरू*
*हामीहरू जस्तै*
*तिनिहरू आफ्नै खुट्टाले उभिएका छन्*
*आफ्नै घडेरीमा धानिएका हुन्*
*रुभ्रुछन् भिज्छन् आफ्नै सुरले हेरन*
*हामीले सालैजो गाएर नाँचेभ्रैं*
*खोलाको सिरोटोसँग नाँचिरहेछन् ॥*

*(आँधीखोला[४८] पृष्ठ २)*

यहाँ कविको परिवेश प्राकृतिक सुन्दरता सरलता तर्फको मोहलाई द्वितीय पुरुष तिमी सम्बोधित आत्मालापीय कथन पद्धतिको प्रयोग गरेर विषयगत भावलाई प्रस्तुत गरेका छन् ।

यसरी जीवन भोगाइ र समसामयिक सामाजिक राजनीतिक विविध विषयवस्तु समेटेर कवितात्मक स्वरूप प्रदान गर्न कवि अर्याल राजनीतिको कुचक्र प्रति लामो कवितामा व्यङ्ग्य गरेको समेत प्रसस्त भेट्न सकिन्छ ।

---

[४८] आँधीखोला लामो कविता (२०३५) सालमा नम संगम प्रेस बाराणसी मा प्रकाशित

### ४.८.६ बिम्ब प्रतीक प्रयोग

कवि अच्युतशरण अर्यालको साहित्यिक कृति आँधीखोला कवितामा बिम्ब र प्रतीकको प्रयोग यथेस्ट मात्रमा भएको पाइन्छ । उनले यस कृतिमा गाउँघर तथा स्याङ्जा जिल्लामा देखे भोगेको यथार्थ चित्रण गर्न त्यस सम्बन्धी विचार र समकालिन साहित्यिक सिर्जना अभिव्यक्त गर्न बिम्ब प्रतीकको सहायता लिएको पाइन्छ ।

कवि अर्यालको कवितामा मानवीय सम्वेदनासँग सम्बन्धित विभिन्न वस्तु, व्यक्ति र चरित्रका साथै प्राकृतिक वस्तुहरू नै बिम्ब र प्रतीक भएर आएका छन् । यहाँ गाउँ, वेशी, पहाड, कन्दरा र नेपाली आम भू-भाग खासगरी पहाडी हिमाली जनजीब्रोमा बसेका शब्दहरूलाई, वाक्यांश हरूलाई, प्रचलनहरूलाई र संस्कारहरूलाई बिम्ब संयोजन र प्रतीक प्रयोगमा उतारेर आँधीखोला कविताका विशेषता झल्काएको देखिन्छ ।

### ४.९ अर्यालका बाल कथा सङ्ग्रहको अध्ययन

अच्युतशरण अर्यालको कलम नेपाली साहित्यको क्षेत्रमा पुरानो भने होइन । बालसाहित्यको समालोचना क्षेत्रमा काम गर्न थालेको लगभग दुई दशक भएको देखिन्छ । बालसाहित्यको शोधतर्फ पथप्रर्दशक आदरणीय गुरु, प्राध्यापक डिल्लीराम तिम्सीनाको देन अतुलनीय देखिन्छ । अर्यालको पहिलो कथा ठूलाघरकी बुहारी[४९] भन्ने शीर्षकमा प्रकाशित भएको देखिन्छ । यो कथा सगरमाथा नेपाली छात्रसङ्घ मुखपत्रमा प्रकाशित रहेको छ । सन् १९७५ मा हरिद्वारबाट यो पत्रिका प्रकाशित भएको देखिन्छ । पहिलो कथा भएर पनि यो कथाले नारी मनोविज्ञानलाई यथार्थवादी रूपमा प्रस्तुत गरेको छ । यसपछि अर्यालको अर्को कथा हिमज्योति नेपाली छात्रसङ्घ वृन्दाबनबाट प्रकाशित रहेको पाइन्छ । उनका कथाहरूलाई नियाल्दा लामा कथा र सूत्रकथाहरू रहेका देखिन्छन् । अर्यालका सूत्र कथाहरू सगुन साहित्यिक पत्रिकामा प्रकाशित छन् । उनका सूत्रकथाको बारेमा पृथ्वीनारायण क्याम्पस स्नातकोत्तर नेपाली विभागबाट शोध अनुसन्धान भएको देखिन्छ । उनको फिचरकथा पनि प्रकाशित छ ।

---

[४९] हरिद्वारको सगरमाथा वर्ष १४अङ्क १४ पत्रिकाको पृष्ठ २४ र २५

उनले पश्चिमी बाललोककथा सङ्ग्रह (२०६५)[५०] मा र २०६८ मा सानासहरका कथा[५१] - बालफिचर कथा) प्रकाशन गरेका छन् ।

अर्यालका यी कृतिहरूमा **जुक्ति, आफ्नो कमाइ, पौरख परीक्षण, मितिको सातो, प्रतिक्षा, साथी साथी, मूर्खछोराहरू, परिश्रम, पाहुर, कुमारी, भालुको छाउरो,** गरी जम्मा एघार वटा साना कथाहरू समेटिएका छन् । यी कथाहरू मुलत पौराणीक कथाहरू हुन । लेखक नभएर अर्याल संकलक व्यक्तिवका रूपमा स्थापित हुनुहुन्छ ।

त्यसैगरी २०६८ मा साना सहरका कथा[५२] मा बालफिचर कथाको सिद्धान्तबाट कथाका रूपमा प्रकाशन गरिएको यो कृति चार क्षेत्रमा शसक्त कलम चलेको देखिन्छ । अर्यालले यस सङ्ग्रह भित्र बालफिचर कथा अन्तरगत दस वटा कथाहरू सङ्ग्रहीत रहेका छन् । **नयाँ घण्टाघर, लाहुरे मन, ठूला सहर /साना सहर, सफाचट सहर, निर्वासित सहर, कार, सरकारी सहर, सहरको घर, लात सहर, नयाँ खर्पन** समेटिएका छन् ।

त्यसैगरी यसै सङ्ग्रहमा संग्रहीत शिक्षा कथा भित्र छ वटा कथाहरू संग्रहीत रहेका छन् । **सजिलो /अफ्ठ्यारो, नियमित कक्षा, घण्टी, उकालो /ओराले, शोधपत्र, परिणाम** रहेका छन् । यसै सङ्ग्रहमा जातक कथा स्रोतवाट चारवटा कथाहरू छुटयाइएको छ । जसमध्ये **बुद्धिमान गङ्गटो, जेठो तित्रो, बाँदर र बगैंचा, लाटोकसेरो र काग** रहेका छन् । यसै सङ्ग्रह भित्र अन्तिम कथाका रूपमा किसोर निबन्धका रूपमा दुइ वटा कथाहरूलाई स्थान दिएको पाइन्छ । जसमा **मेरो घर र मेरी आमा** रहेका छन् ।

### ४.१० समालोचनाको अध्ययन

### ४.१०.१ बालसाहित्यको रूपरेखा

नेपाली समालोचनाका सन्दर्भमा अर्यालले सुर्खेतको नेपाली साहित्य एक सर्वेक्षण प्रतिवेदन त्रि. वि.अनुसन्धान महासाखामा बुझाएको देखिन्छ । यसमा उनले सुर्खेतको सामान्य पृष्ठभूमि सहित सुर्खेतको लोकसाहित्यको विवरण दिएका छन् । उनले यो साहित्यिक अध्ययन

[५०] पश्चिमी बाललोककथा सङ्ग्रह (२०६५) नेपाल पब्लिक प्रेस, पाटनढोका ललितपुर

[५१] सानासहरका कथा -बालफिचर कथा २०६८ सर्वेश्वर प्रिन्टिङ्गप्रेस वालिङ्ग

[५२] सानासहरका कथा -बालफिचर कथा २०६८ सर्वेश्वर प्रिन्टिङ्गप्रेस वालिङ्ग

प्रमाणवादी आधारमा गरेको हुँदा यसमा प्रमाणवादी समालोचना सिद्धान्तको प्रभाव देखिन्छ । यसमा उनले सुर्खेतको परिचय देखि सुर्खेतको साहित्यको विभाजन, लोकसाहित्य लिखित साहित्यको जानकारी दिएका छन् । यसका साथै विभिन्न चरणका अभिलेख, भाषिक सामग्री, काव्य लेखन, नाटक लेखन, बालरचना, पत्रपत्रिका सङ्घ संस्था आदिको बारेमा विस्तृत विवेचना गरेको पाइन्छ । यस अध्ययनबाट अर्याल लेखकको रूपमा स्थापित हुन मद्दत पुगेको देखिन्छ ।

अर्कोतर्फ उनले पहिलो पटक साहित्यको इतिहास लेखेर सुर्खेतलाई प्राज्ञिक रूपमा चिनाएको कुरा उल्लेखनीय छ । यही अध्ययनबाट त्रि.वि. मा शोध प्रारम्भ भएको र सुर्खेतमा हाल मध्य पश्चिम विश्वविद्यालय स्थापना हुनुमा पनि अनुसन्धान कार्यको गहन भूमिका देखिन्छ ।

अर्यालको भाषा शिक्षणका सन्दर्भमा नेपाली बालसाहित्य रहेको छ । यस कालमा त्रि.वि. शिक्षाशास्त्र सङ्काय लघु अनुसन्धान प्रयोजनका लागि प्रस्तुत गरेको समालोचनामा निम्न पक्षहरू उपयोगी छन् ।

१. नेपाली बालसाहित्यको काल विभाजन

२. कालक्रमानुसारका व्यक्ति प्रतिभा, सङ्घ संस्था आदिको उल्लेख पाइन्छ । उदाहरणको लागि गोरखा भाषा प्रकाशिनी समिति, पुस्तकालय पर्व, भाषानुवाद परिषद, आदिको चर्चा पाइन्छ । त्यसैगरी बालसाहित्यमा आधुनिक चेतनाको पृष्ठभूमि देखाउन बालसाहित्यका सहायक पक्षहरू उल्लेख गरिएको छ । जस्तै युनेस्को, बालकोश, युनिसेफ आदि ।

अर्याल संस्थागत जानकारीका साथै बालसाहित्य पत्रिकाहरूको पनि जानकारी दिएका छन् । यस क्रममा बालकोशेली, बालसाहित्य, बालकोश आदिको उल्लेख छ । यस क्रममा नेपाल बालसाहित्य समाज प्रमाणवाद र बालसाहित्य आन्दोलनका बारेमा चर्चा गरेका छन् । उनले बालअधिकारवादी सङ्घ संस्था आदिको चर्चा गर्दै बालसंसार, बालसाहित्य प्रवर्धन केन्द्रको समेत चर्चा गरेका छन् ।

नेपाली बालसाहित्यको अध्ययन त्रि.वि. विद्यावारिधी शोध प्रबन्ध रहेको छ । यस ग्रन्थमा शोध परिचय सहित नौं अध्याय छन् । यसको पृष्ठ संख्या ३८७ रहेको छ । यसमा बालसाहित्यको सैद्धान्तिक आधार, विश्व बालसाहित्यका विधा अवधारणा, बालसाहित्यका विशेषता, बालसाहित्य पत्रकारहरूको उल्लेख पाइन्छ । यसका साथै नेपाली बालसाहित्यको विकासक्रमको

अध्ययन, नेपाली बालकविता र काव्यको अध्ययन, नेपाली बालकथा र उपन्यासको अध्ययन, नेपाली बाल जीवनी र बाल नाटकको तथ्यपरक अध्ययन गरिएको छ ।

यस अध्ययनबाट अर्यालले वि.सं. २०४५ सालमा प्रारम्भ गरेको नेपाली बालसाहित्यको रूपरेखालाई पूर्णता प्रदान गरेका छन् । वर्तमान अवस्था वि.सं. २०५८ सालमा प्रस्तुत शोधप्रबन्ध पछि २०६८ सालसम्म अर्को व्यक्तिले त्रि.वि. बाट नेपाली बालसाहित्यमा अर्को शोध नभएको हुँदा उनको बालसाहित्यमा गरेको साधानाले एक दशक पार गरेको छ ।

संस्कृत स्रोतका बालसाहित्यका विषयमा महेन्द्र संस्कृत विश्वविद्यालयबाट विशेष अनुसन्धान कार्यक्रम अन्तर्गत शोधप्रतिवेदन प्रस्तुत गरेको देखिन्छ । अर्यालले मिति वि.सं. २०६२ श्रावण १२ गते प्रस्तुत गरेको प्रतिवेदनमा संस्कृत बालचिन्तन परम्परा, बालसंस्कारको सिद्धान्त, पूर्वीय बालविकास अवधारणा, वैदिक अध्ययन परम्पराको उल्लेख गरेको पाइन्छ । अर्यालले संस्कृत बालसाहित्यको स्वरूप निर्धारण गर्ने क्रममा रामायणका बालकथा, महाभारतका बालकथा, पौराणिक ग्रन्थका बालकथा, पञ्चतन्त्र, हितोपदेश कथा सरितसागर, जातक कथा, पुतलीका कथा, सुकसप्तती र संस्कृत बालनाटकको खोज गरेर योगदान दिएका छन् । उनले संस्कृत स्रोतका बालसाहित्यका आधारमा उत्पत्ति कथा, परिकथा, लोक कथा र नीतिकथाको पूर्वीय संस्कृत स्रोत रहेको उल्लेख गरेका छन् । संस्कृत स्रोतका आधारमा विकशित नेपाली बालआख्यान परम्पराको उल्लेख गर्दै संस्कृत स्रोतको नेपाली परम्परा लामो रहेको देखाएका छन् ।

### ४.११ अर्यालका साहित्य सिद्धान्तको अध्ययन

अच्युतशरण अर्यालले नेपाली साहित्य क्षेत्रमा साहित्य सिद्धान्तहरुको श्री गणेश गरेको पाइन्छ । सिद्धान्त आफैंमा जटिल भएपनि यसले नेपाली साहित्यिक क्षेत्रमा नव स्रष्टाहरुलाई

एक हदसम्म भएपनि सरल बनाएको छ । यसै क्रममा उनका प्रमाणवाद[५३] ( २०४६) र आन्नदवाद[५४] (२०६४) को यहाँ चर्चा गरिएको छ ।

### ४.११.१ प्रमाणवाद

नेपाली कला साहित्यमा यथास्थिति परम्परावादले जरो गाडेको छ । कला साहित्यिक नवीन दृष्टिकोण प्रतिको उदासीनता नै यथास्थितिको आफ्नो पन देखिन्छ । नेपाली कला साहित्यका समीक्षामा देखापरेका सोचाइहरू पूर्वाग्रह मुक्त हुन सकेका छैनन् । यस्ता परम्परागत पूर्वाग्रह मूक्त अभियानका रूपमा प्रमाणवाद[५५] आएको छ । मान्छे यथास्थिति परम्परावादबाट उन्मुक्त भएर नसोच्दासम्म सत्यको नजिक पुग्न असमर्थ हुन्छ । त्यो साहित्यिक सत्य होस्, वस्तुगत सत्य होस, वा अध्यात्म सत्य । त्यसैले यथास्थिति परम्परावादीहरू जो नयाँ नौलो दृष्टिकोणलाई मास्ने मनसायका छन् । ती विरुद्ध आएको छ प्रमाणवाद आन्दोलन ।

हालसम्म नेपाली भाषा र साहित्यको फाँटमा देखा परेका जति पनि वाद वा आन्दोलनहरू छन् ती सबैजसो वाह्य जगतबाट अनुप्रेरित छन् । ती वाद वा आन्दोलनहरू नेपाली साहित्यको फाँटमा टड्कारो रूपमा देखिएका विसङ्गतिहरूको निराकरण गर्न असमर्थ भएका मात्र होइनन् कि त्यस्ता विकृति र विसङ्गति ल्याउनमा पनि जिम्मेवार छन् । आजका आधुनिक साहित्यको नाममा लेखिएका सृजनात्मक वा समालोचनात्मक साहित्य विशुद्ध नेपाली भावना भन्दा वाह्य विचार दर्शन र शैलीबाट बढी प्रभावित र अनुकृत छन् । लेखनाथ जस्ता युगन्तकारी लेखकका रचनामा मौलिकताको आशङ्का उठ्न थालिसकेका छन् भने अहिलेका नेपाली लेखकका रचनामा पनि भावी पिढीले औंला उठाउँदैनन् भन्न सकिन्न । यस अर्थमा प्रमाणवाद अत्यन्त चासोको विषय बनेको छ । लेखकको कृतिको श्रेय र स्वामित्वको प्रश्नमा मात्र होइन विशुद्धीकरण तर्फ पनि प्रणामवादले आन्दोलन चलाउनुपर्छ । स्थापित मान्यता र

---

[५३] अच्युतशरण (२०४८) प्रमाणवाद सिद्धान्त सिर्जना, प्रमाणवाद समूह सुर्खेत

[५४] अच्युतशरण अर्याल, आनन्दवाद, आनन्दवाद समूह काठमाडौं २०६४ ।

[५५] अच्युतशरण (२०४८) प्रमाणवाद सिद्धान्त सिर्जना, प्रमाणवाद समूह सुर्खेत

धारणाहरूलाई आँखा चिम्लेर होइन कि देश, काल, परिवेशको साक्ष्य अभियान द्वारा सत्य तथ्यको उजागर गरी विशुद्धीकरण तर्फ अग्रसर हुनु अत्यन्त जरुरी भैसकेको छ ।

प्रणामवाद अहङ्कार भन्दा अस्थित्व बोधको सार्थकतातिर लम्कन खोजेको जस्तो बोध हुन्छ । मानिसको स्वयम् मानिसले संरचना गर्ने साहित्य भित्रबाट उठ्ने अस्थित्व बोध बालसाहित्य देखि नै भएको हेर्ने उत्कण्ठा पनि यस अभियानले अपनाएको आभास हुन्छ । सबै अभिव्यक्तिसँगको प्रमाणिकता बटुल्ने चेष्टा भएको छ ।

प्रमाणवाद यथास्थिति परम्पराबाट पालिएका बौद्धिक शोषक सामन्तहरूको साहित्यिक कलाकृति, चोरहरूको खेदो खन्ने अभियान हो । यस्तो खेदो खन्नुको अर्थ कला साहित्यिक तथ्यपरक सत्य खोजसँग मात्र सीमित छ । समग्र कला साहित्यको समीक्षा वैज्ञानिक दृष्टिकोणबाट गरिनुपर्ने बेलामा हामीहरूकहाँ सिर्जनात्मक साहित्यिक चोरी प्रथा रहेको साहित्य शोषकहरूको मनोमानी बढेको यथार्थ साहित्यकार कलाकार उपेक्षित रहेको नयाँ पुस्तालाई प्रोत्साहन नदिएको पाइएको हुनाले प्रणामवाद नेपाली कला साहित्यका सबै पुस्ता र भाषाका कृतिकार विवरण र कृतिगत सत्य तथ्य खोज अभियान चलाई आन्दोलन गर्न अघि सरेको हो ।

प्रणामवादका सैद्धान्तिक आधारहरू निम्न रहेका छन् ।

१. भाषिक कलात्मक, साहित्यिक, लिखित, प्रकाशित, कृतिगत, प्रमाणिक सत्य तथ्य खोज,
२. सत्यम् शिवम् सुन्दरम्को शास्वत धारणामा जीवन सापेक्षता,
३. साहित्यकार पुर्खा पृष्ठभूमि, मनोवैज्ञानिक प्रेरणा र प्रतिक्रिया,
४. साहित्यिक चोरी विरुद्ध, मौलिकता साथ, अग्रगामी नवउन्मेसपूर्ण प्रगतिशील विचारको खोज, अन्तर्राष्ट्रिय, राष्ट्रिय र आञ्चलिक परिप्रेक्षमा,
५. नयाँ पुस्ता प्रतिको प्रतिबद्धता : बालकला र बाल साहित्य प्रतिको धारणा,
६. साहित्यिक सिर्जनशीलता : शब्दार्थ प्रयोगमा प्रमाणिकता,
७. साक्षी अनिवार्यता : श्रोता पाठकीय सामाजिकता,
८. कृति प्रमाणीकरण : प्राप्त कृति तथ्य लेखन ।

### ४.११.२ साहित्यिक आन्दोलनको इतिहास

क) **भाषा साहित्यमा नवीन धारा**

वाद वा आन्दोलनको शुत्रपात मुलतः प्रचलित भाषिक साहित्यिक परम्पराभन्दा भिन्न कुनै नयाँ प्रायोगको खाँचोको अनुभवबाट हुन्छ । यस्तो अनुभव जब नयाँ पुस्ताले गर्न थाल्दछ तब नयाँ विचार, दृष्टिकोण वा स्थापना मान्यताको खोजी हुन थाल्दछ र फलस्वरूप नयाँ धारा, वाद वा आन्दोलनको जन्म हुन्छ । चाहे त्यो घोषित होस वा अघोसित । परम्पराको स्थापना र त्यस विरुद्ध आन्दोलन विकासशील साहित्यको सकारात्मक लक्षण हो । साहित्यको विकासमा पनि प्रत्यक्ष र अप्रत्यक्ष किसिमबाट थालिएका साहित्यिक आन्दोलनहरूले निकै गहकिलो भूमिका निर्वाह गरेको देखिन्छ । नेपाली साहित्यको प्राथमिक कालतर्फको दृष्टि दिने हो भने भानुभक्त आर्चायको लेखन स्वयममा एउटा आन्दोलन थियो । विना औपचारिक घोषणा नै भानुभक्त आर्चायले तात्कालीक साहित्य लेखनका अघिल्तिर भाषाशैली भाव विन्यास दुवै क्षेत्रमा ठूलो आन्दोलन गरे । त्यसैको फलस्वरूप नेपाली कविताको रूप र गुण दुवैमा आधारभूत परिर्वतन देखा पर्‍यो । भानुभक्तको शैली र स्वरमा गहिरो आस्था राख्दा राख्दै भानुभक्तीय परम्पराको विपरीत धारा तर्फ नेपाली साहित्य विशेष गरी कवितालाई मोडने आन्दोलनको श्री गणेश मोतिराम भट्टले गरे ।

मोतिराम भट्टले करीव ३५ वर्षसम्म चलाएको नेपाली कविताको प्रवृति श्रृङ्गारिक धारा रह्यो । तर वि.सं. १९६५ देखि भाषा र भाव दुवैमा पुनः परिवर्तनको औचित्य र आवश्यकता बारे विधिवत घोषणा गरीयो । राममणी आदि र लेखनाथ पौड्यालको क्रमश : कविता रीति र कवि कवितालापका माध्यमबाट हलन्त भाषा र श्रृङ्गारिक प्रवृतिको बहिस्कार गर्नुपर्ने आवश्कता र औचित्यका सम्बन्धमा दरिलो बहसको आरम्भ भयो । यस आन्दोलनको प्रभाव १९७५ देखि बढी व्यापक रूपमा देखा पर्न थाल्यो । हलन्त बहिस्कार आन्दोलनले पनि नेपाली भाषाको विकासमा निकै भरथेग गरेको थियो ।

त्यसैगरी विक्रमको २० औं शताब्दीको अन्तिम दशकतिर आइ पुगेपछि नेपाली साहित्यको अर्को आन्दोलनका रूपमा लक्ष्मीप्रसाद देवकोटा देखापरे । देवकोटाले आफ्नो काव्य कृति मुना मदन

१९९२ बाट आन्दोलन गरे तापनि आफ्नो साहित्यिक आन्दोलनको घोषणा पत्र असार १५ को रूपमा एक वर्ष पछि मात्रै प्रकाशित गरे । घोषणा पत्र नभनिकनै उनले आफ्ना काव्ययात्रा र त्यसले पक्रने मार्गका बारेमा असाढको १५ को माध्यमबाट घोषणा गरे । यसरी करिब २५ वर्षसम्म नेपाली कविताको केन्द्रीय व्यक्तित्वका रूपमा देवकोटा रहे । देवकोटाको निधन पछि नेपाली साहित्यको क्षेत्रमा विषेश गरी कविता र आख्यानका क्षेत्रमा विशेष परिवर्तनहरू देखिए । यस क्रममा काठमाडौंमा प्रयोगवादी लेखनको आरम्भ भयो । जस अर्न्तगत अस्वीकृत जमात, अमलेख, बुट पालिस, राल्फा आन्दोलन जस्ता विभिन्न फुटकर आन्दोलनहरू पनि देखा परे । यी आन्दोलनहरूले केही समय केही लेखकलाई सक्रिय र गतिशील बनाए पनि वैचारिक तथा सैद्धान्तिक दिशा तर्फ यिनीहरूको प्रस्ट आग्रह र ठोस आधार देखिएन । त्यसैगरी दार्जेलिङ्मा साहित्यक आन्दोलनका रूपमा तेस्रो आन्दोलनको उदय भयो । इन्द्र बहादुर राई, वैरागी काईला र ईश्वर बल्लभले थालनी गरेको तेस्रो आयामको विधिवत घोषणा सन् १९६३ (वि.सं २०२०) मा भए पनि यसको पूर्व सङ्केत वा पृष्ठभूमि निर्माण सन् १९६१ मा फूलपात र पत्कर पत्रिकाले शुरु गरेको गतिविधिबाटै भएको थियो । विशेष गरी त्यस वेलाको दार्जेलिङ्को साहित्यिक लेखनमा देखिएको सतहीपना र बौद्धिक न्यूनताका विरुद्ध तेस्रो आयामको प्रारम्भ भएको थियो । तेस्रो आयामको घोषणा पत्रमा अबको साहित्य लेखन मानिसको सम्पूर्णतामा ताक्नुपर्छ भन्ने उद्वोधनका साथ सम्पूर्णतका निमित्त वस्तुको लम्बाई र चौडाईले मात्र नपुगेर गहिराईको खोजीलाई अत्यावश्यक ठहऱ्याइयो । त्यसैले तेस्रो आयामले आफ्नो मूल सैद्धान्तिक आधारमा घनत्व, सम्पूर्णता, वस्तुता, आदिम स्वरूप र चित्र भाषालाई लिएको छ ।

तेस्रो आयाम पछि २०३६ सालको वातावरणमा **सडक कविता क्रान्ति** पनि एउटा आन्दोलनको रूपमा देखापऱ्यो । यस आन्दोलनले साहित्यको सिर्जना र व्याख्याका निम्ति नयाँ सैद्धान्तिक आधारको निर्माण गर्नुभन्दा समकालीन राजनीतिक सन्दर्भमा कवितालाई सार्वजनिक चासो र अभिरुचिको विषय बनाउनेतर्फ नै जोडदिएको पाइन्छ ।

यसरी नेपाली साहित्यको इतिहासमा वि.सं १९६५ बाट शुरु भएको हलन्त बहिस्कार आन्दोलन (२०१३), आयमेली आन्दोलन (२०२०), साल्फा आन्दोलन (२०३३), अस्वीकृत जमात (२०२५),

अमलेख (२०२६), योङ्ग राइटर्स फ्रन्ट (२०३१), बुटपालिस (२०३१), सडक कविता क्रान्ति (२०३६) आदि विभिन्न भाषिक, साहित्यिक र राजनीतिक परिवर्तनका लागि आन्दोलन र अभियानहरू हुँदै आइरहेको पाइन्छ । यसरी विभिन्न आन्दोलनहरू भएतापनि इन्द्रबहादुर राई, वैरागी काइँला र ईश्वर बल्लभका कृति आयमेली आन्दोलन भन्दा अन्य साहित्यिक आन्दोलनहरू त्यति उच्चकोटीका नभएका परिप्रेक्ष्यमा बनावटी र देखावटीपनाको प्रमाणित गर्नका लागि प्रमाणवाद आएको हो ।

यसरी नेपाली साहित्यको इतिहासमा भानुभक्त आचार्यको पालादेखि नै भाषा साहित्यमा नवप्रयोग र नवचिन्तनको विकास र प्रयोजन हुँदै लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, मोहन कोइराला र इन्द्रबहादुर राईसम्म आइपुग्दा भाषा साहित्यमा नवचिन्तन र प्रयोग नेपाली साहित्यमा भएको पाइन्छ । यही भाषा साहित्यमा भएका प्रयोग र विभिन्न आन्दोलनहरू यस अवधिमा देखिएका कवि कवयित्रीहरूका प्रारम्भिक लेखनमा समान रूपले भावग्रहण र अभिव्यक्ति प्रक्रियामा निश्चित रूपले समानता देखिनु, नयाँ नौंलो प्रयोग नभएको अवस्थामा बिल्कुलै नवचिन्तन र नवप्रयोगका लागि, साथै साहित्य राजनीति निरपेक्ष हुनुपर्छ भन्ने धारणा सहित प्रमाणवादको प्रारम्भ भएको बुझिन्छ ।

प्रमाणवादका घोषणा पत्रका[५६] मुख्य बुँदाहरू निम्नानुसार रहेका छन् :

१. नेपाली कला साहित्य सिर्जना र समालोचना क्षेत्रलाई यथास्थिति परम्परावादबाट मुक्त पार्न,
२. कला साहित्यिक सिर्जनशीलता बचाउन कला, साहित्यिक सत्यम शिवम् सुन्दरमको शास्वत धारणा प्रतिस्थापन गर्न,
३. नेपाली सिर्जनात्मक कला, साहित्य र समालोचनामा चोरी गर्ने, स्तुति गर्ने प्रथाको विरोधगरी मौलिकता खोज्न,
४. सबै पुस्ताका सृजनात्मक, लेखक कलाकार प्रति आस्था संरक्षण र सम्मान दिन,

---

[५६] अच्युतशरण (२०४८) प्रमाणवाद सिद्धान्त सिर्जना, प्रमाणवाद समूह सुर्खेत

५. सरकारी निकायद्वारा सबै भाषा साहित्य र कला क्षेत्रमा अनुसन्धान परियोजना तयार गरी अधिराज्य व्यापी सबै भाषा र सबै क्षेत्रका साहित्य, कला, संस्थालाई आर्थिक अनुदान दिइ सक्रिय पार्ने तर्फ ज्ञापन गर्न,
६. बौद्धिक शोषणको अन्त्य गर्न र कृति स्वामित्व प्रदान गर्न,
७. कला साहित्यको मूल्याङ्कन राजनैतिक समर्थन र असमर्थनसँग जोडेर मात्र नहेर्ने,
८. पाठक प्रतिक्रिया र लेखकीय पुर्खा पृष्ठभूमिका आधारमा समीक्षण गर्न,
९. कलासाहित्यको इतिहास लेखनमा यथार्थ तथ्य र प्रमाणीकताको अनिवार्यताको बोध गराउन, नेपालमा लेखिएका सबै भाषाका साहित्यिक, कला कृतिहरू मुद्रित वा लिखित ग्रन्थहरूको वाङ्मय ग्रन्थ सूची र कलाकृति सूची यथार्थ रूपमा प्राप्त गरी सबैमा ज्ञापन गर्न,
१०. नेपाली बालकहरूमा सांस्कृतिक चेतना जगाउन बाल कला र बाल साहित्यलाई समयमा नै प्रोत्साहन दिन र संस्थागत विकास गर्न,
११. सामूहिक वा व्यक्तिगत प्रयासबाट खुलेका, खुल्दै गरेका पुस्तकालय, वाचनालय कला साहित्य सङ्ग्रालयतर्फ ध्यानाकर्षण गर्न,
१२. सांस्कृतिक सम्पदाको मूल्य बोध गराउन,
१३. नयाँ पुस्ताको मूल्याङ्कन अरु पुस्ताबाट हुन नसकेकाले लिखित वा प्रकाशित कृतिगत तथ्य खोज समीक्षा प्रामाणिक साक्षी अभियानका आधारमा गर्न आवश्यक भएकाले नेपाली कला साहित्यको क्षेत्रमा प्रमाणवादको घोषणा गरिन्छ ।

नेपाली समालोचनामा शास्त्र विकास गर्ने उद्देश्य साथ प्रारम्भ भएको प्रमाणवाद नेपाली साहित्यका क्षेत्रमा देखापरेको वाद हो । नेपाली सन्दर्भमा ज्ञान विज्ञानको क्षेत्रमा धेरै कामगर्न बाँकी नै रहेको अवश्थामा मौलिक लेखनलाई नै आधार बनाएर चोरी रोक्नु जस्तो कठिनकार्य गर्न खोजेको देखिन्छ । यसबाट असम्भव जस्तै कार्य गरेको पनि लाग्न सक्छ । तर प्रमाणवाद सुर्खेतमा घोषणा गरेर यसको प्रभाव काठमाडौंसम्म पर्न सकेको कुरा महत्वको देखिन्छ । राम थापाले त्रिचन्द्र क्याम्पस नेपाली विभागबाट नेपाली साहित्यको आन्दोलन सम्बन्धी शोधमा प्रमाणवादको उल्लेख हुनुले यसको दार्शनिकता, कृतिगत प्राप्तिको मूल्याङ्कन गरेको पाइन्छ ।

प्रमाणवाद पूर्वीय अवधारणामा आधारित दार्शनिक समेत भएकाले यसलाई पूर्वीय दर्शनसँग पनि अध्यन गर्न सकिने ठाउँ देखिन्छ ।

समग्रमा नेपाली साहित्यमा नयाँ समालोचना अवधारणा ल्याउनु महत्वको मान्न सकिन्छ ।

### ४.१२ आनन्दवादको अध्ययन

### पृष्ठभूमि

जीवन, साहित्य र समय एक अर्काका पुरक हुन । साहित्यले हामीले जे देख्यौं, भोग्यौं त्यही उचित समयमा प्रस्तुतीकरण गर्ने मात्र नै हो । आजको हतार जीवनमा नयाँवाद, विचार आवश्यक नठान्ने, कही कतै प्रवेश गर्न नदिने चलन छ । मानौं यो संसार स्थापितहरूको मात्रै हो । नयाँ चिन्तन, नयाँ विचार त आउनै हुँदैन जस्तो गर्नेहरू पनि छन् । त्यसो हो भने २०६२ र ०६३ को आन्दोलनलाई के भन्ने ? त्यो आन्दोलनले ल्याएको परिवर्तनलाई के भन्ने ? यद्यपी त्यो आन्दोलनले समाजवाद तर्फ कि परम्परावाद तर्फ कता ढल्कने हो । अझसम्म पनि निधो भइसकेको छैन । जीवन फर्कदा अतित हुन्छ । समय फर्किदा अतित हुन्छ । साहित्यले अग्रगामी बाटो देखाउँछ भन्ने मान्दा साहित्य लेखन सधैं अग्रगमन मात्रै हुन्छ । संसारमा परिवर्तन सधैं सत्य भए जस्तै त्यसैले सबैको जीवनको लक्ष्य एउटै आनन्द सबै समयको प्राप्ति आनन्द र सधैं साहित्यको रस आनन्द भएपछि घोषणा गरियो साहित्यमा आनन्द पो हुन्छ । यो आनन्द पज्ञाचक्षुले हाती छामेको कथा जस्तै अङ्गुर अमिलो छ भन्ने कथा जस्तै खाने र छाम्नेले मात्र थाहा पाउने कुरा हो । साहित्यमा आनन्दवादको[५७] घोषण २०६४ सालमा भयो । त्यहाँ घोषणा सभा भयो । टिप्पणीहरू आए । घोषणा–पत्र प्रकाशन गरियो । यो चिन्तन जिवन निरन्तरता जस्तै समय निरन्तरता जस्तै साहित्यको अनन्त यात्रा जस्तै होला । टिपणीकारहरू भन्छन् यो त दर्शन भयो, समाजको प्रतिनिधित्व भयो, साहित्यको नयाँ चिन्तन भयो, नयाँ संस्कृतिको बोधक भयो, नयाँ चेतनाको आधार भयो । नयाँ नेपाल बनाउने पृष्ठभूमि भयो ।

[५७] अच्युतशरण (२०६४) आनन्दवाद, आनन्दवाद समूह काठमाडौं

लोक कल्याणकारी राज्य स्थापना होला भनेर आन्दोलन भयो, राष्ट्रिय अस्तित्व, वैयक्तिक स्वतन्त्रता, सामाजिक न्याय, अवसरको समानता, जातीय, क्षेत्रीय, लैङ्गिक परिचय, नागरिकका मौलिकहकहरू, बाल, युवा, महिला, बृद्धाका हकहरू स्थापित होलान् भन्ने आशाले धेरैले आत्म विसर्जन गरे । अमूल्य जीवन त्यागे ।

जनसंस्कृति भनेका जनताको जीवन पद्धति हो । ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्न हामीले सक्नुपर्ने हो । जीवनलाई टक्क अड्याएर होइन । शुस्त- शुस्त अगाडि बढाएर ल्याउनु पर्ने हो । विकासविदहरूले विकासलाई सोपान क्रमिक भनेका छन् । त्यसैले जनसंस्कृति पनि सोपान क्रमिक हुन्छ । वैज्ञानिक हुन्छ र वैज्ञानिक प्रणाली अङ्गालेको हुन्छ । हाम्रो जीवन पनि साहित्य पनि विज्ञानसम्मत नै छ । हामीले हेर्ने दृष्टिकोण परिवर्तन गरे पुग्छ । दोबाटोमा उभिएका हामीहरू उकालो लाग्दा अग्रगमन भन्छौं, ओरालो झर्दा सजिलो गरी नाश भएर जान्छौं । जीवनको स्वरूपलाई मोटामोटी रूपमा तीन किसिमले बुझ्न सकिन्छ साहित्य जस्तै ती स्वरूप हुन् :

१. निरन्तर अग्रगमन्, सङ्घर्षको बाटो, सकरात्मक चेतना,

२. मध्यमार्ग, द्वन्द्वमार्ग, सकरात्मक र नकरात्मक द्वन्द्व,

३. आनन्द चेतना, सकरात्मक, नकरात्मक द्वन्द्व पछि प्राप्त हुने आनन्द चेतना ।

नदीमा बग्दै गरको मान्छे उभिन सम्भव हुँदैन, उभिन सक्यो भने सबैले देख्ने सम्भावना हुन्छ । जीवनलाई विज्ञानमा बुझ्नु पर्छ । आनन्द जीवनको दृष्टिकोणको कुरा हो । छनौंट स्वतन्त्रताको कुरा हो । पाठकीय सौंन्दर्यशास्त्रको कुरा हो । युद्ध सौन्दर्यको आधार, पराक्रम हो । अहिंशा सौन्दर्यको आधार समता हो । समतामा पूर्वीय साम्यवादी खोज भन्न सकिन्छ । त्यसैले युद्धलाई र जीवनलाई महाभारत भनिन्छ । अधिकार र कर्तव्यका कुरा जीवन र साहित्यको स्रोत पत्ता लगाउनु हो ।

## सिर्जना


## विज्ञान परक साहित्य सिर्जना

विज्ञान वस्तु जगतसँग सम्बन्धित छ । विज्ञानको काम प्रकृतिका तत्व विचलन र तिनको मूलभूत नियमहरूको सम्बन्धहरूको उद्घाटन गर्नु हो । विज्ञानले बाह्य जगतका तत्वहरूलाई जस्ताको तस्तै प्रस्तुतिकरण गर्दछ । विज्ञानले भौतिक तत्वको बाह्य आकार अन्तर सम्बन्ध र विशेषताहरूको निरीक्षण गर्दछ । त्यसको प्रकृतिवोध गर्दछ । प्रतिकृयाहरूको निरूपण गर्दछ । विज्ञानको उद्देश्य तथ्यको सङ्ग्रह, तथ्यको वर्गीकरण र सामान्य नियम निर्धारण हो । विज्ञानले विभिन्न पर्दाथबाट एउटा सामान्य विचार सूत्रको खोज गर्दछ । अतः विज्ञान एउटा बौद्धिक प्रयत्न हो । विज्ञानले विश्वका पर्दाथहरूको क्रमबद्ध, नियमित र तर्क सङ्गत व्याख्या गर्दछ ।

साहित्यको क्षेत्र भाव र कल्पना मुलक हुन्छ । साहित्यमा विचार तत्व पनि रहन्छ । साहित्यको विचार अनुभूतिको अङ्ग भएर आउछ । साहित्यले मानवीय मनोवेगहरूलाई जागृत गराउछ । यर्थाथ जिवन जगतको विज्ञानमा साहित्यको भूमिका छ । विज्ञानमा मूलत हाम्रो ज्ञान क्षितिज फराकिलो पार्ने ठाउँ छ । त्यसैले साहित्य र विज्ञान जिवन जगतका यर्थाथ रूप, गुण, प्रकृति एवम् कार्यकारण सम्बन्धबाट परिचित हुन मद्दत पुग्दछ । साहित्यले पर्दाथ प्रतिको हाम्रो आत्मियता, भाववेश उत्पन्न गराएर हाम्रो दृष्टिकोण र कर्तव्यलाई निर्दिष्ट गर्दछ । विज्ञानको भौतिक आधार पृथ्वी, जल, अग्नी, वायु र आकाशको साहित्यिक प्रभाव, जीवन, जगत र साहित्य बुझनेले बुझेकै छन् । साहित्य सिर्जना होस या समीक्षा । निरन्तर विकाश हुने क्षेत्र नै विज्ञान चेतना, जीवन चेतना र साहित्य चेतना हो ।

### साहित्यमा लोक तात्विक प्रयोग

साहित्यको स्रोत लोक जीवन हो । राजनीतिक शब्द सापटी लिदा यसलाई मास लाइन अर्थात समय स्वर भन्नु ठीक होला । लोक शब्दको पुनर व्याख्या गर्दा नेपाली लोक तत्वको स्वरूप निम्न अनुसार देखिन्छ ।




साहित्यमा यस्तो प्रयोगहरू गर्न बाँकी नै देखिन्छ ।

**बालसाहित्यमा नवीन विधागत खोज**

यो बालसाहित्य समीक्षा र सृजनाक्षेत्र दुवैको चुनौति हो । यस क्षेत्रमा काम गर्नेहरूको समतामूलक चिन्तन आवश्यक छ । बालसाहित्य नित्य नविन विधाको खोजमा हुन्छ भन्ने कुरा जे.के.रोमलिङ्को सिर्जना कार्य प्रमाणित गरिदिएको छ । नेपाली बालसाहित्यमा कथा, चित्रकथा, उपन्यास, नाटक र जीवनी विकसित भएका छन् । २०५८ पछि २०६८ सम्म दश वर्षमा हजार शीर्षक थप भएको अनुमान छ । यस्तै प्रकाशन संस्थाहरू पनि बढेका छन् । बालसंसार, रातो बङ्गला, बुक प्यालेस, हिमालय बुकस्टल, बनिता प्रकाशन, वाणी प्रकाशन, नेवासस, विवेक सिर्जनशील प्रकाशन, रुम टुरिड, प्रज्ञापन प्रकाशन, सेरेन हिलइ स्कुल, प्रतिभा रश्मी प्रकाशन, सनवर्ड प्रकाशन, रुम प्रकाशन, भाभा प्रकाशन, जम्को प्रकाशन, सर्वेस्वर प्रकाशन, रत्न प्रकाशन भण्डार, एकता प्रकाशन, साझा प्रकाशन आदि । यी संस्थाहरूले नेपाली शिशु साहित्य भन्दा बालसाहित्यको विकास बढ्दै गएको पाइन्छ ।

**जाति भाषिक अध्ययन**

नेपालमा जातीय दृष्टिले अध्ययन हुन थालेको धेरै भएको छैन । नेपालमा भूमिपुत्रको हुन् ? यहाँको रैथाने संस्कृति कस्तो छ ? अनुसन्धानको विषय हो । मानव जातीय दृष्टिकोणले नेपालमा अष्ट्रो ड्राविण मङ्गोल र आर्य मानव जातिको बसोबास देखिन्छ । यी जातिका बारेमा आ-आफ्ना परम्परा, आदिवासित्व, धार्मिक स्वमित्व, भाषिक स्वामित्व र संकृतिक अधिकार रहेका छन् । नेपालमा कुन जाति कहाँ बस्छन् भन्ने कुरा पनि अनुसन्धानको विषय छ । समग्रमा नेपाली जातिहरूलाई जनजाति प्रतिष्ठानले यसरी चिनाउने प्रयास गरेको देखिन्छ :

१. लोपोन्मुख समूह जस्तै राउटे कुसुण्डा आदि,
२. अति सीमान्तीकृत समूह : माझी, दनुवार, बरामु आदि,
३. सिमान्तकृत समूह : सुनुवार, भोटे, दुरा, पहरी आदि,
४. सुविधा वञ्चित समूह : मगर, जिरेल, भोटे, व्यासी आदि,
५. उन्नत समूह : नेवार थकाली, क्षेत्री, बाहुन आदि ।

नेपालमा बहुजातिका बहुभाषा छन् । यहाँका बासिन्दाहरू विभिन्न जातजातिका छन् । यी जातजातिका फरक-फरक अभिव्यक्तिका माध्यम छन् । यी भाषिक अभिव्यक्तिका माध्यम नै नेपाली समाज पहिचानका र सामाजिक संरचनाका आधार हुन् । यस्ता सूचकहरूले नेपाली समाज संस्कृति अध्ययन गर्न सहयोग पुग्ने हुँदा यी भाषाहरूको ऐतिहासिक सर्वेक्षण कार्य गर्न आवश्यक ठानिएको हो ।

जातीय भाषाहरूको ऐतिहासिक सर्वेक्षण शब्दले नेपाल भित्रका भाषा बारेको सर्वेक्षण कार्यलाई सङ्केत गर्दछ । नेपालमा राष्ट्रिय स्तरको भाषा सर्वेक्षण नहुँदासम्म सबै भाषाको आधिकारिक सूचना उपलब्ध हुन सकेको छैन । वर्तमान नेपालमा के-कति भाषा लेख्य रूपमा छन् ? कुन कुन भाषामा जातीय भाषिक सामग्री प्राप्त छन् ? के कति भाषाका कथ्य रूप मात्र छन् ? तिनीहरूको वर्तमान स्थिति के छ भन्ने बोध गर्नु विषयगत आवश्यकता हो ।

४.१३ **समीक्षा सिद्धान्त**

## समयको माग र पूर्तिका सिद्धान्त

समय निरन्तर परिवर्तनशील छ । काललाई वैज्ञानिकहरूले पनि मान्यता दिएका छन् । वैज्ञानिक सापेक्षवादमा कालको महिमा पाइन्छ । मानवीय सन्दर्भमा कालको गति र समाज व्यवस्थापनको मापन नै इतिहासको आवश्यकता मानिन्छ । अतितको आधारमा वर्तमान र वर्तमान चिन्तनको माध्यमबाट भविष्यको व्याख्या गर्न सकिन्छ । त्यसैले समयको मागको सिद्धान्त वर्तमान युगको आवश्यकता बोध हो । आवश्यकताको अनुभव गर्नु अस्वीकार गर्नु जस्तै हो । अस्वीकार गरे पछि खोज गरेपछि वैज्ञानिक होस् कि साहित्यकार समयको कारण सन्तुष्ट असन्तुष्ट हुन सक्दछ । सृजनाको स्तरमा जसले अग्रगमनलाई प्राथमिकता दिन्छ त्यसले समयबोधको मान्यतालाई युगबोधको मान्यतालाई स्वीकार गर्दछ । फलस्वरूप उसले समयको माग बुझेको हुन्छ । ऊ स्वतः मागको पूर्तिमा लाग्दछ । अर्थात सर्जक समीक्षक पुराना मान्यता छोडेर समयको आवश्यकता बुझी नयाँ सिर्जना र नयाँ समीक्षा कार्यमा लाग्दछन् ।

## द्वन्द्ववादी रस सिद्धान्त

देशकाल परिस्थिति अनुसार द्वन्द्वको परिभाषा फेरिन्छ । देशका क्रान्तिका ऐतिहासिक मोडहरूमा द्वन्द्वहरू देखा पर्दछन् । यो द्वन्द्व कला र साहित्यमा पनि पाइन्छ । द्वन्द्वबाट सङ्घर्स उत्पन्न हुन्छ । सङ्घर्सले जीवनमा गतिशीलता ल्याउँछ । राष्ट्रिय सामाजिक जीवनमा काम गरेर खाने श्रमिक वर्गको जीवन सापेक्षतामा हर्ष, शोख, दुःख, पीडा, वेदनाको चित्रण कलात्मक र साहित्यिक समाज सापेक्ष कार्य मानिन्छ । साहित्य र कलाको क्षेत्रमा विज्ञान सम्मत हुनु भनेको व्यवस्थित हुनु र तथ्य सम्बन्धित हुनु भनेको हो । यर्थात जीवनलाई सत्य र तथ्यमा परीक्षण गरेर त्यसबाट उत्पन्न प्रतिक्रियाहरूले साहित्यमा वर्गीय अध्ययन गर्न सकिन्छ ।

साहित्यमा रस सिद्धान्त पूर्वीय र पाश्चात्य दुवैतिर प्रचलनमा देखिन्छ । द्वन्द्वले प्रस्तुत गर्ने रसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

| **द्वन्द्ववादी रस** | |
|---|---|
| आन्तरिक रस | बाह्यरस |
| स्वभाव परिवर्तन<br>इच्छित वस्तु वितरणमा सङ्घर्ष<br>व्यक्ति र समाजको सङ्घर्ष<br>मूल्य मान्यता र पुस्ताबिच द्वन्द्वका कारणहरू<br>अधिकारको सङ्घर्ष<br>अधिकारको सङ्घर्ष<br>परिचयको खोज | व्यक्तिगत भिन्नता<br>वर्गीय स्वार्थ<br>जातीय व्यवस्था<br>सामाजिक परिवर्तन<br>अमानवीय कृयाकलाप<br>सीमित स्रोत, उपयोग र स्वामित्व<br>असमान व्यवहार |

१. उद्देश्यमा द्वन्द्व

२. चरित्रमा द्वन्द्व

३. घटना बिच द्वन्द्व र

४. संवादमा द्वन्द्व

मान्छे बुझ्न इतिहास समाज र संस्कृति बुझ्नु पर्दछ । त्यसैले कृतिहरू पठनीय हुन्छन् । यी माथि उल्लेख गरिएका तथ्यगत आधार पूर्वमा कौटिल्यको अर्थशास्त्रमा खोज्न सकिन्छ ।

द्वन्द्वलाई विद्धान्हरूले विभिन्न अवस्थामा प्रस्तुत गरेका छन् । पशिचमी चिन्तकहरूले सामाजिक तत्वको रूपमा द्वन्द्व, राजनीतिको बिचमा द्वन्द्व, सत्ता प्राप्ति र व्यवस्थाका लागि द्वन्द्व, मानवीय सृष्टि र भौतिक सृष्टिमा द्वन्द्व, भौतिक र आध्यात्मिक द्वन्द्व आदि । यस्तो चिन्तन होराल्किटस, सोफिक्स, ओली वियोस, इवान खाल्दुन चाल्स डार्विन, मेलावेली बोडिन, होब्स फायरवाद, हेगेल हुँदै कार्लमाक्ससम्म आइपुगेको छ ।

**सामाजिक गतिशीलताको सिद्धान्त**

कुनै पनि युगको जीवन र साहित्यको व्याख्या समाज र त्यसको गतिशीलतामा भर पर्दछ । समाज गतिशील हुन सामाजिक अन्तर संरचना र ज्ञानको क्षेत्रमा देखापर्ने आन्दोलनहरू हुन् । यी आन्दोलनहरूका तीन पक्ष हुन्छन् :

क. पलायन ख. स्वीकृति ग. विरोध

सामाजिक गतिशीलता बुझ्न निम्न पक्ष उपयोगी हुन्छन् :

क. विचार प्रधान विज्ञान

ख. अनुमान ज्ञानशास्त्र

ग. समाजको अन्तर विषय काल्पनिक गतिशीलता

**सरल भाषाको सिद्धान्त**

सरलभाषाको सिद्धान्तले भाषालाई बहुजन हितमा प्रयोग गर्नुपर्छ भन्ने मानेको हो । व्यक्ति र उसको मात्रृभाषा, उसको व्यवहार चलाउने भाषा र उसको आवश्यकताको भाषा छुट्टै हुन्छ । शास्त्रीय आधारमा भाषा सालिन भए पनि व्यवहरमा सरल भाषाको नै चर्चा परिचर्चा हुन्छ । भाषामा बगेर जसले राम्रो पौडिन सक्दछ जसले भाषालाई राम्रोसँग चलाउन, खेलाउन, बोलाउन, हिडाउन सक्दछ उसको नै यस दुँनियामा चर्चा चल्दछ नेपाली साहित्यमा हेर्ने हो भने श्यामप्रसाद, गुरूप्रसाद मैनाली, ताना शर्मा, गोविन्दबहादुर मल्ल गोठाले, विजयमल्ल, मोदनाथ प्रश्रित, ध्रुवचन्द्र गौतम र खगेन्द्र संग्रौला लगायतका व्यक्तिहरूलाई उदाहरणका रूपमा राखेर हेर्न सकिन्छ । सरल भाषा सधैं सबैको दीर्घजीवि हुन्छ । अर्थमा गम्भीर्यता, कृतिगत सौन्दर्यता हुन्छ । यसको उदाहरणका लागि महाकवि लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने र भूपि शेरचन जस्ता साहित्यकारलाई राख्न सकिन्छ ।

**आत्मालोचन सिद्धान्त**

व्यक्तिको सोच्ने, बोल्ने र व्यवहार गर्ने शैलीमा नित्य द्वन्द्व हुन्छ । समाजवादी उत्पादकले सधैं मानवीय समतामूलक जीवन मूल्य आत्मसाथ गर्नुपर्छ । मानवीय स्वभाव,

इतिहास र समाजद्वारा निर्मित र निर्देशित हुन्छ । मान्छेका मनमा सधैं राम्रा भाव र नराम्रा भाव आउछन् । यसलाई समतामा ल्याउने आत्मालोचन गर्नुपर्ने हुन्छ । यो सिद्धान्तबाट कृतिको सकारात्मक आलोचनातर्फ गति प्राप्त हुन्छ ।

**पाठलोचन सिद्धान्त**

साहित्य इतिहाससँग सम्बन्धित हुन्छ । मानव जगत विकासशील र नाशवान दुवै हुन्छ । वस्तुको परिवर्तन सधैँ उन्नतिको लागि हुन्छ । जीवनका साथ परिवर्तन भएका भौतिक मूल्यका आधारमा साहित्यमा व्यक्त कला चेतनाको मूल्याङ्कन गर्न सकिन्छ । साहित्यमा पाठलोचन सिद्धान्त वैज्ञानिक विधि र कलात्मक मूल्यबोध तर्फ लक्षित देखिन्छ । पाठलोचन सिद्धान्तका निम्न प्रक्रिया उपयोगी छन् :

क. सामग्री सङ्कलन वा पाठचयन ख. संकेत प्रणाली

ग. पाठ तुलना घ. प्रमाणिक पाठ निर्माण

**पठन आनन्द सिद्धान्त**

पठन आनन्द सिद्धान्त भनेको कृति पढेर प्राप्त दुःखात्मक वा सुखात्मक द्वन्द्वात्मक स्थिति पछि प्राप्त हुने तत्व हो । यो स्वयम् आत्म निर्भर छ । जुनसुकै मागबाट जसरी प्राप्त गरे पनि आनन्द जीवनको उपयोगी साहित्य र मानव जीवनको सर्वोत्तम लक्ष्य देखिन्छ । मानवीयता बुझ्न मनोभावको गहन भूमिका हुने कुरा मनोविज्ञानका आधारमा सिद्ध गर्न सकिन्छ ।

**४.१४ निष्कर्ष**

नेपाली साहित्यमा रुचि भएका कारण सोही विषयमा त्रि.वि. बाट स्नातकोक्तर गरी भाषा साहित्यका विभिन्न विधाहरूमा अविरल अविश्रान्त आफूलाई निलिप्त गराउन उद्यत अच्युतशरण अर्यालको लेख कम आकलन गर्न सकिदैन । सैद्धान्तिक र व्यावहारिक गरी दुवै समालोचनाको क्षेत्रमा कलम चलाएका अर्यालका सैद्धान्तिक समालोचना अर्न्तगत संस्कृति, कथा, हास्यव्यङ्ग्य र निबन्ध विषयक रहेका छन् भने व्यावहारिक समालोचनाहरू

कविता,लामोकविता (**आँधिखोला**) किसोर कविता सङ्ग्रह जिवनी र व्यक्तित्व विषयसँग सम्बन्धित रहेका देखिन्छ ।

**श्रवणकुमार बाल काव्य** (२०५४) **अफ्रेटाका बान्कीहरू** (निबन्ध सङ्ग्रह २०४१), **नेपाली बालसाहित्यको रूपरेखा** (२०५४) **प्रमाणवाद सिद्धान्त** सृजना जस्ता थुप्रैस्थापित रचनाहरूका साथै विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, रचना, शोध, जीवनी, गीत, कविताले उनलाई सृजनशील साहित्यकारको पङ्क्तिमा उभ्याएको छ ।

अर्यालले प्रगतिवादी साहित्य सिद्धान्तको अनुशीलनका सन्दर्भमा यसको दार्शनिक आधार, पृष्ठभूमि र परम्परको साथै मान्यता अन्तर्गत, उद्‌भव, प्रयोजन तथा रूप र अर्न्तवस्तु एवम् साहित्यिक मापदण्डका आधार समेतको निरूपण गरेका छन् । त्यसैगरी प्रगतिवाद सम्बन्धी प्रमुख मान्यताका परिप्रेक्षमा कथाको सिद्धान्त अन्तर्गत कथाको विधागत परिचय र संरचना, कथाको उद्‌भव र विषयस्रोत, कथाको रचना प्रक्रिया, कथा रचनाको उद्देश्य, बारेमा समष्टि रूपमा विवेचना गरेका छन् । यसैगरी हास्यव्यङ्ग्यको सैाद्धान्तिक अध्यायनका सर्न्दभमा पूर्वीय एवम् पाश्चात्य परमपराका साथै नेपाली चिन्तनका मान्यतालाई पनि समेट्दै यसको सैद्धान्तिक स्वरूपको विवेचना समेत अर्यालले गरेका छन् ।

# पाँचौं अध्याय

# उपसंहार

स्याङ्जा जिल्लाको वालिङ भीमटारी भन्ने गाउँमा वि.सं २०१३ सालमा जन्म भएको अच्युतशरण अर्यालले प्रथम अनौपचारिक शिक्षा कखरा घरमै पिता स्व. डिल्लीप्रसाद अर्यालबाट पिढी शिक्षा लिएको पाइन्छ । वि.स २०१८ मा श्री अमिलीथुम प्राथमिक विद्यालयमा प्रवेश गरी वि.सं. २०२४ मा प्राथमिक शिक्षा उतीर्ण गरे भने वि.सं २०२६ मा पूर्णामृत भवानी मा.वि मा प्रवेश गरेका हुन् । विभिन्न अभाव र विपन्न आर्थिक अवस्थासँग पौठेजोरी गर्दै उच्च शिक्षाका लागि श्री अर्यालले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा अध्ययन गरी स्नातक तह उतीर्ण गरेका हुन् । उनले त्रि.वि बाट २०३९ मा स्नातककोतर र वि.सं. २०६० मा त्रि.वि. बाट नै नेपाली बालसाहित्यमा पहिलो विद्यावारिधिको उपाधि लिएको छन् ।

नेपाली समाजका पीडा र यर्थाथलाई कलमले उघार्दै र आफू भित्रका प्रध्यापकीय गुणबाट विद्यार्थीहरूलाई सिञ्चित गर्ने क्रममा वीरेन्द्रनगर बहुमुखी क्याम्पस विरेन्द्रनगर, शिक्षा क्याम्पस सुर्खेत, नेपाल आर्दश उच्च मा.वि. वालिङ् हुँदै जुम्ला बहुमुखी क्याम्पसको प्रमुख पद सम्हाल्न सफल भएका अर्याल हाल आएर पाटन संयुक्त क्याम्पसको प्राध्यापनमा व्यस्त रहेका छन् ।

अच्युतशरण अर्याललाई नेपाली साहित्यमा रुचि भएका कारण सोही विषयमा त्रि.वि.वि. बाट स्नातकोत्तर गरी भाषा साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका छन् । **आँधीखोला लामो कविता** लेखन २०३५, **कालापानी गीति लेखन** (२०४३), **देश बगेको बेला लामो कविता, श्रवणकुमार बालकाव्य** (२०५४) प्रकाशित **बाल विहार बालकाव्य, गण्डकी कुमारी किशोर काव्य, नगर निर्माता किशोरी काव्य, खिर्राको चौपारी लामो कविता** लगायत दर्जनौं फुटकर समीक्षा एवम् समालोचनाहरूले अर्याललाई साहित्यकारको पङ्क्तिमा लामबद्ध गरेको छ । आफ्ना बुबाको प्रेरणा तथा जन्मस्थानको रमणीय प्रकृतिक वातावरणबाट प्रेरित भएर साहित्य सिर्जनामा लागेका अर्याल सिर्जनामा मौलिकपन हुनुपर्छ भन्ने मान्यतामा अडिग रहेका छन् । सानै उमेरदेखि लेखन कार्यमा संलग्न अच्युतशरण अर्याल नेपाली साहित्यमा निरन्तर क्रियाशील रहेवापत विभिन्न मानपदवी तथा पुरस्कारद्वारा सम्मानित भएको देखिन्छ । मेहनत पछि प्राप्त

गरेका सफलतालाई विशिष्ट घटनाहरूका रूपमा लिने अर्याल जीवनमा आइपरेका सुखद र दुःखद क्षणहरूलाई आत्मसात् गर्दै निरत्तर रूपमा अघि बढिरहेका छन् ।

अच्युतशरण अर्यालले अत्यन्तै लगनशील रही ज्ञान र क्षमताको अत्याधिक प्रयोग गरी विभिन्न क्षेत्रमा कार्य गरेर पश्चात सफल भएको हुँदा व्यक्तित्वका विभिन्न पाटाहरू छन् । बालकविता मार्फत आफना साहित्यिक यात्रा शुरु गरेका अर्याल अर्थोपार्जनका लागि अध्ययनमा संलग्न हुँदै आएका छन् । त्यतिमात्र होइन सामाजिक उत्तर दायित्व बोधबाट प्रेरित भएका अर्याल राजनीतिक, सांस्कृतिक लगायतका विभिन्न संङ्घ संस्थामा आवद्ध हुँदै र बाल साहित्यमा अभिरुचि बढ्दै गएपछि बालसाहित्यमा आफ्नो छुट्टै चिनारी दिएका छन् । प्रखर समालोचक भएकै कारण भूमिका लेखक व्यक्तित्वको निर्माण पनि अर्यालले नेपाली साहित्य क्षेत्रमा योगदान दिएका छन् । त्यसैगरी अर्याल साहित्यिक आन्दोलन प्रमाणवादको सर्जक, समालोचक, निबन्धकार, सम्पादक, भूमिका लेखक, साहित्यिक वार्ताकार, प्राध्यापक, शिक्षक, सङ्गठक, सामाजिक राजनीतिक लगायतका व्यक्तित्व हुन् भन्न सकिन्छ । त्यसोभए तापनि उनको साहित्यिक कलम भने बालसाहित्यमै तिखारिएको पाइन्छ ।

वि.सं २०३२ मा नेपाली छात्र सङ्घ हरिद्वारको सगरमाथा वर्ष १४, अङ्क १४ प्रत्रिकामा ठूला घरकी बुहारी नामका कथाको प्रकाशनबाट उनले औपचारिक रूपमा सिर्जनाका क्षेत्रमा प्रवेश गरेको पाइन्छ । पहिलो कथा भएर पनि यो कथाले नारी मनोविज्ञानलाई यथार्थवादी रूपमा प्रस्तुत गरेको देखिन्छ । यसपछि अर्को कथा हिमज्योति नेपाली छात्रसङ्घ बृन्दावनबाट प्रकाशित रहेको देखिन्छ र कथाकार अर्यालका कथाहरू हेर्दा उनका लामा कथा र सूत्रकथाहरू रहेका देखिन्छन् । अर्यालका सूत्रकथाहरू सगुन साहित्यिक पत्रिकामा प्रकाशित छन् ।

नेपाली बालसाहित्यमा विद्यावारिधि गर्नुहुने अच्युतशरण अर्याल अत्यन्त सरल भाषमा बालउपयोगि हुनेगरी खण्ड काव्य **श्रवणकुमार** (२०५४) लेखिएको छ । बालकहरूको मनोविज्ञान, अवोधपनहरू मिसाएर मीठो शैलीमा रचिएको यो कृति बालसाहित्यमा योगदान दिन सफल छ । साहित्यका कथा, कविता, समालोचना र निबन्धमा कलम चलाउने अर्यालको विशेष चासो बालसाहित्यप्रति भएकाले उनका धेरै लेखहरूमा बालकहरू मडारिएको भेटिन्छ । बालक स्वभावैले अवोध, चञ्चल र निश्चल हुन्छन्, उनीहरूभित्र विनोदप्रियता हुन्छ । यसै विष्यवस्तुको अन्तर कुन्तरबाट बालकपनको कुनाहरू पल्टाउन सफल देखिन्छन् ।

अर्यालले नेपाली शोध लेखनको क्षेत्रमा २०४१ सालमा त्रि.वि.बाट स्नातकोत्तर तहको भिलेज प्रोफाइल तयार गर्ने क्रममा आँधीखोले लोक गीतमा सामाजिक झलक शीर्षकमा ग्रामीण अध्ययन प्रतिवेदन प्रस्तुत गरेको देखिन्छ । त्यसपछि उनले नेपाली बालसाहित्यको रूपरेखा २०४५ मार्फत नेपाली बालसाहित्यको इतिहास निर्माणमा नयाँ क्षेत्र पहिचान गरेको देखिन आउँछ । यो क्रमलाई उनले प्रमाणवादी दृष्टिमा स्याङ्जाको साहित्य जस्ता लेख मार्फत विभिन्न पत्रिकाहरूमा स्थानीय साहित्यिक इतिहास लेखनलाई महत्व दिएको देखिन्छ । **आँधीखोला लोकगीतमा सामाजिक झलक** (२०४१), **नेपाली बालसाहित्यको रूपरेखा** (२०४५), **प्रमाणवादी दृष्टिमा स्याङ्जाको साहित्य** (२०४८), **सुर्खेतको नेपाली साहित्य** (२०५०) **त्रि.वि. अनुसन्धान महासाखामा प्रस्तुत प्रतिवेदन, नेपाली भाषा शिक्षणका सन्दर्भममा नेपाली बालसाहित्य शिक्षाशास्त्र सङ्काय** (२०५७), **नेपाली बालसाहित्यिक अध्ययन -विद्यावारिधि शोध प्रबन्ध त्रि. वि.** (२०६०), **संस्कृत श्रोतको बालसाहित्य अनुसन्धान केन्द्र महेन्द्र संस्कृत विश्वविद्यालय** (२०६२), **स्याङ्जा पर्वतीय नेपाली भाषा साहित्य** (२०६३), **जाति भाषिक सन्दर्भमा सुर्खेतको बोटे भाषा** (२०६२) **प्रज्ञाप्रतिष्ठान, पश्चिमी लोक साहित्य** (२०६५), **नेपाली बाललोक साहित्य** (२०६५) प्रकाशित भइसकेका छन् । तथ्याङ्क कै दृष्टिले भन्ने हो भने उनले कविता गद्य, पद्य, कथा लामा छोटा, उपन्यास, नाटक, निबन्ध, शोध प्रतिवेदन, समालोचना लेख चिन्तन आदि क्षेत्रमा अनुभव लिएको देखिन आउँछ । उनका झण्डै दुई दर्जन जति कृति पाण्डुलिपि समोलोचना सकेको देखिन्छ । यी विविध क्षेत्रमा योगदान दिएको पाइए पनि उनी मूलत कवि, निबन्धकार, समालोचक, सिद्धान्तकार, बालसाहित्य इतिहास लेखक समीक्षकका रूपमा स्थापित छन् ।

प्रकाशित कृतिगत आधारमा उनको योगदान देखाउने कृति मध्ये धेरै बालसाहित्यसँग सम्बन्धित देखिन्छन् जस्तै : **श्रवणकुमार बालखण्डकाव्य, बाललोक कथा सङ्ग्रह, बालविहार, नेपाली बालसाहित्यको रूपरेखा, नेपाली बालसाहित्य आन्दोलन, नेपाली बालसाहित्यकार कोश, स्याङ्जाको बाल साहित्य, नेपाली लोकबालसाहित्य, किशोर साहित्य, भाषा शिक्षणका सन्दर्भमा बालसाहित्य, नेपाली बालसाहित्यको अध्ययन (विधागत), संस्कृत स्रोतको बालसाहित्य**

यी माथि उल्लेख गरिएका सामग्रीहरूले अर्यालाई स्रष्टा र द्रष्टाका रूपमा उभ्याएको पाइन्छ । यस बाहेक भाषाको क्षेत्रमा अर्यालले जातिभाषिक सन्दर्भमा सुर्खेतको बोटेभाषा, भाषाशोध

पद्धति र लोक भाषाको अध्ययन गरेका छन् । उनले लोकसाहित्यका क्षेत्रमा पश्चिमी लोकसाहित्य कृति प्रस्तुत गरेका छन् ।

निबन्धकारका रूपमा अर्यालले अभ्केटाका बान्कीहरू सिर्जनात्मक निबन्ध सङ्ग्रह  लेखेका छन् । यसका उनले नेपाली समालोचना क्षेत्रमा प्रमाणवाद आनन्दवाद दृष्टिकोण पनि प्रदान गरेका छन् ।

उनको सानासहरका कथाले छुट्टै नयाँ विषयवस्तु प्रस्तुत गरेको पाइन्छ । उनको आदिम भूमिले जुम्लाको जनजीवनलाई प्रस्तुतीकरण गरेको पाइन्छ ।

उनको समालोचना क्षेत्रमा हेर्दा स्याङ्जाको साहित्यले स्याङ्जाको साहित्य स्थानीय इतिहास लेखनको कार्य गरेको देखिन्छ । सामान्य ग्रामीण पत्रकारिता र साहित्यिक पत्रकारितामा पनि उनको काम देखिन्छन् । आँधीखोला साप्ताहिकका १५ अङ्क यसका साक्षी छन् । काठमाडौं बाहिर रहेर पनि राष्ट्रिय स्तरको चिन्तन गर्नु उनको मौलिक चिन्तन हुन सक्ला । उनका कमीकमजोरी हेर्दा उनले लेखेका कविता चर्चित रहेकै छन् । उनका कुनै पनि कितापमा अरुको भूमिका देखिदैन । त्यस आधारमा उनी विज्ञापनबाट स्थापित नभएका साधकका रूपमा देखापर्दछन् ।

अच्युतशरण अर्यालको व्यक्तिवका विविध पाटाहरू मध्ये साहित्यिक व्यक्तित्व नै महत्वपूर्ण पाटो हो । उनी आफू साहित्यकार हुनुमा आफ्नो पारिवारिक वातावरण र विशेष गरी बाबुको प्रेरणा र प्रोत्साहनका साथै आफ्नो जन्मथलो स्याङ्जाको प्राकृतिक रमणीयताले मुख्य भूमिका खेलेको पाइन्छ । बालसाहित्यकार व्यक्तित्वका रूपमा अर्यालका दुई पाटा देखिन्छन् ।

प्रथम पाटो सिर्जनात्मक बालसाहित्यिक व्यक्तित्व हो भने दोस्रो पाटोको रूपमा बालसाहित्य समीक्षक देख्न सकिन्छ ।

अर्यालको जीवन शैली जनसंस्कृतिको पक्षमा उभिएको देखिन्छ । अर्यालको जीवन चेतनाको स्रोत वैष्णव साम्यवादी दर्शनसँग जोडिएको देखिन्छ । यसको फलस्वरूप सामान्य मान्छेप्रति सहानुभूति राख्ने बानीको विकास भएको पाइन्छ । परम्परागत संस्कृति चेतनासँगै अर्यालले आर्जन गरेको सांस्कृतिक प्राप्ति हिन्दू दर्शन र बौद्ध दर्शनसँग सम्बन्धित देखिन्छ । उनले विना प्रमाण केही नमान्ने अवधारणालाई स्थापित गर्न नेपाली साहित्यमा प्रमाणवाद स्थापित गरेको

देखिन्छ । प्रमाणवाद हुँदै विकसित उनको सांस्कृतिक चेतना हाल आएर आनन्दवादमा अडिएको छ ।

यसरी परम्परागत सास्कृतिक, अर्जित संस्कृति, आविस्कृत संस्कृति र भौतिकवादी संस्कृतिको द्वन्द्वबाट मानवीय संस्कृतिक विकासको आधार सृजना भएको उनले बताएका छन् । यही द्वन्द्वात्मक गतिशीलतालाई नाघ्न सके मानव जीवनको उद्देश्य प्राप्ति हुने र आनन्दवादी संस्कृतिको विकास हुने उनको ठम्याइ छ ।

अर्यालका निबन्धहरू प्रायगरी प्रगतिवादी मान्यताकै आधारमा कलम चलाएका छन् । यसमा एम.ए.सम्मको दरिलो अध्ययन भएको व्यक्ति वा विश्व विद्यालयको मास्टर डिग्री उपाधी प्राप्त भएको व्यक्ति शिक्षण पेसा अङ्गाल्दा हुने हिनताबोध प्रति परिलक्षित देखिन्छ भने अर्कातिर गाउँका नव सामन्त ल्याप्चे प्रधानपञ्चका अगाडि निगुरमुन्टी नभइ बाँच्न गाह्रो पर्ने गुनासो देखिन्छ । अनि हरेक क्षेत्रमा यिनै ल्याप्चे प्रधानपञ्चको हालीमुहाली चल्ने तर आफू सिद्धान्तनिष्ठ भए पनि पेसाका लागि शरणार्थी बन्नुपरेको विषयलाई सरल भाषामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । निबन्धको मुख्य उद्देश्य भनेको अहिलेको समयमा गुरु शब्द वा मास्टर साव शब्दको अपहेलना हुन गएको वास्तविकताको उजागार गर्नु रहेको देखिन्छ । हिन्दू परम्परा अनुसार बाह्मणलाई गुरु अर्थात अन्धकारबाट प्रकाश वा उज्यालोतिर लाने काम हो । गुरु भनिएकोमा अहिले यसको मूल्याङ्कनमा अत्यन्त गिरावट आएको प्रति अर्याल अत्यन्त चिन्तित देखिन्छन् । उहाको कलम विकृतिको भण्डाफोर गर्ने तर्फ निरन्तर अगाडि बढेको देखिन्छ ।

संरचनात्मक दृष्टिले उनका कविताहरूमा गद्य लयमा लेखिएको पाइन्छ । श्रवणकुमार खण्डकाव्य नेपाली पौराणिक कालखण्ड देखि चलिआएको श्रुतिलाई कविताको रूपमा पस्केको पाइन्छ । कविताको शैली र शब्दको मौलिकताका साथ विचारहरू परिस्कृत रूपमा प्रस्तुत भएका छन् । यस खण्डकाव्यमा बालकहरूको मनोविज्ञान, अवोधपनहरू मिसाएर मिठो शैलीमा रचिएको यो कृति बालसाहित्यमा योगदान दिन सफल देखिन्छ । पङ्क्तिका हिसाबले यस **श्रवण कुमार खण्डकाव्य** भित्र रहेका सबै पङ्क्ति समान देखिन्छन् । यस खण्डकाव्यमा संरचित श्रवणकुमार शीर्षक कविता हो । यस कृतिमा त्यति धेरै लेख्य चिन्हको प्रयोग गरेको पाइदैन । तापनि यस कविता ५९ वटा पूर्णविराम चिन्ह, ४ वटा प्रश्नवाचक चिन्ह र ४ वटा

उद्गार चिन्हहरूको साथै अन्य कमा उद्धरण, योजक आदि चिन्हहरूको प्रयोगले कविताको भावलाई बुझ्न सहयोग पुऱ्याएको छ । यसरी संरचनागत दृष्टिले उनका यस खण्डकाव्य मौलिक देखिन्छ ।

कवि अच्युतशरण अर्यालका कवितामा प्रसस्त मात्रामा बिम्ब र प्रतीक प्रयोग भएको पाइन्छ । कविताका शीर्षक नै प्रतिकात्मक अर्थ वाहक देखिन्छ । आँधीखोला लामो प्रयोग भएको तिमी, उनी शब्द शसक्त रूपमा प्रयोग भएको प्रतीक हो भने यसै कविता भित्र प्रयोग गरिएका आँधीखोला लौरा, माटाहरू, थोत्रो डोका, थुर्मी आदी पनि प्रतिकात्मक शब्दका संवाहक हुन् । आँधीखोला कवितामा प्रकृति, समाज, धर्म संस्कृति र ज्ञान विज्ञान क्षेत्रका विभिन्न बिम्ब एवम् सन्दर्भको रमणीय प्रयोगसँगै बैदिक तथा अन्य श्रोतका श्रुति र कवि स्वयम्का सारपूर्ण उक्ति, तन्द्रा विम्रम अतिरेकीकरण, न्युनिकरण अनि स्वभावोक्ति अतिशयोक्ति, उपमा, रूपक, दृष्टान्त, आदि अर्थलङ्कारको प्रयोग द्वारा देखाइएको छ । यसरी हेर्दा कवि अर्याल यस कवितामा सरल सामान्य बिम्ब प्रतीकको संयोजन गरिएको भए पनि तिनमा गहन भाव लुकेको भेट्न सकिन्छ । सरलता भित्र पनि गहनता भेटिनु यस चरणका कविताको बिम्ब प्रतीक प्रयोगगत विशेषता छन् ।

साहित्यकार अच्युतशरण अर्यालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा गरिएको समग्र अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् ।

१. स्याङ्जा जिल्लाको वालिङ भीमटारी भन्ने गाउँमा वि.सं २०१३ सालमा जन्म भएको अच्युतशरण अर्यालले प्रथम अनौपचारिक शिक्षा कखरा घरमै पिता स्व डिल्लीप्रसाद अर्यालबाट पिढी शिक्षा लिएको पाइन्छ उनले त्रि.वि बाट २०३९ मा स्नातकोतर र वि.सं. २०६० मा त्रि.वि. बाट नै नेपाली बालसाहित्यमा पहिलो विद्यावारिधिको उपाधि लिएको देखिन्छ ।

२. आफ्ना बुबाको पेरणा तथा जन्मस्थानको रमणीय प्रकृतिक वातावरणबाट प्रेरित भएर साहित्य सिर्जनामा लागेका अर्याल सिर्जनामा मौलिकपन हुनुपर्छ भन्ने मान्यतामा अडिग रहेका छन् । सानै उमेरदेखि लेखन कार्यमा संलग्न

अच्युतशरण अर्याल नेपाली साहित्यमा निरन्तर क्रियाशील रहेवापत् विभिन्न मानपदवी तथा पुरस्कारद्वारा सम्मानित भएको देखिन्छ ।

३. वि.सं २०३२ मा नेपाली छात्र सङ्घ हरिद्वारको सगरमाथा वर्ष १४ अङ्क १४ प्रत्रिकामा ठूला घरकी बुहारी नामका कथाको प्रकाशनबाट उनले औपचारिक रूपमा सिर्जनाका क्षेत्रमा प्रवेश गरेको पाइन्छ । पहिलो कथा भएर पनि यो कथाले नारी मनोविज्ञानलाई यथार्थवादी रूपमा प्रस्तुत गरेको देखिन्छ ।

४. अच्युतशरण अर्याललाई नेपाली साहित्यमा रुचि भएका कारण सोही विषयमा त्रि.वि.वि. बाट स्नातकोत्तर गरी भाषा साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका छन् । **आँधीखोला लामो कविता लेखन** (२०३५), **कालापानी गीति लेखन** (२०४३), **देश बगेको बेला लामो कविता, श्रवणकुमार बालकाव्य** (२०५४) प्रकाशित **बाल विहार बालकाव्य, गण्डकी कुमारी किशोर काव्य, नगर निर्माण किशोर काव्य, खिर्राको चौपारी लामो कविता** लगायत दर्जनौं पुटकर समीक्षा एवम् समालोचनाले अर्याललाई साहित्यकारको पङ्क्तिमा लामबद्ध गरेको छ ।

५. अर्यालको विधागत लेखनलाई सिंहवलोकन गर्दा आभ्यासिक लेखन कथाबाट भए तापनि त्यसपछि उनका कृतिहरू बाालकथा र निबन्धमा निरन्तर क्रियाशील रहेको पाइन्छ ।

६. अर्यालले प्रगतिवादी प्रमाणवादी साहित्य सिद्धान्तको अनुशीलनका सन्दर्भमा यसको दार्शनिक आधार, पृष्ठभूमि र परम्परको साथै मान्यता अन्तर्गत, उद्भव, प्रयोजन तथा रूप र अर्न्तवस्तु एवम् साहित्यिक मापडण्डका आधार समेतको निरूपण गरेका छन् ।

७. प्रखर समालोचक भएकै कारण भूमिका लेखक व्यक्तित्वको निर्माण पनि अर्यालले नेपाली साहित्य क्षेत्रमा योगदान दिएका छन् । त्यसैगरी अर्याल साहित्यिक आन्दोलन प्रमाणवादको सर्जक, समालोचक, निबन्धकार, सम्पादक, भूमिका लेखक, साहित्यिक वार्ताकार, प्राध्यापक, शिक्षक, सङ्गठक, सामाजिक

राजनीतिक लगायतका व्यक्तित्व हुन भन्न सकिन्छ । त्यसोभए तापनि उनको साहित्यिक कलम भने बालसाहित्य मै तिखारिएको पाइन्छ ।

८. अच्युतशरण अर्यालको व्यक्तिवका विविध पाटाहरू मध्ये साहित्यिक व्यक्तित्व नै महत्वपूर्ण पाटो हो । उनी आफू साहित्यकार हुनुमा आफ्नो पारिवारिक वातावरण र विशेष गरी बाबुको प्रेरणा र प्रोत्साहनका साथै आफ्नो जन्मस्थलो स्याङ्जाको प्राकृतिक रमणीयताले मुख्य भूमिका खेलेको बताइन्छ ।

९. अर्यालको जीवन शैली जनसंस्कृतिको पक्षमा उभिएको देखिन्छ । अर्यालको जीवन चेतनाको स्रोत वैष्णव सम्प्रदाय एवम् साम्यवादी दर्शनसँग जोडिएको छ । यसको फलस्वरूप सामान्य मान्छेप्रति सहानुभूति राख्ने बानीको विकास भएको पाइन्छ । परम्परागत संस्कृति चेतनासँगै अर्यालले आर्जन गरेको सांस्कृतिक प्राप्ति हिन्दू दर्शन र बौद्ध दर्शनसँग सम्बन्धित देखिन्छ ।

१०. विना प्रमाण केही नमान्ने अवधारणालाई स्थापित गर्न नेपाली साहित्यमा प्रमाणवाद स्थापित गरेको देखिन्छ । प्रमाणवाद हुँदै विकसित उनको सांस्कृतिक चेतना हाल आएर आनन्दवादमा अडिएको छ ।

११. परम्परागत सास्कृतिक, अर्जित संस्कृति, आविस्कृत संस्कृति र भौतिकवादी संस्कृतिको द्वन्द्वबाट मानवीय संस्कृतिक विकासको आधार सृजना भएको रचना मार्फत गरेका छन् ।

१२. द्वन्द्वात्मक गतिशीलतालाई नाघ्न सके मानव जीवनको उद्देश्य प्राप्ति हुने र आनन्दवादी संस्कृतिको विकास हुने उनको ठम्याइ छ ।

१३. सामाजिक राजनीतिक क्षेत्रमा हुने गरेका घटनाहरूप्रति व्यङ्ग्य प्रहार गरिएको हुँदा यसमा तिव्र रूपमा सामाजिक व्यङ्ग्यको प्रयोग गरेको पाइन्छ । उनका निबन्धमा राजनीतिक, सामाजिक, व्यक्तिगत प्रतिष्ठालाई उजागार गरिएको पाइन्छ ।

१४. कवि अच्युतशरण अर्यालका कवितामा प्रसस्त मात्रामा बिम्ब र प्रतीक प्रयोग भएको पाइन्छ । कविताका शीर्षक नै प्रतीकात्मक अर्थ वाहक देखिन्छ ।

१५. आँधीखोला कवितामा प्रकृति, समाज, धर्म संस्कृति र ज्ञान विज्ञान क्षेत्रका विभिन्न बिम्ब एवम् सन्दर्भको रमणीय प्रयोगसँगै वैदिक तथा अन्य स्रोतका श्रुति र कवि स्वयम्का सारपूर्ण उक्ति, तन्द्रा विभ्रम अतिरेकीकरण, न्युनीकरण अनि स्वभावोक्ति अतिशयोक्ति, उपमा, रूपक, दृष्टान्त, आदि अर्थङ्कारको प्रयोग द्वारा देखाइएको छ ।

१६. यसरी हेर्दा कवि अर्याल कवितामा सरल सामान्य बिम्ब प्रतीकको संयोजन गरिएको भए पनि तिनमा गहन भाव लुकेको भेट्न सकिन्छ । सरलता भित्र पनि गहनता भेटिनु यस चरणका कविताको बिम्ब प्रतीक प्रयोगगत विशेषता छन् ।

## अच्युतशरण अर्यालका सम्भावित शोध शीर्षकहरू

अच्युतशरण अर्यालका बारेमा थप अध्ययन गर्न चाहने शोधार्थीले निम्न शीर्षकहरू अध्ययन गर्न सक्ने छन् ।

१. अर्यालका कविताको प्रवृतिगत अध्ययन ।

२. अर्यालका कथाको अध्यन ।

३. अर्यालका निबन्धहरमा व्यङ्ग्य चेतना ।

४. साहित्य सिद्धान्तमा अर्यालको योगदान ।

# सन्दर्भग्रन्थ सूची


अर्याल, अच्युतशरण, आँधीखोला लामोकविता, वाराणासी : नभसंगम प्रकाशन, २०३५ ।

अर्याल, अच्युतशरण, अभ्रेटाका बान्कीहरू सिर्जनात्मक सम्बन्ध, किर्तीपुर : त्रि.वि शोधपत्र, २०४१ ।

अर्याल, अच्युतशरण, बालसाहित्यको रूपरेखा, स्याङ्जा : डिल्लीप्रसाद अर्याल, २०४५ ।

अर्याल, अच्युतशरण, प्रमाणवाद सिद्धान्त सिर्जना, सुर्खेत : प्रमाणवाद समूह, २०४८ ।

अर्याल, अच्युतशरण, श्रवणकुमार बालखण्डकाव्य, वालिङ : आँधीखोला प्रकाशन, २०५४ ।

अर्याल, अच्युतशरण, आनन्दवाद : आनन्दवाद समूह, काठमाडौं, २०६४ ।

अर्याल, अच्युतशरण, पश्चिमी लोकसाहित्य, वालिङ : गंगादेवी अर्याल प्रकाशन, २०६५ ।

अर्याल, अच्युतशरण, बाललोक कथा सङ्ग्रह, वालिङ : गंगादेवी अर्याल प्रकाशन, २०६५ ।

अर्याल, अच्युतशरण, नेपाली बाललोकसाहित्य, वालिङ : गंगादेवी अर्याल प्रकाशन, २०६५ ।

अर्याल, अच्युतशरण, किशोर साहित्य, वालिङ : गंगादेवी अर्याल प्रकाशन, २०६८ ।

अर्याल, अच्युतशरण, साना सहरका कथा, वालिङ : गंगादेवी अर्याल प्रकाशन, २०६८ ।

अर्याल, अच्युतशरण, स्याङ्जाको साहित्य, वालिङ : गंगादेवी अर्याल प्रकाशन, २०६८ ।

अर्याल, अच्युतशरण, भाषा शोधपद्धति, वालिङ : गंगादेवी अर्याल प्रकाशन, २०६८ ।

अर्याल, अच्युतशरण, नेपाली शोधप्रस्ताव लेखन, वालिङ : गंगादेवी अर्याल प्रकाशन, २०६८ ।

अर्याल, अनन्तराज र प्रेमराज लुइटेल , सगुन स्याङ्जा विशेषाङ्क, वालिङ : २०६३ ।

काफ्ले, फणिन्द्रराज, स्याङ्जा साहित्य परिचय स्याङ्जा : काठमाडौं, साहित्य परिषद प्रकाशन, २०५१ ।

कोइराला, परशुराम, स्याङ्जाको साहित्यिक सन्दर्भ : स्याङ्जा

कोइराला, परशुराम, स्याङ्जाको साहित्यिक सन्दर्भ र मगराती साहित्य : स्याङ्जा

गिरी, जीवेन्द्रदेव, नेपाली बालबालिकाको बालसाहित्यमा योगदान, काठमाडौंः विवेक सिर्जनशील प्रकाशन, २०६१ ।

ढकाल, घनश्याम, यथार्थवादी नेपाली समालोचना, पोखरा : गण्डकी साहित्य सङ्गम, २०६२ ।

प्रधान, प्रमोद, नेपाली बालसाहित्यको इतिहास : बगर फाउण्डेशन नेपाल, २०५७ ।

प्रभात, विष्णु, अर्याल वंशीय विद्वत परम्परा : काठमाडौं, अर्याल समाज सेवा प्रकाशन, २०६० ।

प्रसाई, नरेन्द्रराज, नेपाली साहित्यका समालोचक र समालोचना : काठमाडौं

पोखरेल, सुरेन्द्रकुमार, नेपाली साहित्यमा सुर्खेत जिल्लाको योगदान : काठमाडौं, २०५२ ।

वनबासी, देवीप्रसाद, छुनुमुनु कथा सङ्ग्रह, काठमाडौं : मार्टीन चौतारी प्रकाशन, २०५७ ।

वनबासी, देवीप्रसाद, स्याङ्जाका श्रृजनात्मक निबन्धहरू : वालिङ स्याङ्जा, मोती स्याङ्जा प्रतिष्ठान प्रकाशन ।

भट्टराई घट्टराज, नेपाली लेखक कोश, काठमाडौं, २०५८ ।

भट्टराइ, गोविन्दराज, हिमाल साहित्य : काठमाडौं, २०६२ ।

मिलन, समीर, स्याङ्जाली साहित्यको विगत वर्तमान र भविष्य : स्याङ्जा, गण्डकी साहित्य सङ्गम, २०६२ ।

रानाभाट, पदमवहादुर, नेपाली निबन्ध परम्परामा स्याङ्जा जिल्लाको योगदानः शोधपत्र, २०६४

लम्साल, रामचन्द्र, नेपाली भाषा र व्याकरण, कीर्तिपुर : सनलाइट प्रकाशन, २०६२ ।

लुईटेल, खगेन्द्रराज र मोहनराज शर्मा, शोधविधि : कीर्तिपुर काठमाडौं ।

सुवेदी, राजेन्द्र, नेपाली समालोचना परम्परा र प्रवृति : काठमाडौं, २०६१ ।

सुभेक्षुक, रमेश, सगुन स्याङ्जा विशेषाङक, वालिङ : २०५६ ।

शर्मा, सुकुम, नेपाली भाषा साहित्यमा आन्दोलन : काठमाडौं, २०४६ ।

साहित्य प्रतिष्ठान भेषजराज, भेषजराज शर्माका कथाहरू : वालिङ् , २०६३ ।

रेग्मी, लक्ष्मीप्रसाद, आँधीखोला साप्ताहिक, वालिङ : २०५६ ।